


नेपाल समाचारपत्र
नेपाली मनको नेपाली पत्रिका
NEPAL SAMACHARPATRA

नेपाल समाचारपत्र दैनिक, कामना, साधनाका ग्राहक बन्नु परेमा, पत्रिका समयमा नआएमा, कुनै गुनासो भएमा सम्पर्क गर्नुहोला।

कामना न्यूज पब्लिकेसन्स्
कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं
सम्पर्क : ०१-४२६११७९
एक्सटेन्सन: ११३ (९ बजेदेखि ६ बजेसम्म)

आइतबार भदौ ३, २०७५ | Sunday, August 19, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व ९ | वर्ष २४, अंक २२१ | पृष्ठ १२ | मूल्य रु १०/–

२ { ई. रामकुमार ठाकुरसँगको अन्तर्वार्ता
५ { 'उच्च मनोबलले क्यान्सरलाई जित्न सकिन्छ'
८ { इमरान खानद्वारा प्रधानमन्त्रीको शपथ
१० { कर विवाद र यथार्थता




# राजपा न सत्तापक्ष न प्रतिपक्ष

गंगा बराल, काठमाडौं

राष्ट्रिय जनता पार्टी (राजपा)ले सरकारलाई समर्थन गरे पनि उसको भूमिका न सत्तापक्ष न प्रतिपक्षको अवस्थामा देखिएको छ।

सरकारलाई समर्थन गरे पनि आफूहरूले राखेका माग पूरा नभएको भन्दै राजपाले सरकारको गतिविधि हेरेर मात्र बसिरहेको छ। राजपाका संसदीय दलका नेता महन्थ ठाकुरले संविधान संशोधन हुनुपर्ने, आफ्ना नेता तथा कार्यकर्तालाई लगाइएको झूटा मुद्दा फिर्ता गर्नेतर्फ सरकारले चासो नदेखाएको आरोप लगाउनुभयो।

'सरकारले के गरेको छ हेरिरहेका छौं, पहिलो कुरा हामीले उठाएका न्यूनतम सर्त पूरा गर्नुपर्ने हुन्छ', ठाकुरले भन्नुभयो- 'निर्वाचनमा उठेर चुनाव जित्न मिल्ने, शपथ खुवाउन नमिल्ने कानुन के खालको हो बुझ्न सकिएन।' संसद्मा कहिलेकाहीं केही सांसदले बाहेक सरकारको आलोचना पनि गरेका छैनन्। कैलाली-१ बाट प्रतिनिधिसभामा निर्वाचित रेशमलाल चौधरीले शपथ खानुभएको छैन। टीकापुर घटनाको आरोपित भन्दै उहाँलाई शपथ गराइएको छैन।

राजपाका वरिष्ठ उपाध्यक्ष तथा राष्ट्रियसभाका सांसद वृजेशचन्द्र लालले टीकापुर घटनामा चौधरीको कुनै दोष नरहेको दाबी गर्नुभयो। 'उहाँमाथि लगाइएको मुद्दा झूटा हो त्यो घटनामा उहाँको कुनै संलग्नता छैन', उहाँले भन्नुभयो- 'सरकारले अहिले राम्रो भूमिका खेल्न सकेको छैन, विभिन्न घटनाको प्रतिवेदन सरकारले तयार पार्न सकेको छैन। त्यसैले पनि अलमल छ।'

उहाँले सरकारले बिनाकारण लगाएको झूटा मुद्दा फिर्ता लिनुपर्ने दायित्व सरकारको भएको बताउनुभयो। उहाँले आफूहरूका माग पूरा भएको खण्डमा सरकारमा सहभागिताको विषयमा पछि फेरि छलफल गर्न सकिने पनि जनाउनुभयो। संवैधानिक व्यवस्थाअनुसार अहिले प्रधानमन्त्रीसहित २५ मन्त्री रहेको सरकार छ। केन्द्रमा २५ भन्दा बढी मन्त्री रहने कल्पना संविधानले गरेको छैन।

'हामीले प्रधानमन्त्रीका रूपमा मतदान मात्र गरेका हौं, अन्य त्यस्तो कुनै सम्झौता छैन।' -लालले भन्नुभयो। राजपाले सरकारमा सहभागी हुन मन गरे पनि तत्कालका लागि मन्त्रालय छैन। कि सत्तारूढ दलले आफ्ना भागमा परेका केही मन्त्रालय दिनुपर्छ कि संविधान संशोधन नै गरेर मन्त्रालयको संख्या थप्नुपर्छ। उपेन्द्र यादव नेतृत्वको संघीय समाजवादी फोरम नेपालले लामो समयसम्म छलफल गरेपछि सरकारमा सहभागिता जनाएको थियो।

(क्रमशः पृष्ठ ९)

## खानलाई ओलीको बधाई

काठमाडौं, (नेस)

नवनियुक्त पाकिस्तानी समकक्षी इमरान अहमद खानलाई प्रधानमन्त्री केपी शर्मा ओलीले बधाई तथा शुभकामना दिनुभएको छ।

आफ्नो सन्देशमा ओलीले नेपाल र पाकिस्तानबीचको मैत्रीपूर्ण सम्बन्धको स्मरण गर्दै खानको आगामी कार्यकालको सफलताको कामना व्यक्त गर्नुभएको छ।

सन्देशमा भनिएको छ- 'पाकिस्तानी जनताको विश्वासले तपाईं नेतृत्वमा आउनुभएको छ, कार्यकालको सफलताको कामना गर्न चाहन्छु।'

## कहिले बस्ला संवैधानिक इजलास ?

प्रशान्त वली, काठमाडौं


संवैधानिक इजलास दुई हप्तादेखि बसेको छैन। सर्वोच्चका कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशी बिदामा बस्नुभएका कारण इजलास नबसेको जानकारी दिँदै सर्वोच्च अदालतका सह-प्रवक्ता नगेन्द्र कालाखेतीले *नेपाल समाचारपत्र*सँग भन्नुभयो- 'इजलास नियमित बसिरहेकै छ। जोशी श्रीमान् बिदामा बसेकाले बिदा बसेको दिनपछि संवैधानिक इजलास नबसेको हो।'

सर्वोच्चका अनुसार गत असारसम्म संवैधानिक इजलासमा १ सय ९९ वटा मुद्दा दर्ता भएका छन्। संवैधानिक मुद्दा मामिला हेर्न सर्वोच्च अदालतमा संवैधानिक इजलास गठन भएको हो। प्रधानन्यायाधीश नियुक्ति प्रकरणकै कारण बैठक बस्ने विषयमा अन्योल देखिएको छ।

संविधानको धारा १३७ बमोजिम गठन भएको संवैधानिक इजलासमा प्रधानन्यायाधीशसहित सर्वोच्च अदालतका अन्य ४ जना वरिष्ठ न्यायाधीश रहने गरी ५ सदस्यीय रहने व्यवस्था छ। हाल संवैधानिक इजलासको नेतृत्व कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीले गरिरहनुभएको छ। जोशी भोलि सोमबारसम्मका लागि बिदामा बस्नुभएको छ। जोशी बिदामा बसेपछि कायममुकायम प्रधानन्यायधीशको जिम्मेवारीमा वरिष्ठ न्यायाधीश ओमप्रकाश मिश्र रहनुभएको छ। मिश्र कामयमुकायम रहे पनि संवैधानिक परिषद्को बैठक बस्न नसक्दा अझै प्रधानन्यायाधीशमा सिफारिस हुनुभएको छैन। संसदीय सुनुवाइ समितिले मिश्रको नाम अनुमोदन गरेपछि मात्रै राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

(क्रमशः पृष्ठ ९)

## अन्नानको निधन



जेनेभा, (एजेन्सी)

विश्वका चर्चित कूटनीतिज्ञ तथा संयुक्त राष्ट्रसंघका पूर्वमहासचिव कोफी अन्नानको ८० वर्षको उमेरमा निधन भएको छ। राष्ट्रसंघका लागि उनी पहिलो काला अफ्रिकी महासचिव पनि थिए। स्विजरल्यान्डस्थित उनको संस्थाले एक अज्ञात रोगका कारण उनको मृत्यु भएको शनिबार ट्विटमार्फत जानकारी दिएको हो।

(क्रमशः पृष्ठ ९)

## आयल निगम मासिक ५० करोड घाटामा

दीपेन्द्र थापा, काठमाडौं

नेपाल आयल निगमको घाटा बढेर १५ दिनमा २५ करोड रुपियाँ पुगेको छ। भारतीय आयल कर्पोरेसन (आईओसी)ले पेट्रोलियम पदार्थको मूल्य बढाएर अगस्ट १ र १६ मा पठाएको मूल्य सूचीअनुसार निगमलाई १५ दिनमा २५ करोड रुपियाँ घाटा हुने देखिएको हो। मासिक भने निगमलाई ५० करोड रुपियाँ घाटा हुने देखिएको छ।

गत ३० असारमा आईओसीले पठाएको मूल्य सूचीमा पनि निगमको घाटा २५ करोड रुपियाँ नै थियो। नयाँ मूल्यसूची आईओसीबाट निगमले प्राप्त गरेको भए पनि निगमले ग्यास, पेट्रोल, डिजेल मट्टीतेल र हवाई इन्धनमा साविककै मूल्य राखेकाले निगमको घाटा बढेर गएको हो।

अर्कातर्फ भने अमेरिकी डलर बलियो हुँदै जानुले पनि निगमको घाटामा वृद्धि गर्न मद्दत पुगेको छ। डलरको विनिमयदरमा वृद्धि हुँदा निगमले अन्तर्राष्ट्रिय डलरको मूल्यअनुसार निगमले आईओसीलाई भुक्तानी गर्नुपर्ने हुँदा निगमलाई थप नोक्सान थपिएको निगमका निमित्त प्रमुख सुशील भट्टराईले बताउनुभयो।

> अमेरिकी डलर बलियो हुँदै जानुले पनि निगमको घाटामा वृद्धि हुन मद्दत पुगेको छ।

गत जुनमा १ सय ८ रुपियाँ रहेको डलर लगातार उक्कालो चढ्ने क्रममा हाल १ सय १२ रुपियाँ विनिमय दर रहेको छ। जुनयता ४ रुपियाँ डलर बढेपछि निगमको ६० करोड रुपियाँ थप दायित्व बढेको निमित्त प्रमुख भट्टराईको भनाइ छ। अन्तर्राष्ट्रिय बजारमा ०७१ देखि ०७३कै आसपासमा प्रतिब्यारेल क्रुड आयलको मूल्य रहेको भए पनि अमेरिकन डलरको कारणले निगमको घाटा चुलिँदै गएको निगमको भनाइ रहेको छ।

निगमले अन्तर्राष्ट्रिय बजार मूल्यअनुसार मूल्य समायोजन गँदै आए पनि अमेरिकी डलरसँग भारतीय र नेपाली मुद्रा कमजोर हुँदा निगमको घाटामा थप भएको हो।


यसले गर्दा नेपाली सामान निर्यात गर्दा र विप्रेषण भित्रिँदा भने नेपाललाई टेवा पुग्नेछ, तर नेपाली बजार आयतमुखी भएसँगै डलरको विनिमयदरमा वृद्धिको कारण नेपालको व्यापार घाटा थप चुलिएको अवस्था छ। भारतबाटै नेपालमा पेट्रोलियम पदार्थको आपूर्ति भइरहेको अवस्था छ। तेस्रो देशबाट पेट्रोलियम पदार्थ आयात गर्ने भएपछि सरकारले अपेक्षित बाटो तय गरिसकेको अवस्था छैन। यता डलरसँग भारतीय मुद्रा भने कमजोर अवस्थामा रहेको छ।

निगमले जारी गरेको विज्ञप्तिमा जम्मा कारोबारको ८० प्रतिशत हिस्सा ओगटेको डिजेलमा प्रतिलिटर २ रुपियाँ ३६ पैसा र एलपी ग्यासमा प्रतिसिलिन्डर २ सय ८० रुपियाँ ६४ पैसा घाटा रहेकोमा हवाई इन्धनबाट हुने केही मुनाफाले घाटा कम गर्न सहयोग पुगेको जनाएको छ। आईओसीको नयाँ मूल्यअनुसार डिजेल र एलपी ग्यासमा मात्रै १५ दिनमा झन्डै ५० करोड घाटा निगमले जनाएको छ। अन्तर्राष्ट्रिय बजारमा भएको मूल्यको परिवर्तनमा निगमले मूल्य समायोजन गर्न सकेमा केही हदसम्म भए पनि निगमको घाटामा राहत पुग्ने देखिएको छ।

भारतमा भन्दा नेपालमा पेट्रोलियम पदार्थ सस्तो हुँदा सीमाक्षेत्रमा भारततर्फ नै पैठारी बढेकाले निगमलाई व्यवस्थापनका लागि थप चुनौती रहेको छ। हाल वीरगन्ज-रक्सौल नाकामा पेट्रोल प्रतिलिटर २४ दशमलव ९७ र डिजेल २७ दशमलव ३३ पैसा सस्तो रहेको छ।



**विरोध** : बलात्कारीलाई कडा सजाय हुनुपर्ने माग गर्दै माइतीघर मण्डलामा महिलाहरूले अर्धनग्न प्रदर्शन गरेका छन्। केही प्रदर्शनकारीलाई प्रहरीले पक्राउ गरी अनामनगरस्थित प्रहरी कार्यालयको हिरासतमा राखेको छ। तस्वीर : अनिल आङदेम्बे/काठमाडौं




GOENKA GOLD
TMT BAR
अधिकतम कारखाना द्वार-मूल्य
Max. Ex-factory rates
(लागु मितिः २०७५ श्रावण १३/July 29, 2018 देखि)

| साईज (Dmm) | कारखाना द्वार मूल्य रु./कि.ग्रा. |
| --- | --- |
| १०/१२/१६/२० | ८१.०० |
| ८/२५/२८/३२ | ८४.०० |
| कारी ४.७५/७ | ८३.०० |

उपरोक्त मूल्यमा रु १/- प्रति के.जी. अन्तःशुल्क र १३% मू.अ.कर लाग्नेछ।
गोयनका स्टील्स प्रा. लि.

## महानगर

भ्रष्टाचारविरूद्धको आन्दोलनमा सहभागी हुनका लागि सहयोग गर्छौं। यो त स्वत:स्फूर्तरूपमा मानिसएकठाउँमा उभिएर भ्रष्टाचार न्यूनीकरणका लागि आवाज उठाउन पहल गर्ने 'प्लेटफर्म' हो।

# 'भ्रष्टाचार न्यूनीकरणका लागि नागरिक आयोगको गठन आवश्यक छ'



ई. रामकुमार ठाकुर
अध्यक्ष, भ्रष्टाचारविरूद्ध नेपालका अध्यक्ष

ट्रान्सपरेन्सी इन्टरनेसनलका अनुसार नेपाल बढी भ्रष्टाचार हुने मुलुकको सूचीमा १ सय २२औं स्थानमा छ। तर भ्रष्टाचार भएका अपवादबाहेकका घटना बाहिर आउन सकेका छैनन्। भ्रष्टाचार न्यूनीकरणका लागि भन्दै विभिन्न सरकारी, गैरसरकारी संघसंस्था, राजनीतिक दल तथा मानवअधिकारवादी संगठनले विभिन्न अभियान नै चलाएर काम गरिरहेका भए पनि त्यसको प्रभाव भने न्यून देखिन्छ। विभिन्न मुलुकमा आम नागरिकले नै स्वत:स्फुर्तरूपमा भ्रष्टाचारविरोधी अभियान चलाएर सफल भएका उदाहरण छन्। तर, नेपालमा यस्ता अभियान एकदमै कम मात्र सञ्चालन भएको र सफलता प्राप्ति शून्यबराबर रहेको दृष्टान्त हामीसँग छ। यसै सन्दर्भमा भ्रष्टाचारविरूद्ध नागरिक अभियान सञ्चालनका लागि भन्दै स्थापना भएको संस्था 'भ्रष्टाचारविरूद्ध नेपाल' का अध्यक्ष इन्जिनियर रामकुमार ठाकुरसँग नेपाल समाचारपत्रका लागि **हेमन्त जोशी**ले गरेको कुराकानी :

**तपाईं पेसाले इन्जिनियर र बीमा सर्भेयरका रूपमा काम गरिरहनुभएको मान्छे भ्रष्टाचारविरुद्धको अभियानमा कसरी लाग्नुभयो ?**

मैले सन् १९९१ मा रिजनल इन्जिनियरिङ कलेज (आरईसी), बंगालबाट इन्जिनियरिङमा स्नातक गरेको हुँ। त्यसपछि मैले नेपालमा आएर एउटा मेन्टल कन्सल्टेन्सीमा काम गर्न शुरू गरें। त्यसको एक दशकपछि मैले बीमा सर्भेयरका रूपमा काम गर्न थालेको हुँ। अहिले पनि त्यही काम गरिरहेको छु। भ्रष्टाचारविरुद्धको अभियानमा भने म पछिल्लो ३ वर्षयता मात्रै लागेको हुँ। ३ वर्षअगाडि भ्रष्टाचारविरुद्ध नेपालको एउटा सेमिनार भएको थियो।

भ्रष्टाचारविरुद्ध अभियान चलाइरहेका विभिन्न संघसंस्था तथा व्यक्ति सहभागी उक्त कार्यक्रममा म पनि वक्ताको रूपमा थिएँ। मैले त्यस सेमिनारमा १३ मिनेट बोलेको थिएँ। त्यसपछि सोही सेमिनारबाट नै मलाई 'भ्रष्टाचारविरुद्ध नेपाल' को संयोजक मनोनयन गरियो। त्यसपछि हामीले यसलाई एक अभियानकैरूपमा शुरू गर्‍यौं। अभियानमा ठूलो जमात सहभागी हुन थाल्यो भने हामीले मुलुकमा भइरहेको भ्रष्टाचारको तथ्यांक पनि संकलन गर्न थाल्यौं।

यसरी हामीले संकलन गरेको तथ्यांक विश्लेषण गर्दा राजनीतिक क्षेत्रमा ७४ प्रतिशत, निजामती कर्मचारी क्षेत्रमा ६९ प्रतिशत, प्रहरी प्रशासनमा ५६ प्रतिशत र न्यायालयमा पनि ५६ प्रतिशत भ्रष्टाचार रहेको आकडा फेला पार्‍यौं। यसरी सबै क्षेत्रमा ठूलो भ्रष्टाचार भइरहेको तथ्यांक भेटाएपछि यसका विरुद्ध नागरिक अभियान चलाउनु आवश्यक छ भन्ने सोचेर हामीले भ्रष्टाचारविरुद्ध नेपालमार्फत अभियान चलाउन शुरू गर्‍यौं। जो रक्षक छ त्यो नै भक्षक भएपछि भ्रष्टाचारविरुद्ध नागरिक आफैं लाग्नुपर्छ भनेर हामी यो अभियान चलाइरहेका छौं।

**भ्रष्टाचार न्यूनीकरणका लागि भन्दै विभिन्न संघसंस्था खुलेका छन्। समय-समयमा अभियान पनि चलाइरहेका छन्। तपाईं पनि भ्रष्टाचार विरुद्धको अभियानका लागि भन्दै संस्था खोलेर बसिरहनुभएको छ। तर, खास उपलब्धि त हासिल गर्न सकिएको छैन नि होइन?**

विभिन्न कालखण्डमा भएका राजनीतिक आन्दोलन तथा सत्ता फेरबदलबाट माथिल्लो दर्जाका व्यक्तिको मात्र जीवनशैली फेरिएको छ। तल्लो दर्जाका र आर्थिक सामाजिकरूपमा पछि परेका व्यक्ति अझै पिल्सिरहेका छन्। यसरी शोषक र शोषित वर्गबीचको खाडल अन्त्य गर्नका लागि सबै शोषित वर्ग एक ठाउँमा आउनैपर्छ भनेर भ्रष्टाचारविरुद्ध नेपाल संस्था अगाडि आएको हो। भोका नांगा व्यक्तिको मत पाएर निर्वाचित हुनेहरू पछि गएर उनीहरूलाई नै थप शोषण गर्ने र अधिकारको दुरूपयोग गरी अर्बौं रुपियाँबराबरको भ्रष्टाचारमा डुबिरहेका छन्। प्रजातन्त्रको अर्थ त समानता पनि हो। तर जसरी माथिल्लो वर्ग र तल्लो वर्गबीचको असमानता छ, त्यसलाई हटाउन हामी प्रयासरत छौं। त्यसका लागि हामी चाहन्छौं कि जनता एउटै कित्तामा उभिनुपर्छ। अहिले ५ प्रतिशत मानिसले संविधान र कानुनलाई आफ्नो फाइदाको प्रयोग गरिरहेका छन् भने बाँकी ९५ प्रतिशत मानिस आफ्नो पेट पाल्न, शरीर ढाक्न र एक सुदृढ घर बनाउनका लागि तिनै ५ प्रतिशतको दास बनिरहेका छन्।

**त्यसो भए तपाईंको विचारमा भ्रष्टाचारको न्यूनीकरण कसरी गर्न सकिन्छ ? र त्यसको उपाय के हो ?**

हामीले बारम्बार भन्दै आएको कुरा के हो भने भ्रष्टाचार न्यूनीकरणका लागि एउटा नागरिक आयोग बनाइनु आवश्यक छ। नागरिक आयोग स्थापना गर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोग, सतर्कता केन्द्रलगायत अन्य भ्रष्टाचार न्यूनीकरणका लागि काम गरिरहेका संघसंस्था एकै ठाउँमा जोडेर नागरिक आयोग बनाइनुपर्छ भन्ने हाम्रो बुझाइ हो। त्यस्तो आयोग गठनका लागि पनि हामीले केही मुख्य प्रावधान हुनुपर्छ भनेका छौं। नागरिक आयोगका मुख्य आयुक्त, आयुक्त तथा अनुसन्धान अधिकृतको नियुक्ति गर्दा न्यायिक क्षेत्रसम्बद्ध सर्वोच्च अदालतका स्वच्छ छवि भएका, विवादमा नपरेका तथा कुनै पनि राजनीतिक दलसँग आवद्धता नभएका अवकाशप्राप्त प्रधानन्यायाधीश वा वरिष्ठ न्यायाधीशबाट प्रतिशत र कानुनले दोषी नठहरिका तथा कुनै राजनीतिक दलसँग आवद्ध नभएका स्वतन्त्र नेपाली नागरिकबाट ५० प्रतिशत नियुक्त हुनुपर्छ भनेका छौं।

त्यस्तो आयोगलाई पूर्णरूपमा सरकार, राजनीतिक पार्टी र नेताको हस्तक्षेपबाट शतप्रतिशत स्वतन्त्र राख्ने व्यवस्था ऐनमा हुनुपर्छ। अहिले अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र र त्यस्तै प्रकृतिका आयोग तथा संस्था राजनीतिक हस्तक्षेपबाट गुज्रिरहेका छन्। राजनीतिक नियुक्तिबाट माथि आएका व्यक्तिले कसरी स्वतन्त्ररूपमा काम गर्न सक्छन् ? यस्तो अवस्थाको विरोधका लागि पनि हामीले नागरिक आयोगको अवधारणा ल्याएका हौं।

नागरिक आयोगका विषयमा म एक जनाले बोलेर मात्र हुँदैन। हरेक एक शिक्षित व्यक्तिले आफू भ्रष्टाचारबाट शोषित भएको कुरा बुझ्नु जरुरी छ। हामीलाई भ्रष्टाचारीले शासन गरिरहेका छन् भनेर नागरिक सचेत नभएसम्म हाम्रो अभियान पनि सफल हुँदैन। पहिले भ्रष्टाचार दरबारमा केन्द्रित थियो अहिले हर एक प्रशासनिक तथा सांगठनिक क्षेत्रमा भ्रष्टाचार फैलिएको छ। राज्यका तीनवटै अंग भ्रष्टाचारमा डुबेका छन्। विकासका नाममा आर्थिक वर्षको अन्त्यमा आधा बजेट सकाइन्छ। के त्यो भ्रष्टाचार होइन ? अर्बौं रुपियाँबराबरको सरकारको बेरुजु आउँछ। गतवर्षभन्दा यसवर्ष ३६ प्रतिशत बेरुजु बढेको छ। के यो भ्रष्टाचार होइन ?

**विभिन्न मुलुकमा भ्रष्टाचारविरोधी अभियान चलाएर सफल पनि भएका छन्। केही वर्षअघि छिमेकी मुलुक भारतमै पनि नागरिकले यस्तो अभियान चलाएर दर्जनौं उच्च पदस्थ कर्मचारी तथा राजनीतिज्ञ जेल पठाइएका छन्। तर नेपालको हकमा भ्रष्टाचारविरुद्धका आन्दोलन त्यति सफल हुन सकेको देखिँदैन नि ?**

नेपालमा भ्रष्टाचारविरोधी अभियान चल्दै नचलेका होइनन्। तर, त्यसको प्रभावकारिता कम देखिएको हो। सीमित संख्यामा रहेका व्यक्तिले मात्र आवाज उठाइरहेका छन् भने त्यसको प्रभावकारिता पनि कम देखिएको छ। प्रभावकारिताका लागि ठूलो संख्यामा आम नागरिक सडकमा आउनुपर्छ। भ्रष्टाचारकै विरुद्ध ठूलो जनमानस एकैपटक सडकमा आउँदा भ्रष्टाचार कसैले गर्नै सक्दैनन्। भ्रष्टाचारको समस्या सुल्झाउने तपाईं हामीले हो। हर एक सचेत नेपाली नागरिकले हो। सबै भ्रष्टाचारी त नहोलान्। ठूलो जमात इमानदार पनि त छ नि। हो, तिनै इमानदार व्यक्तिले भ्रष्टाचारविरुद्ध आवाज उठाउँछन्।

> हरेक एक शिक्षित व्यक्तिले आफू भ्रष्टाचारबाट शोषित भएको कुरा बुझ्नु जरुरी छ। हामीलाई भ्रष्टाचारीले शासन गरिरहेका छन् भनेर नागरिक सचेत नभएसम्म हाम्रो अभियान पनि सफल हुँदैन।

**तर, राजनीतिक दलले त भ्रष्टाचार अन्त्य गर्ने भनेर घोषणापत्रमै यस्तो कुरा उल्लेख गरेका छन्। बेलाबखत उनीहरुले नै भ्रष्टाचारविरोधी अभियान नै चलाउँछन्। यो विषयलाई तपाईं कसरी विश्लेषण गर्नुहुन्छ।**

यसमा म आफ्नै उदाहरण दिन चाहन्छु। म पेसाले इन्जिनियर हुँ। घरको नक्सा बनाउँदा मैले एक इन्च मात्रै तलमाथि गरे भने मलाई घरधनीले माफ गर्दैनन्। राजनीतिक पार्टीले पनि कसरी देशलाई विकास गर्ने भनेर घोषणापत्रमार्फत डिजाइन दिएको न हो। तर ९९ प्रतिशत त्यो डिजाइन बेगर काम हुन्छ। अब उनीहरूले आफ्नो आधारभन्दा ९९ प्रतिशत बाहिर बसेर काम गर्दा पनि हामी जनता किन चुप बस्ने ? उनीहरूलाई हामीले किन माफ गर्ने ? एउटा डाक्टरले सामान्य बिरामीलाई उपचारको जिम्मेवारी लिएर तलमाथि गर्छ भने हामी त्यो डाक्टरलाई माफ गर्दैनौं। तर समग्र मुलुककै जिम्मेवारी लिएर खर्बौं रुपियाँबराबरको भ्रष्टाचार गरेर मुलुकलाई कंगाल बनाउने राजनीतिज्ञविरुद्ध अझै किन बोलिरहेका छैनौं ?

**यो विषयमा त केही व्यक्ति र केही सीमित व्यक्ति वा संघसंस्थाले आवाज उठाएर कसैलाई भ्रष्टाचारी भन्नुभन्दा न्यायालयले नै भ्रष्टाचार भए नभएको आधार स्पष्ट गर्ने र सोहीबमोजिम कारबाही गर्ने होइन र ?**

मैलेअघि नै भनिसके राज्यका सबै अंगमा भ्रष्टाचार व्याप्त छ। एउटा प्रधान न्यायाधीश वा न्यायाधीशले खर्बौं रुपियाँबराबरको कर मिनाहा गर्ने फैसला गर्छ। जबकि एक सामान्य नागरिकलाई आफू बाँच्न तथा आधारभूत आवश्यकता पुरा गर्नका लागि १०/१५ हजार रुपियाँ कमाउँदा पनि राज्यले कर तिराउँछ। पूँजीपतिलाई कर मिनाहा गर्ने तर सर्वसाधारणलाई एक पैसा पनि तलमाथि गर्न नदिने न्यायालय भ्रष्टाचारी हो कि होइन ?

यसअर्थमा माथिल्लो तहबाट हामीले भ्रष्टाचार न्यूनीकरणको अपेक्षा राख्ने नभई आम नागरिकले नै आवाज उठाएर उनीहरूविरुद्ध खबरदारी गर्नुपर्छ। तपाईंविरुद्ध तपाईं उठ्ने हो। म उठ्ने हो र हर एक व्यक्ति उठ्ने हो। भ्रष्टाचारको आधार प्रमाणित गर्ने न्यायालयले हो। न्यायालय नै भ्रष्ट भए न्यायको अपेक्षा कसरी गर्ने ? तसर्थ, जनता एक ठाउँमा आएर भ्रष्टाचारविरुद्ध खबरदारी गर्नेबाहेक अन्य कुनै विकल्प छैन।

कुनै भौतिक र मानवीय क्षतिबिना ठूलो जनमानस एक ठाउँमा जम्मा मात्र हुने हो भने पनि भ्रष्टाचारीको सातोपुत्लो उड्छ। भ्रष्टलाई मनोवैज्ञानिक प्रभाव पर्छ। केही दिनअघि सामाजिक सञ्जालमा भेनेजुयलाका एक जना नेताले भ्रष्टाचार गरेको भन्दै सर्वसाधारणले फोहोरको कन्टेनरमा हालेर शहर घुमाएको भिडियो भाइरल भयो। नेपालमा भ्रष्टाचारी खुलेआम हिँडिरहेका छन्। तिनीहरूविरुद्ध नागरिक आवाज किन नउठाउने ?

**तर कुनै व्यक्तिलाई न्यायालयले भ्रष्टाचार गरेको भन्ने प्रमाणित नगरेसम्म त कुनै पनि व्यक्तिलाई हामीले भ्रष्ट भन्न मिल्दैन नि होइन ?**

तपाईं हामीले बुझ्नुपर्ने कुरा के हो भने तीनवटै तह उच्च भ्रष्टाचारमा फसेका छन् र उनीहरूले आफ्नैविरुद्ध आफैं सबुत प्रमाण दिँदैनन्। जस्तो कि राणाशासन तथा पञ्चायत कालमा उनीहरूले आफ्नोविरुद्ध कुनै-कुनै नराम्रा कुराको प्रमाण हामीलाई दिएका थिए र ? जबकि उनीहरूले नराम्रो त गरेका थिए नि। हो त्यस्तै, भ्रष्ट व्यक्तिले आफ्नैविरुद्ध कुनै सूचना वा प्रमाण दिँदैनन्। त्यसका लागि पूरै राज्य संरचना परिवर्तन गर्नुपर्‍यो। नागरिक आयोगको माध्यामबाट अहिलेको 'सिस्टम' परिवर्तन गर्न सम्भव छ। त्यसका लागि हामी तयार हुनु पर्‍यो।

अर्को कुरा के भने हाम्रो घरभित्र छिरेर कुनै व्यक्तिले उपद्रो मच्चाउन थाल्यो भने त्यो व्यक्ति जतिसुकै शक्तिशाली भए पनि हामी ऐन, नियम, कानुनका दफा, उपदफा भनेर चुप लाग्दैनौं ताकि हामी आफैं सजाय दिन्छौं। भ्रष्टाचारीलाई पनि कानुनी प्रक्रिया, मानवअधिकारजस्ता विषय उठाएर थप हौसला दिने कि, आम मानिसको बीचमा तत्काल कारबाही गर्ने ? यो गम्भीर विषय हो। प्रजातन्त्र भनेको पनि जहाँ नागरिक शक्तिशाली हुन्छन् त्यही होइन ? अहिले त भ्रष्टाचार शक्तिशाली छ। विस्तारै त्यो शक्ति नागरिकमा स्थानान्तरण हुन्छ।

**ठूलो जनमानसलाई अभियानमा सहभागी गराउन पक्कै पनि चुनौतीपूर्ण छ। त्यसका लागि थोरै संख्यामा भए पनि आर्थिक पक्षको व्यवस्थापन, नेतृत्व लिने व्यक्ति तथा संस्थाको अग्रसरता र सचेतनाका कार्यक्रम आवश्यक छ। अभियानको त्यो पाटोलाई कसरी लिनुहुन्छ ?**

भ्रष्टाचारविरुद्धको अभियानमा हामी आम मानिसको स्वत:स्फूर्त सहभागितामा विश्वास गर्छौं। हामी न कसैबाट कुनै आर्थिक सहयोग लिन्छौं, न त भ्रष्टाचारविरुद्धको आन्दोलनमा सहभागी हुनका लागि सहयोग गर्छौं। यो त स्वत:स्फूर्तरूपमा मानिसएकठाउँमा उभिएर भ्रष्टाचार न्यूनीकरणका लागि आवाज उठाउन पहल गर्ने 'प्लेटफर्म' हो। हामीले विभिन्न जिल्लामा भ्रष्टाचारविरुद्ध समिति बनाएर नागरिक सचेतनाका काम गरिरहेका छौं। त्यसमा न कसैले आर्थिक सहयोग लिन्छ, न कसैलाई दिइन्छ। यो अभियान हरेक शिक्षित र इमानदार नेपालीले स्वत:स्फूर्तरूपमा खराब प्रवृत्तिविरुद्ध उठाएको आवाज हो।

ढिलोचाँडो यो अभियान सफल हुने र मुलुकमा असल संस्कृतिको विकास हुनेमा हामी आशावादी छौं। हामी कसैलाई कुनै शुल्क तिरेर भ्रष्टाचारविरुद्ध नेपालको अभियानमा सरिक हुनुहोस् भनेर भन्दैनौं। तर राजनीतिक दलले पैसा तिरेर मानिस सडकमा उतारेपछि उनीहरूको माग सुनुवाइ हुन्छ। यो नै हाम्रो बिडम्बना र तीतो सत्य हो। रूख रोपेर एकैचोटी फल लाग्दैन।

त्यसका लागि केही समय पक्कै पनि कुर्नुपर्छ। कुनै समय नागरिक स्वत:स्फूर्त अभियानका लागि सडकमा आउँछन् र त्यसका लागि नेतृत्व र वैचारिकरूपमा सहयोगका लागि हाम्रो संस्थाले काम गर्छ।



## घुमघाम

अभिनेता रबि शर्मा 'घाटे' मुम्बईको एक होटलमा।

PAGE 3

## बर्थडे केक

हास्य अभिनेता जितु नेपाल 'मुन्द्रे' पत्नीको जन्मदिन मनाउँदै।



# ओस्कारमा ओपन हाउस



ओस्कार कलेज अफ फिल्म स्टडिजले ओपन हाउस इभेन्ट गरेको छ। त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिई ब्याचलर लेभलको कोर्स पढाउँदै आएको कलेजले ओपन हाउसअन्तर्गत शनिबार आगन्तुकलाई फिल्म निर्माणको शुरुआतदेखि पछिल्लो समयको प्रविधि भीएफएक्सका बारेमा समेत जानकारी गराएको छ।

ओपन हाउस इभेन्टमा कलेजका विद्यार्थी, अभिभावक तथा सर्वसाधारणले सहभागिता जनाएका थिए।

कलेजका एकेडेमिक निर्देशक मनोजबाबु पन्तले ओपन हाउसमा फिल्म निर्माण प्रक्रियाको सम्पूर्ण जानकारी राखिएको बताए। 'क्यामरा आविष्कारका लागि प्रेरित गर्ने क्यामरा अब्सक्युरादेखि लिएर पछिल्लो जमानाको लेटेस्ट प्रविधि भीएफएक्सका बारेमा पनि जानकारी राखेका छौं। एउटा फिल्म बनाउन के-के चाहिन्छ भन्ने कुरा देखाएका छौं।' -पन्तले भने।

इभेन्टमा क्यामराको विकासक्रमलाई पनि सहभागीले अवलोकन गर्ने मौका पाए। कलेजले नेपालमा लामो समय प्रचलनमा रहेको सुपर सिक्स्टिनदेखि रेड हुँदै ड्रोन क्यामरासमेत प्रदर्शनका लागि राखिएको थियो। क्यामरा मात्र होइन, इभेन्टमा सहभागीले लाइभ एक्टिङको दृश्य पनि देख्न पाए। कलेजका विद्यार्थीले आगन्तुकलाई अभिनयको शैली बुझाउन आफैंले अभिनय गरेर देखाएका थिए। ज्याजबारको सेट बनाएर अभिनय गरेका विनोद सिंह थापा र अनु थापाले बारमा नृत्य गरेको आभाष दिलाएका थिए।


इभेन्टमा विद्यार्थीले खिचेका २० फोटो पनि प्रदर्शनीमा राखिएको थियो। यसरी राखिएका चित्र भने फिल्मसँग नभई जनजीवनसँग सम्बन्धित थिए। इभेन्टमा कलेजमा पढ्ने विद्यार्थीका अभिभावकको बाक्लो उपस्थिति थियो। सिनेमाटोग्राफी पढ्ने शेषन श्रेष्ठका बुबा प्रकाश श्रेष्ठले शनिबारको कार्यक्रम हेरेपछि छोराले के पढ्न लागेको रहेछ छर्लङ्ग भएको बताए। 'यो हेरिसकेपछि चाहिँ फिल्म बनाउन गाह्रै हुँदोरहेछ जस्तो लाग्यो।' -श्रेष्ठले भने। कलेजमा ओपन हाउस इभेन्ट गर्ने कन्सेप्टचाहिँ कलेजकी प्रशासन प्रमुख आश्मा पोखरेलको हो। अघिल्लो साल फिल्म वर्कसपका लागि इजरायल पुगेकी आश्माले त्यहाँको एउटा कलेजमा यस्तै कार्यक्रम भएको देखेपछि आफ्नो कलेजमा पनि ओपन हाउस गर्ने सोचको बताइन्। कार्यक्रममा विद्यार्थीले विभिन्न समयमा बनाएका फिल्मको पनि स्क्रिनिङ गरिएको थियो। सहभागीले विभिन्न फेस्टिवलमा समेत सहभागिता जनाएका *काफल पाक्यो, बुट्टे जामा, क्यार क्यार पंखा, कल्ली* जस्ता फिल्म देखाइएको थियो।



# स्कारलेट
## सर्वाधिक कमाइ गर्ने महिला

हलिउड अभिनेतृ स्कारलेट जोनसोन विश्वकै सबैभन्दा बढी कमाइ गर्ने महिला सावित भएकी छिन्।

फोर्ब्स पत्रिकाका अनुसार ३३ वर्षीया अभिनेतृले सन् २०१७ जुनदेखि २०१८ जुनसम्ममा ४.०५ करोड डलर रुपियाँ कमाएकी छन्। जुन उनको अघिल्लो वर्षको कमाइको तुलनामा ४ गुणा बढी हो। उनले यस वर्षका चर्चित फिल्म *एभेन्जर्स : इन्फिनिटी वार*मा समेत काम गरेकी छिन्। कमाइको मामलामा अभिनेतृ एन्जेलिना जोलीलाई पछाडि पार्दै उनले यो उपाधि हात पारेकी हुन्। एन्जेलिनाको यस वर्षको कमाइ भने २.८ करोड डलर रहेको समाचारमा जनाइएको छ।



# चेलीको मर्म भिडियोमा

रुकुम, (नेस)। *कहाँ छेउ मेरी सानु, तीजमा पनि देख्न पाइनँ, कहाँ छेउ मेरी सानु, तिम्रो माया अजम्बरी मैले कसलाई भनुँ?*

यस्तै भावनात्मक शब्द रहेको *चेलीको मर्म* तीज गीत सार्वजनिक भएको छ। नेपाली हिन्दू महिलाको महान् पर्व हरितालिका तीजमा प्रायः महिलाको वेदना समेटेर बनाइएका गीतहरु हिजोआज कमै मात्रामा सुनिन्छन्। तर, चेलीको मर्म तीज गीतमा स्थानीय मौलिक भाकालाई बढावा दिइएको छ। रुकुममा रहेर पत्रकारिता गर्दै आएका पत्रकार धनवीर दाहालको तीज कोसेली *चेलीको मर्म* सार्वजनिक भएको हो। तीज नजिकिँदै गर्दा वर्षदिनमा चेलीले भोग्नुपरेको दु:ख, पीडा र मर्मलाई समेटेर *चेलीको मर्म* नामक तीज गीत सार्वजनिक भएको हो। प्रेमपूर्ण भावले भरिएको गीतमा प्रेमी-प्रेमिकाको अजम्बरी सम्बन्धलाई जोडेर चेलीको वियोगान्त मर्म उठाउन खोजिएको छ। परिस्थितिले मान्छेलाई टाढा बनाएको अवस्थामा जहाँ गए पनि, जसलाई भेटे पनि दु:खै दु:ख भोग्नुपरेको बाध्यताको मर्मस्पर्शी कथालाई गीतमा समेटिएको छ। गीतको लय शब्द पत्रकार धनवीर दाहालले तयार पारेका छन् भने गायक अमितबाबु रोकाय र गायिका शान्तिश्री परियारको स्वर रहेको छ। यसको म्युजिक भिडियो विक्रम चौहानले तयार पारेका छन्। भिडियोमा विमल अधिकारी र टीका जैसीले अभिनय गरेका छन्।






सर्वत्र बजारमा उपलब्ध

# कामनाको हरेक अंक विशेष अंक

## यस अंकका आकर्षणहरू

**» आयुष्मान + प्रियंका = आयंका**
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरुबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

**» कति चाँडै तीजको लहर !**
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

**» सेलाउँदै सिनेमा**
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

**» सफलतासँगै असफलता**
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पच्छ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

**» शेयर वृद्धि राहत, बक्स अफिस आहत !**
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरुले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरुले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

**» आमाअघिको नेपाली सिनेमा**
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

**» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश**
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

**आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्**

2018, AUG
Sunday
19

# विचार

ज्ञानभन्दा कल्पना शक्ति बढी महत्त्वको हुन्छ।
– अल्बर्ट आइन्स्टाइन

शिक्षित भ्रष्टहरू यति धेरै भयानक हुन्छन्, जसले जे पनि गर्न सक्छन्।
– अज्ञात

सम्पादकीय

नेपाल समाचारपत्र

## सम्पदा पुनर्निर्माणमा हेलचेक्र्याइँ नगर

नेपाललाई विश्वमा चिनाउने महत्त्वपूर्ण निधि भनेका यहाँका सम्पदा र मठ मन्दिर हुन्, तर दुर्भाग्य साढे ३ वर्ष अघिको भूकम्पले क्षति पुऱ्याएका सम्पदा मर्मत संभारमा ढिलासुस्ती भइरहेको छ। केही सम्पदा पुनर्निर्माण नभएका होइनन्, तर रानीपोखरीलगायत धेरै सम्पदा अझै लथालिंग अवस्थामा छन्। काठमाडौंको मध्यभेगमा रहको धरहरा पुनर्निर्माण कार्य पटक-पटक धकेलिँदै आएको छ। धरहरा पुनर्निर्माण गर्न आह्वान गरिएको आर्थिक प्रस्ताव खोल्ने मिति पाँचौंपटक पनि स्थगित भएको छ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले शुक्रबार प्रस्ताव खोल्ने मिति तय गरेको थियो तर प्रस्ताव पास भएका ५ कम्पनीमध्ये कुनै एकको कागजात शंकास्पद भएको आपत्ति प्रधानमन्त्री तथा मन्त्रिपरिषद् पुगेपछि प्रस्ताव खुल्न सकेन। प्राधिकरणले पुनः पर्सि ५ गते प्रस्ताव खोल्ने मिति तय गरेको छ। सार्वजनिक खरिद नियमावलीअनुसार लगातार सय दिनसम्म टेन्डर खोल्न नसकेपछि पुनः टेन्डर गर्नुपर्ने प्रावधान छ। प्रस्ताव खोल्ने मिति सूचना निकाल्दै स्थगित भएको करिब २ महिना बितिसकेको छ।

धरहरा पुनर्निर्माणका लागि जइक-लामा जेभी, सीआर ५ सीईसी जेभी, कुमार सीएफईसी जेभी, जीआईईटीसी-रमनजेभी र सीआईसीओ कालिका-रसुवा जेभीले प्रस्ताव पेस गरेका थिए। प्रस्ताव खोल्ने मिति पटक-पटक धकेलिनुमा राजनीतिक चलखेल बढेको आशंका गरिएको छ। यसअघि नेपाल टेलिकम, विभिन्न सिमेन्ट र डन्डी कम्पनीले धरहरा बनाउने प्रस्ताव गर्दा व्यापारिक प्रयोजन हाबी हुने भन्दै प्रस्ताव अस्वीकृत भएको थियो। करिब ४ अर्ब रुपियाँको लागतमा धरहराको निर्माण गर्ने लक्ष्य अघि सारिएको छ। प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालमा अघि बढाइएको 'म बनाउँछु मेरो धरहरा' अभियानमा २५ करोड रुपियाँ जम्मा भएको छ। ओली पुनः सोही पदमा दोहोरिएको लामो समय भइसक्दा पनि सो अभियान लथालिंग बनेको देख्दा लाग्छ, अभियान अरू कसैले घोषणा गरेका थिए।

पुरातात्विक महत्त्वका मठ मन्दिर र ऐतिहासिक सम्पदाले भरिएको काठमाडौं उपत्यकालाई खुला संग्रहालय पनि भन्ने गरिन्छ। तर जीर्ण भएका संरचना मर्मत सम्भारमा ध्यान नपुऱ्याउँदा त्यस्तो परिचय दाबी गर्न कति सुहाउँछ, कति व्यावहारिक हुन्छ भन्ने प्रश्न स्वभाविक रूपमा उठ्छ। अनि सरकारले आगामी २ वर्षपछि सन् २०२० मा २० लाख पर्यटक नेपाल भित्र्याउने महत्त्वाकांक्षी लक्ष्य अघि बढाइरहेको छ तर पर्यटकले अवलोकन गर्ने सम्पदा जीर्ण भइरहँदा कसरी पर्यटकको मन जित्न सकिन्छ, भ्रमण वर्ष कसरी सफल हुन्छ ? त्यसैले स्वदेश र विदेशमा भ्रमण वर्षको प्रचारप्रसार अघि बढिरहेका बेला धरहरासहितका अन्य सम्पदा पुनर्निर्माणमा तीव्रता दिन ढिलो गर्नु हुँदैन।

**लेखकहरूलाई अनुरोध**

१२०० शब्दसम्मका उत्कृष्ट लेख-रचना एवम् छोटा पाठक-पत्रहरू निम्न ठेगानामा पठाउनुहुन अनुरोध गरिन्छ।

email : samacharpatrac@gmail.com, lekh_rachana@yahoo.com

# सम्झनामा कहिल्यै नमेटिने नाट्य संवाद



मुक्ति बन्धु

(तराई आन्दोलनपछि स्वैच्छिक भ्रमणमा म तराई झरेको थिएँ। त्यति बेलाका विभिन्न प्रसंगमध्ये एउटा प्रसंग यसरी टिपोट गरेको थिएँ। व्यक्तिको नाम गोप्य राखेर एउटा छोटो संवाद मात्र यहाँ पेस गरेको छु। -लेखक)

'गग्रेटामा गाग्रा छैनन् नि के हो?'

'गाग्रा सबै फुटे।'

'भूकम्पमा?'

'होइन, नरकम्पमा। आन्दोलन गर्न जाऔं भन्दै एक हुल लाठाधारी घरघर पसेका थिए। मेरो घरमा पनि आए। जान्छस् भने खुरुक्क हिंड्, जाँदैनस् भने यी तेरा जहान परिवारको टाउको फोरिन्छ भन्दै गग्रेटामा लाठो बजारेका थिए। एकै लाठोमा झ्यामझुरुम फुटे गाग्राहरू। माटाका गाग्रा न हुन्, ती पनि पोहोर साल पहाडतिर उक्लँदा राम्रा लागेर ल्याएका थियौं छोरो र म भएर। गग्रेटो पनि मैले पहाडतिरको जस्तै बनाएको थिएँ। आफ्नै आँखाअगाडि मुटु फुटेजसरी फुटे गग्रेटाका गाग्राहरू। पानी छताछुल्ल पोखियो। आफ्नै रगत पोखिएजस्तै लाग्यो। के गरूँ? चुँइक्क बोल्ने आँट आएन। ज्यानको मायाले सर्वांग चुप। साँच्चिकै आर्यमौनमा भयौं हामी पाँचै जना परिवार।'

'तपाईं राम्रो नेपाली बोल्नुहुन्छ त?'

'म १८ वर्षजति त पहाडतिरै बसें। म भोजपुरी, मैथिलीजत्तिकै राम्रो नेपाली पनि बोल्छु। मेरो छोरा र श्रीमती पनि बोल्छन्। म सर्लाहीको, श्रीमती धनुषाकी। काम व्यवसाय गरियो रामेछापमा।'

'व्यवसाय के गर्नुहुन्थ्यो?'

'म हाइस्कुलमा म्याथ पढाउँथें। श्रीमती बुनकर काम गर्थिन्। एउटा मेसिन राखेका थियौं स्वेटर बुन्ने। त्यसताका काठमाडौंको बालाजुमा गोल्छा नामको कारखाना थियो। त्यसले उनको धागो प्रशस्त उत्पादन गर्थ्यो। नेपालभरि पाइन्थ्यो त्यो धागो। सायद इन्डिया पनि जान्थ्यो। मेरी श्रीमती त्यसै धागोबाट स्वेटर, मफलर, मोजा, पन्जा र ओढनी पनि बुन्थिन्। धेरैजसो अर्डरको काम हुन्थ्यो। बिक्री राम्रो थियो।

त्यहाँ हामी बसेको घरपति रिटायर्ड ड्राइभर थियो। देशविदेशमा ड्राइभिङ काम गरेको। स्कुल कलेज पढेको त होइन तर ज्ञानगुनका कुरा धेरै गर्थ्यो। 'नेपाल र भारतका पण्डितहरूले वेदको गलत अर्थ लगाए, समाजलाई चौपट बनाए', ऊ भन्थ्यो- 'हाम्रो शिर ब्राह्मण हो। ज्ञानगुन, चिन्तन र बुद्धिको कारखाना हो शिर। त्यहाँ भण्डारण पनि हुन्छ। हाम्रा हात क्षत्रिय हुन्। हामी वाहुबल भन्छौं। बल भनेको सेना पनि हो। हाम्रा वाहुबलले आफ्ना देश र समाजलाई क्षति हुनबाट जोगाउनुपर्छ। यसैमा हाम्रा हातको सार्थकता छ। हाम्रो शरीर वैश्य हो। यहाँ हाम्रा भरण पोषणका कारखाना चल्छन्। हाम्रा खुट्टा शूद्र हुन्, यिनले दह्रो टेकेर, अडेर, हिंडेर ठीक ठाउँमा ठीक समय खटेर आफ्नो शरीरका साथै देश र समाजलाई मनग्गे सेवा पुऱ्याइरहेका हुन्छन्। गाँठी कुरा यो हो, मानिसहरू बराला कुरामा बहकिएर जातपातका जन्जाल बुन्नमा लागे। जातजातिको परिकल्पना नै वाहियात हो।'

ड्राइभरले एकदिन ८/१० जना उसका परिवार र छिमेकीलाई राखेर भन्यो- 'हेर्नुस्, हिमाल हाम्रो नेपालको शिर हो। शीर्ष पहिचान हो हिमाल। पहाड नेपालका हात हुन्। तराई नेपालको शरीर हो। हाम्रा खुट्टा यहीं मात्र सीमित छैनन्। सारा संसारभरि फैलिएका छन्। यो यथार्थ बुझेर हामीले हाम्रो समग्रताको रक्षा गर्नुपर्छ। हाम्रो पुर्खाको रगतले निर्माण गरेको यो समग्रता हाम्रा सन्ततिका लागि पनि महान् छ। हामीले यसलाई अक्षुण्णरूपमा जोगाएर नयाँ पुस्तालाई हस्तान्तरण गर्नुपर्छ।

आजको युगमा गरिखाने वर्गलाई कुन देश कुन विदेश। लाखौंलाख नेपाली कामको खोजीमा पृथ्वीभरि भौंतारिएका छन्। जहाँ बसिन्छ, बाँचिन्छ त्यही देश भन्न सकिने अवस्था पनि छ आज। तर पनि अझै विश्व नागरिकको व्यवस्था भइसकेको छैन। पहिचानपत्र र प्रवेशपत्र नभए विदेशमा पथरा परिन्छ। हामी विश्वमा नेपाली भनेर चिनिन्छौं। नेपाल सगरमाथाको देश भनेर चिनिन्छ, महात्मा बुद्धको देश भनेर चिनिन्छ। हिमाल हिमालबासीको मात्र छैन, सगरमाथाको गौरव हामी तराईबासीले पनि गर्न पाएका छौं। बुद्ध नेपालको तराईमा जन्मेहुर्केका थिए। बुद्ध धर्म हिमाली भेगका बासिन्दामा बढी प्रिय छ। हामी मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्मलाई आमाको काख ठानेर ढुक्कसँग विचरण गर्न सक्छौं। मातृभूमि भनेर गौरव गर्न सक्छौं। यो नेपाली मात्रको सौभाग्यको कुरा हो। नेपाल भू-खण्डका तहमा सानो छ र पनि यहाँ भौगोलिक विविधता छ, सांस्कृतिक विविधता छ, भाषिक विविधता छ, प्राकृतिक सौन्दर्यको विविधता छ। हिन्दू, बौद्ध, मुन्धुम, बोनजस्ता धर्महरूबीचका विशिष्टता र समन्वयात्मकताले हाम्रा रहनसहन, भेषभूषा, बोली, व्यवहार सबै रंगिएका छन्। हामी अनेकताका बीच एक छौं। बर्सौंसम्म पहाडमा बसेर अध्यापन गर्दा मैले यो कुरा राम्ररी बुझैं। यो यथार्थ तराईबाट बाहिर ननिस्केका हाम्रा धेरै भाइबहिनीलाई थाहा छैन।'

> नेपाल सगरमाथाको देश भनेर चिनिन्छ, महात्मा बुद्धको देश भनेर चिनिन्छ। हिमाल हिमालबासीको मात्र छैन, सगरमाथाको गौरव हामी तराईबासीले पनि गर्न पाएका छौं। बुद्ध नेपालको तराईमा जन्मेहुर्केका थिए। बुद्धधर्म हिमाली भेगका बासिन्दामा बढी प्रिय छ। हामी मेचीदेखि महाकालीसम्म र हिमालदेखि तराईसम्मलाई आमाको काख ठानेर ढुक्कसँग विचरण गर्न सक्छौं। मातृभूमि भनेर गौरव गर्न सक्छौं।

'म पनि तराई पढ्न विकट पहाडबाट तल झरेको हुँ। राजनीतिक हल्लामा मैले मधेस, मधेसी र मधेसवादी दलका प्रसंग सुनें। म त संस्कृत साहित्यको विद्यार्थी। मैले स्मृति संहिता र पुराणमा मध्यदेशको सीमा पढेको छु। हरिद्वारमा पढ्न बस्दा एकपटक मध्यप्रदेश पनि पुगेको छु। भारतको गोरखपुर इलाकातिर मद्देसिया थरका मानिस पनि भेटेको छु। नेपालको तराईमा मधेस छ भन्ने मैले कतै पढेको छैन। नेपालमा मध्यप्रदेश, मध्यदेश वा मधेस छ भन्ने गफ म मान्दिनँ। तर नेपालको तराईमा केही मधेशी छिरेबसेका हुन सक्छन् भन्नेमा मेरो विमति छैन। जस्तै- अमेरिका पसेका नेपालीका आधारमा अमेरिकामा नेपाल बनेको छैन। नेपाल पसेका मधेसीका आधारमा नेपालमा मधेस कसरी बनेछ त? मेरो अध्ययनको विषय यो पनि हो। हाम्रो तराईमा आज यूपी र विहारबाट किसिम किसिमका मदारीहरू पसेका छन्। परिवन्द मिलाएर कति यतै बसेका छन्। यस कोटिमा कति गिनेचिनेका नेतानेती पनि छन्। यहाँ अहिले सुनिने मधेसवाद, पहाडविरोध, मारकाट, लखेटो र आन्दोलन तिनैको उत्पादन हो। यसमा सीमापारिका सत्तासीनहरूको भौतिक, प्रेरणात्मक सबै किसिमको सहयोग छ।

यता आन्दोलन मच्चाउँदा सीमापारि उताका शहर, बस्तीमा खानपान, विश्राम र शस्त्रास्त्र व्यवस्थापनलगायत सबै सहयोग शिविर सञ्चालन गरिएको हुन्छ। लाठी, बन्दुक र त्यसका धारकमारक सबै त्यतैबाट यता छिर्छन्। मधेसवाद र पहाडियाविरोध यहाँका रैथाने तराइबासीको उपज होइन, हुँदै होइन। म यसको प्रत्यक्षदर्शी र भुक्तभोगीसमेत हुँ। नेपालमा मधेस छैन। मधेसका नाममा पराइको सेवा गर्न प्रतिबद्ध केही मधेसी नेताहरू छन्। मैले बुझेको यथार्थ यत्ति हो। यूपी र विहारका सबै घरपरिवारले नागरिकता नपाएसम्म नेपालमा मधेसवादी नेताले उठाएको नागरिकता समस्याको हुइयाँ रोकिँदैन। यो मतपत्रकै माध्यमबाट इन्दिरा गान्धीको योजना पूरा गर्ने खेल हो, यो सजिलै नागरिकताको खेल। यसमा मधेशवादी नेता मात्र छैनन्, पहाडका नेता पनि छन्। दलाल बन्न यूपी र विहारमै जन्मन पर्दैन। नेपालको तराईमै जन्मेका र पहाडमै जन्मेका पनि कतिपय दलाल छन्। को के हो, कामले साबित गर्छ। मैले यो पनि बुझेको छु, मधेशवादी नेताको बेला-बेला प्रकट हुने यो हुइयाँ हामी तराइबासीको आवाज होइन। यो हुइयाँ हामी तराइबासीको हितमा छैन।

मधेशवादी नेताहरू मधेशकै भूमिलाई पनि माया गर्दैनन्। मधेशका आधारभूत जनतालाई आफ्नो देख्दैनन्। पारिबाट निरन्तर सीमा मिचिँदा चुँइक्क पनि बोल्दैनन्। पारिका जवानहरूले वारि छिरेर यहाँका निमुखा जनता पिट्दा मार्दा विरोध गर्दैनन्। पारिका सत्तासीनहरूसँग मिलेर आफ्नै देशवासीका विरुद्ध नाकाबन्दी गर्छन्। तराईका शोषित, पीडित, दलित र पिछडिएका वर्गलाई उकास्ने नीति, योजना, सपना केही पनि यिनीहरूसँग छैन। यी नेता होइनन्, अरूका खेताला हुन्। यो आग्रह पूर्वाग्रह केही होइन, सच्चाइ हो। हामी जनता साँच्चिकै जनता हुन नसकेर यी दलाल राजनेताका पछि लागका छौं। यो कुरा खुल्छ, क्रमशः खुल्दै जान्छ।

खै! के भन्ने? रौतहटमा भएको नर हत्याकाण्ड र दिपायलमा भएको अर्को भयंकर नर हत्याकाण्डका आयोजक नायकहरू तथा विखण्डनवाद र समर्पणवादका संस्थापक नायकहरू आज पनि सत्ताबाट षोडशोपचार पूजा पाइरहेका छन्। मन्त्री बनिदिन स-सम्मान निम्ता पाइरहेका छन्। मन्त्री बनिरहेका छन्। अनि यो विनिर्माणवाद, लम्पसारवादका विचरा लेण्डुपहरू सिंहदरबारमा चाहिँ छिराइएका थिएनन्, छैनन् भन्न मिल्दैन। कुनै न कुनै अवतारमा यी सिंहदरबारमा छन्, लगातारजस्तै छन्। पक्ष यो पनि छ। तपाईंहरू पहाडका, हामी तराईका। सारमा हामी जनताको मर्म एउटै हो। हामी आपसमा मिलेर देश बनाउन चाहन्छौं, नेताहरू हामीलाई फुटाएर आफू धन, सम्मान र शान कमाउन चाहन्छन्। हामी नेपाली आज छिमेकीबाट मात्र पीडित छैनौं, हाम्रै भनाउँदा नेताबाट पनि त्यत्तिकै पीडित छौं।' -साथीले भन्नुभयो।

यसपछि लगत्तै हाम्रो भेट भएन। तीन चुनावपछि काठमाडौंको कमलाक्षीमा अचानक भेट भयो। अभिवादन आदानप्रदानपछि हाँस्दै तराईबासी साथीले भन्नुभयो- 'अहिलेसम्मको अन्तिम एपिसोडका रूपमा हामीले जनकपुरमा एउटा अभूतपूर्व दृश्य देख्यौं। यताका प्रधानमन्त्री ओली अंकल उताका प्रधानमन्त्री मोदी चाचासँग युनिफर्ममा नारिएर नाच्नुभयो भने यहाँ २ नम्बर प्रदेशका हाम्रा मालिक लालबाबु राउत उताका मालिक मोदीबाबाको चरणकमलमा छाँद हालेर गुनासो पोख्दै धुँक्कधुँक्क रुनुभयो। अनि उपेन्द्र कामरेड पनि सिंहदरबारमा पुनः सम्माननीय उपप्रधानमन्त्री हुन आइपुग्नुभयो। के यी श्रव्य-दृश्य सन्दर्भ आजका नेपाल र भारतका शासकहरू र तिनका नाटक बुझ्न पर्याप्त छैनन् र?'

यसपछि हामी आफ्ना दुःख-सुखका कुरा गर्दै असनतिर लाग्यौं।

## पाठक पत्र

### कर्मचारी कामचोर नबने देश बन्छ

नेपालको हरेक संरचना र क्षेत्र कर्मचारी संयन्त्रबाट संचालित छ। जनप्रतिनिधि भए पनि हरेक गतिविधि र निर्णायक तहमा कर्मचारीकै हालीमुहाली हुन्छ। नेपालका सरकारी कर्मचारीको कामचोर प्रवृत्ति, ढिलासुस्ती र अनियमितताका अनगिन्ती खबरहरू सार्वजनिक भइरहेका बेला जाजरकोट अस्पतालमा कार्यरत स्त्रीरोग विशेषज्ञ डा. पूर्णिमा राईले महिना नबित्दै हाजिर गरेर बेपत्ता भएको खबर यतिबेला चर्चामा छ। उसो त यो खबर नौलो र यस्तो मनोमानी गर्ने राई नै पहिलो पात्र होइनन्। नेपालको कर्मचारीतन्त्रमा अग्रिम हाजिर ठोकेर तलब पड्काइरहेका सयौं पात्रको प्रवृत्ति सार्वजनिक हुन सकेको छैन।

देशमा कर्मचारीले नियमित काम नगर्ने, बिदाको नाममा कार्यक्षेत्रमा अनुपस्थित हुने र एकमुस्ट हाजिर धस्काएर तलब खाने प्रवृत्तिले सेवाग्राही मर्कामा परिरहेका छन्। स्वास्थ्य क्षेत्र आफैमा संवेदनशील क्षेत्र हो। यस्तो क्षेत्रमा कार्यरत डाक्टर, नर्स, स्वास्थ्यकर्मी झनै जिम्मेवार हुनुपर्छ। तर अग्रिम हाजिर गरेर जिल्ला छाड्नु कति ठूलो दुस्साहस हो? यसले नेपालका कर्मचारीको मनोदशासमेत प्रस्ट्याउँछ। केही समयअघि कर्मचारीलाई जिम्मेवार बनाउन छड्के अनुगमन गरिएका खबर सार्वजनिक हुन्थे। अहिले छिटपुटरूपमा घूससहित पक्राउ परेका समाचार सुनिन्छन्। तर प्रभावकारी अनुगमनको अभावमा बेथितिहरू बढिरहेका छन्।

जनतालाई सहजरूपमा सेवा प्रवाह गर्ने दायित्व कर्मचारीको हो। सोही जिम्मेवारीका लागि सरकारले तलब तथा सेवासुविधा प्रदान गर्छ। नेपाली जनताले प्रत्यक्ष तिरेको करबाटै कर्मचारीले तलब पाउँछन्। कार्यालय समयभित्र सेवाग्राहीको काम छिटोछरितो ढंगले सम्पादन गर्ने दायित्व बोकेका कर्मचारीले साधारण कामका लागि पनि झुलाउने, प्रक्रियाका नाममा अनावश्यक दुःख दिने, अनुचित लाभको अपेक्षा राख्ने प्रवृत्तिले कर्मचारीप्रतिको दृष्टिकोण अझै सकारात्मक भइसकेको छैन। दुर्गम क्षेत्र तथा ग्रामीण भेगमा कर्मचारीले नियमित काम नगरेका, काजमा खटिएर सेवा प्रदान नगरेका, विभिन्न बहाना देखाएर सदरमुकाममै केन्द्रित भएका प्रवृत्ति अहिले पनि हाबी छ, जसले गर्दा सेवाग्राही सधैं मर्कामा पर्दै आएका छन्।

संघीय प्रणालीअनुसार कर्मचारी व्यवस्थापनमा समेत समस्या देखिएको छ। कर्मचारी सकभर दुर्गम क्षेत्रमा काम गर्न नचाहने, दुर्गममा काम गर्नै परे अग्रिम हाजिर गरेर बेपत्ता हुने प्रवृत्ति अझै नरोकिनु दुर्भाग्य हो। सेवाग्राहीसँग घूस खाने काममात्र अनियमितता होइन, पदीय जिम्मेवारीमा रहेर जिम्मेवारी पूरा नगर्ने, ढिलासुस्ती गर्ने, गैरजिम्मेवारपूर्ण काम गर्नु पनि अनियमितता हो।

सबैलाई थाहै छ, जाजरकोट, जुम्लाजस्ता दुर्गम पहाडी क्षेत्रमा स्वास्थ्य सेवा अझैसम्म प्रभावकारी बन्न सकेको छैन। जनशक्ति अभावका कारण अधिकांश पहाडी जिल्लामा स्वास्थ्य सेवा ठप्पजस्तै छ। कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लाबाट विशेषज्ञ सेवा प्रदान गर्न गत जेठदेखि काजमा खटिएकी डा. राईले नियमित विशेषज्ञ सेवा प्रदान गरेको भए उनको योगदानको कदर हुने नै थियो। तर उनी जवाफदेही नहुँदा प्रसूतिलगायत स्त्रीरोगसम्बन्धी विशेषज्ञ सेवा ठप्प हुन पुग्यो। कुनै पनि निकायमा रहेर जिम्मेवारी सम्हालेपछि अनुशासनहीन काम गर्न पाइँदैन। एउटा राष्ट्रसेवक कर्मचारीले शनिबार तथा बिदामा समेत हाजिर ठोकेर कार्यक्षेत्रमा अनुपस्थित हुनु लापरबाहीको पराकाष्ठा नै हो। मासिक २ लाख ७७ हजार २ सय ५० रुपियाँ तलब खाने विशेषज्ञ डाक्टरले त यस्तो हर्कत गर्छन् भने न्यून तलबमा काम गर्ने कर्मचारीको मनस्थिति कस्तो होला?

सबै कर्मचारी घूस्याहा र गैरजिम्मेवार पनि हुँदैनन्। प्रभावकारी अनुगमनबाट कर्मचारीलाई जिम्मेवार बन्न कर लाग्छ। आ-आफ्नो जिम्मेवारीअनुसार कार्यसम्पादन हुने हो भने जनताले पक्कै पनि परिवर्तनको अनुभूति गर्न सक्नेछन्। अब हाजिर गरेका भरमा तलब खाने कर्मचारीलाई निरुत्साहित गर्नुपर्छ। योग्य, सक्षम, जिम्मेवार र इमानदार कर्मचारीलाई प्रोत्साहित गर्दै नियमित अनुगमनबाट कामचोर र अनियमितता गर्ने कर्मचारीलाई कारबाही गर्नु आवश्यक देखिन्छ।

*- दिलिप घिमिरे, म्याग्दी।*


### कोटेश्वरमा सधैं ट्राफिक जाम

वैकल्पिक उपाय किन खोजिँदैन? हिजोआज काठमाडौंको कोटेश्वर क्षेत्रमा सधैं ट्राफिक जाम हुने गरेको छ। यहाँको ट्राफिक जाम व्यवस्थापन गर्न ट्राफिकले जति नै मरिहत्ते गरे पनि कम हुन सकेको छैन। काठमाडौंको तीनकुनेदेखि भक्तपुरको कौशलटारसम्म सधैंजसो जाम हुने गरेको छ। कौशलटारबाट तीनकुनेसम्म हिँड्दा आधा घन्टामा सजिलै पुगिन्छ भने गाडीबाट यो दुरी पार गर्न १ घन्टा लाग्ने गरेको छ। त्यसैले यो समस्या कम गर्न तुरुन्तै वैकल्पिक उपाय गरिहाल्नुपर्ने देखिन्छ।

बिरामी, अशक्त अनि हतारमा हुने व्यक्तिलाई धेरै कठिनाइ पर्ने गरेको छ। एम्बुलेन्स, दमकल, सुरक्षार्थ खटिएका प्रहरी एवं सेनाका सवारीसाधन अनि भैपरि आउँदा सञ्चालन हुने साधनहरू पनि बीचमै अलपत्र पर्ने अवस्था आएकाले सरकारको ध्यान यतातिर मोडिनुपऱ्यो। सम्बन्धित निकायका विज्ञहरूको सुझाव संकलन गरी सोहीअनुसार यहाँको समस्या समाधान गर्न जरुरी भइसकेको छ। दीर्घकालीन समाधानका लागि योजना बनाउँदै गरे हुन्छ तर तत्कालका लागि अल्पकालीन योजना ल्याइहाल्नुपऱ्यो।

*- सविन प्रजापति र आयुष्मान थापा*
*बालकोट, भक्तपुर*

## सामाजिक सञ्जाल



रातिसम्म फूललाई पनि थाहा हुँदैन रे, भोलि बिहान मन्दिर जानुपर्छ कि आर्यघाट ! त्यसैले आजको लागि बाँच्नुस्, भोलिको लागि होइन।

**पुनम पोखरेल**
**@punm_ooo**



संघीयता अत्यन्त महँगो र झन्झटिलो व्यवस्था हो। गरिबका लागि त यो व्यवस्था अभिशाप नै हो। भन्दाभन्दै पनि मालिकहरूले यो कुरा सुनेनन्। आज जनताले तिरेको सबै कर प्रशासनिक खर्च र तलब सुविधामै खेर गइरहेको छ। अझै पनि धेरै बिग्रिसकेको छैन। नसक्ने अवस्थामा गल्ती सच्याउनु पनि बुद्धिमानी हुन्छ।

**Sabita Dhimal**
**@SabitaDhimal**

क्यान्सर धेरै प्रकारका हुने तर नेपालमा क्यान्सर भन्नेबित्तिकै आत्तिने र हतोत्साहित हुने गरेकाले यसबारे व्यापक जनचेतना फैलाउन आवश्यक रहेको नेपाल क्यान्सर हस्पिटलका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठले बताउनुभयो।

## 'प्रदेश ३ को नाम नेवा-ताम्सालिङ ठीक हुन्छ'

काठमाडौं, (नेस)

संघीय सांसद गंगाबहादुर तामाङ 'वामध्वज'ले प्रदेश नम्बर ३ को नाम नेवा-ताम्सालिङ राख्दा ठीक हुने बताएका छन्। साथै प्रदेश नं. ३ को राजधानी काभ्रे हुनुपर्ने धारणासमेत उनले राखेका छन्।

राजधानीमा आयोजित नाङ्साल क्लब नेपालको १४औं साहित्य वाचन तथा सम्मान कार्यक्रममा प्रमुख अतिथिका रूपमा बोल्दै सांसद तामाङले आफूले त्यसका लागि पहल थालेको बताए।

सांसद तामाङले आफूले निर्वाचनको बेला मतदातासँग प्रतिबद्धता जनाएको तेमालमा तामाङ संग्रहालय निर्माण गरिछाड्ने र त्यसका लागि आवश्यक प्रक्रिया शुरू भइसकेको बताए। प्रदेशको यस नाममा सहमति जुट्न नसके नेवा-ताम्सालिङ-बागमतीबारे पनि छलफल चलाउन सकिने उनको धारणा थियो। कार्यक्रममा तामाङले क्लबका सल्लाहकार ढकबहादुर घिसिङको 'ताम्बा' गीत सार्वजनिक गरेका थिए। साथै राजेन्द्र ङ्यासुर, हिक्मत सिं वाइबा, दीर्घ तामाङ ङ्यासुर, ढकबहादुर घिसिङ र तीर्थमान बललाई प्रमुख अतिथि सांसद तामाङबाट सम्मानपत्रसहित सम्मान गरिएको थियो।

# 'उच्च मनोबलले क्यान्सरलाई जित्न सकिन्छ'

नेपाल समाचारपत्र

काठमाडौं

ललितपुरको हरिसिद्धिमा रहेको नेपाल क्यान्सर हस्पिटल एन्ड रिसर्च सेन्टरमा क्यान्सर सर्भाइभरसिप इभेन्ट सम्पन्न भएको छ। नेपाल क्यान्सर हस्पिटल तथा नेपाल क्यान्सर सपोर्ट ग्रुपको संयुक्त आयोजनामा भएको सो इभेन्टमा क्यान्सर रोगबाट निको भएका व्यक्तिले आफ्ना अनुभव साटासाट गरेका थिए।

स्वास्थ्य राज्यमन्त्री डा. सुरेन्द्रकुमार यादवको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा क्यान्सर निको भएका र क्यान्सरको उपचार गराइरहेका व्यक्तिका साथमा क्यान्सर रोग विशेषज्ञ डाक्टर, क्यान्सर प्रभावितका परिवार, समाजसेवी तथा सञ्चारकर्मीको सहभागिता रहेको थियो।

क्यान्सर रोगलाई जितेका व्यक्तिको अनुभव तथा सुझाव तथा विशेषज्ञ डाक्टरहरूको उचित परामर्शबाट क्यान्सरको उपचार गराइरहेका व्यक्तिहरूको मनोबल बढाउने, उपचार प्रक्रियामा सहजता तथा प्रभावितको दैनिकीमा सुधार ल्याउने उद्देश्यले इभेन्टको आयोजना गरेको नेपाल क्यान्सर सपोर्ट ग्रुपका कोअर्डिनेटर स्वरूपा श्रेष्ठले बताउनुभयो। उहाँले इभेन्ट मासिकरूपमा आयोजना गर्ने पनि जानकारी गराउनुभयो।

क्यान्सर रोग विशेषज्ञ डाक्टरहरूसँग क्यान्सरबाट निको भएका तथा उपचार गराइरहेका व्यक्तिहरूले क्यान्सरसम्बन्धी विभिन्न विषयमा अन्तरक्रिया गर्नुभएको थियो। अन्तरक्रियाबाट क्यान्सरसम्बन्धी धेरै खालका भ्रमहरूको अन्त्य भएको प्रभावितहरूले बताएका थिए। क्यान्सर धेरै प्रकारका हुने तर नेपालमा क्यान्सर भन्नेबित्तिकै आत्तिने र हतोत्साहित हुने गरेकाले यसबारे व्यापक जनचेतना फैलाउन आवश्यक रहेको नेपाल क्यान्सर हस्पिटलका कार्यकारी अध्यक्ष डा. सुदीप श्रेष्ठले बताउनुभयो।

मन्त्री यादवले नेपालमा कुल जनसंख्याको अनुपातमा अस्पतालको संख्या र बेड धेरै कम भएको बताउँदै क्यान्सर प्रभावितलाई राज्यले दिने अनुदानसमेत अत्यन्त कम रहेको धारणा राख्दै क्यान्सरलगायत गम्भीर रोगको उपचारका लागि राज्यले दिने अनुदान रकम बढाउन प्रयत्न गर्ने बताउनुभयो।

# लागूऔषध दुर्व्यसनविरुद्ध र्‍याली

नेपाल समाचारपत्र

काठमाडौं

महानगरीय प्रहरी प्रभाग मंगलबजार, ज्यापू समाज युवा उपसमिति, अर्पण समूह, संगति बृहत्तर सेवा समितिको आयोजनामा लागूऔषध दुर्व्यसनविरुद्ध र्‍याली आयोजना गरिएको छ। र्‍यालीको मंगलबजार ह:खा कोतपाटीमा आयोजित एक समारोहबीच प्रहरी महानिरीक्षक सर्वेन्द्र खनालले शुभारम्भ गर्नुभयो।

सो अवसरमा महानिरीक्षक खनालले लागूऔषध काराबार नियन्त्रण गर्न प्रहरी निकै दृढताका साथ लागेको बताउँदै कारोबारमा संलग्नलाई कडाइ कारबाही गरी छाड्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

उहाँले प्रहरी जनताको नजिक रहेर काम गर्न तत्पर रहेको उल्लेख गर्दै यस कार्यमा समुदायको सधैं साथ रहने विश्वास व्यक्त गर्नुभयो।

महानगरीय प्रहरी प्रभाग मंगलबजारका प्रमुख एवं प्रहरी निरीक्षक केशर न्यौपाने प्रहरी मेरो साथी र टोल टोलमा प्रहरी अभियानको कार्यक्रमको शृंखलाका रूपमा र्‍याली आयोजना गरिएको बताउनुभयो। ज्यापू समाज युवा उपसमितिका संयोजक



बाबुराजा महर्जनले लागूऔषध दुर्व्यसन न्यूनीकरणका लागि प्रहरी र जनता मिलेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो।

सो अवसरमा ज्यापू समाजका अध्यक्ष प्रेम महर्जनले यस्ता कार्यक्रमले प्रहरीप्रति अपनत्व बढ्ने विश्वास व्यक्त गर्नुभयो। यसअघि र्‍यालीले नगरका विभिन्न भागको परिक्रमा गरेको थियो।

# पञ्चदान पर्व सम्पन्न

ललितपुर, (नेस)

ललितपुरका बुद्धमार्गी नेवारहरूले शनिबार विभिन्न अन्न र सामग्री दान गरी पञ्चदान पर्व मनाएका छन्। ललितपुरका विहारहरू, विभिन्न चोकहरूमा दीपंकर बुद्ध, बसुन्धरा र करुणामयका मूर्तिहरू पूजा गर्दै दान दिएर यो पर्व मनाइएको हो।

हरेक वर्ष श्रावण शुल्क अष्टमीका दिन यो पर्व मनाउने गरिन्छ। ललितपुरका १८ वटा विहारका दीपंकरलाई विभिन्न भेषभूषा र गहनाका साथ सजाएर अघिल्लो दिन नै राखिएको थियो। विहारमा दान गर्न नेवार बौद्ध धर्मावलम्बीको भीड लागेको थियो। पञ्चदानका दिन परम्परागत विहारका शाक्य वज्राचार्यलाई बुद्धका उपासकका रूपमा सम्मानका साथ स्वागत सत्कार गरी अन्न दान दिइयो।

दान लिन जानेहरूको संख्या घट्दै गएपछि पछिल्लो समय विभिन्न विहार, संघसंस्था, समूहहरूले पर्व संरक्षण गर्ने अभियान नै चलाएका थिए। यसले गर्दा अहिले दान दिने र लिनेहरू संख्या बढ्दो छ। मूबहाल महिला समूहले पिम्बहाल पोखरीमा पहिलो पटक दान प्रदान गर्ने कार्यक्रम आयोजना गर्नुलाई यसैको उपजका रूपमा लिएको सहभागीहरू बताउँछन्।

अन्नमा धान, गहुँ ,चामल, नुन, मासको दाल, मकै, केराउ र खीर रहेको छ। पञ्चदानलाई स्थानीय भाषामा पञ्चदान 'पंजरां' भनिन्छ। यो दिनमा पृथ्वीबाट उब्जेको अन्न र फलफूल आदि ५ प्रकारका वस्तु दान गरिने भएकाले पञ्चदान भनिएको हो। यो पर्व बुद्ध दर्शनको दान पारमितामा आधारित छ।

दीपंकर बुद्धले श्रावण पञ्चमीकै दिनमा पहिलोपटक दान ग्रहण गरेको जनविश्वास रहेको छ। दीपंकर बुद्ध भन्नाले शाक्यमुनि बुद्धलाई बुद्ध हुन्छन् भनेर भविष्यवाणी गर्ने बुद्ध मानिन्छ। सर्वानन्द राजाले दान दिन लागेका बेला दीपंकर बुद्धले राजाभन्दा चित्त शुद्ध भएकी एक गरिब वृद्धाबाट पहिला दान लिनुभएको थियो। यो कुरो कुरा थाहा पाएपछि राजामा धर्मचित्त उत्पन्न भएको विश्वास पनि यो पर्वसँग जोडिएको छ।

दान भावनाले समाज सुधार, दुर्गति निवारण एवं शान्ति छाउने जनविश्वास रहिआएको छ। यो पर्व काठमाडौं उपत्यकालगायत बनेपा, पनौती, धुलिखेलमा पनि मनाउने गरिन्छ। काठमाडौं, भक्तपुरलगायतका स्थानमा आउने भाद्र कृष्ण त्रयोदशीका दिन यो पर्व मनाइन्छ।

## उत्पादनमूलक कार्यमा लाग्नुपर्ने

भक्तपुर, (नेस)

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री पद्माकुमारी अर्यालले सहकारीहरू उत्पादनमूलक कार्यमा लाग्नुपर्ने बताउनुभएको छ। मध्यपुरथिमिमा शनिबार शंखधर बचत तथा ऋण सहकारी संस्थाको ११औं वार्षिक साधारण सभामा बोल्दै उहाँले सहकारी अब देशको समृद्धिको सहयात्री हुनुपर्ने धारणा राख्नुभयो।

पैसा थुपार्ने कार्यमा मात्रै नलागी लगानी र उत्पादनमूलक कार्यमा सहकारी सक्रिय हुनुपर्ने बताउँदै उहाँले लगानी र उत्पादनबाटै देशको समृद्धि हुने चर्चा गर्नुभयो।

मन्त्री अर्यालले देश संक्रमणकालीन अवस्थामा रहेकाले सहकारी ऐन पनि संक्रमणमै छ भन्दै अब प्रदेश र स्थानीय तहमा व्यवहारिक किसिमको ऐन निर्माण गर्नुपर्नेमा जोड दिनुभयो।

मध्यपुरथिमि नगरपालिकाका प्रमुख मदनसुन्दर श्रेष्ठ, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सरिता भट्टराई, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कृष्णगोविन्द लाखाजु, स्पेशका अध्यक्ष श्यामसुन्दर श्रेष्ठलगायतले सहकारीले अन्य क्षेत्रमा पनि लगानी गर्न पाउनुपर्ने व्यवस्था गर्नुपर्ने बताउनुभयो।

त्यस अवसरमा संस्थाका अध्यक्ष रामसुन्दर श्रेष्ठले संस्थाको हालसम्म शेयर पुँजी २ करोड ५७ लाख २५ हजार पुगेको, संस्थाको बचत ३१ करोड ४० लाख ८ सय ४९ रुपियाँ रहेको, २६ करोड ६२ लाख ७४ हजार ६१ रुपियाँ ऋण लगानी गरेको र यस वर्ष ८७ लाख ८८ हजार ४५ रुपियाँ रहेको जानकारी दिनुभयो।

कार्यक्रममा जेष्ठ नागरिक, एसईई उत्तीर्ण विद्यार्थीलाई कार्यक्रममा सम्मान गरिएको थियो भने विद्यार्थीलाई छात्रवृत्तिसमेत वितरण गरिएको छ।

# पद्मरत्नले पत्रकारितामा पुर्‍याएको योगदानको चर्चा

नेपाल समाचारपत्र

काठमाडौं

नेपालको लोकतान्त्रिक तथा नागरिक आन्दोलनका अगुवा पद्मरत्न तुलाधरले लोकतान्त्रिक आन्दोलनमा पत्रकारिताको माध्यमबाट निर्वाह गर्नुभएको भूमिका सदवै स्मरणीय हुने सम्बद्ध व्यक्तिहरूले बताएका छन्।

पद्मरत्न तुलाधर नागरिक अभिनन्दन समारोह समितिको आह्वानमा नेवा: पत्रकार राष्ट्रिय दबूले शनिबार आयोजना गरेको 'पत्रकारिता पद्मरत्न तुलाधर' विषयक विचार गोष्ठीका सहभागीहरूले सो कुरा बताएका हुन्।

प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि मिसन पत्रकारिता, भाषिक समानताका लागि समावेशी पत्रकारिता भन्ने नाराका साथ सो कार्यक्रम आयोजना गरिएको थियो।

उहाँसँगै काम गर्नुभएका परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ, पूर्वमन्त्री रघुजी पन्त, मल्ल के. सुन्दर र प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले तुलाधरको पत्रकारितासँगै लोकतन्त्र, मानव अधिकार र राजनीतिको क्षेत्रमा पुर्‍याउनुभएको योगदानको चर्चा गर्नुभयो।



उहाँले २०१४ सालतिर नेपाल भाषा पत्रिकाबाट पत्रकारिता यात्रा शुरू गर्नुभएको थियो। सो पत्रिका नेपाल भाषाको पहिलो दैनिक थियो। शुरूमा उहाँले राससबाट प्रकाशित हुने समाचार बुलेटिनको भाषा अनुवाद गर्नुभएको थियो। पत्रिकाका सम्पादक एवं नेपाल पत्रकार महासंघका संस्थापक सदस्य फत्तेबहादुर सिंहको सहयोगीका रूपमा तुलाधरले लामो समय काम गर्नुभएको थियो।

सम्पादक सिंहले पत्रिका चलाउन नसकेपछि उहाँले असनस्थित बालकुमारीमा मदन प्रिन्टिङ प्रेस खोल्नुभयो। त्यसपछि पत्रिका सम्पादन गर्ने, लेख लेख्नेदेखि लिएर छपाइ र पत्रिका बजारसम्म पुर्‍याउने कार्य गर्नुभएको थियो। रातो युगधाराको सम्पादक भई तुलाधरले पञ्चायती व्यवस्थाविरुद्ध नेपाली भाषामा निरन्तर स्तम्भ लेख्न शुरू गर्नुभएको थियो।

परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठले लोकतान्त्रिक आन्दोलन र भाषिक समानताका लागि मिसन पत्रकारिता गर्नुभएको धारणा राख्नुभयो। तुलाधर आफैले एक रुपियाँ नलिईकन वर्षौंसम्म सम्पादकीय लेख्ने, राससको समाचार भाषा अनुवाद गर्ने, छाप्नका लागि अक्षर कम्पोजदेखि बजारसम्म पुर्‍याउन कार्य एक्लैले गर्ने गरेको बताउँदै उहाँले भन्नुभयो- 'यसरी मिसन पत्रकारिता गर्ने नेपालमा दुई जनामात्र रहेका छन्।'

प्रेस काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले पत्रकारिता क्षेत्रमा पद्मरत्न आफ्नो गुरु रहेको स्मरण गर्दै भन्नुभयो- '२०४२, ०४३ सालतिर म ९ कक्षामा पढिरहँदा पद्मरत्न तुलाधरसँग चिनजान भएको थियो। पञ्चायती व्यवस्थाविरुद्ध प्रकाशित पत्रिकाहरू विभिन्न प्रेसबाट संकलन गरेर जेलमा रहेका राजबन्दीकहाँ पुर्‍याउने क्रममा उहाँबाट धेरै सिकें।'

मल्ल के. सुन्दरले पञ्चायती व्यवस्थाका विरुद्ध, लोकतान्त्रिक मूल्य, समानताका लागि उहाँले गर्नुभएको पत्रकारिताबाट आजको पुस्ताले सिक्नुपर्ने खाँचो रहेको बताउनुभयो। नेकपाका नेता रघुजी पन्तले पद्मरत्नको पत्रकारितामा प्रखरतासँगै हास्यव्यंग्य लेख्न सक्ने क्षमताको निकै सराहना गर्नुहुँदै नेपालको लोकतन्त्र, मानव अधिकार र नागरिक अधिकारका लागि पद्मरत्नको उल्लेखनीय योगदानको रहेको बताउनुभयो।

सो अवसरमा तुलाधरले आफैले समेत बिर्सिसकेको कुरो स्मरण गराउने सबैलाई धन्यवाद दिँदै आफू धेरै वर्षसम्म बाँच्ने विश्वास व्यक्त गर्नुभयो।

दबूका अध्यक्ष श्रीकृष्ण महर्जनले समावेशी पत्रकारिता, मातृभाषाको पत्रकारिता र लोकतान्त्रिक आन्दोलनमा तुलाधरको भूमिकाले पत्रकारलाई सदैव प्रेरणा दिने बताउनुभयो। तुलाधरको भदौ १६ गते हुने भीमरथारोहणको अवसरमा विविध कार्यक्रम गरी मनाउने निर्णयअनुरूप सो कार्यक्रम आयोजना गरिएको हो। यसैक्रममा गत शुक्रबार नेपालको मानव अधिकार आन्दोलनमा पद्मरत्न तुलाधरको भूमिका विषयक विचार गोष्ठी आयोजना गरिएको थियो।

## सिनेमा कर्नर











अग्नि यातायात प्रा. लि.
दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


माउन्ट मकालु यातायात सेवा
काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३

## आजको राशि


ज्यो. चन्द्रेश शर्मा

**मेष** : आकस्मिक रोगको भय, काममा व्यवधान, धन हानि।
**वृष** : धनलाभ, वाहनलाभको सम्भावना, जीवनसाथीबाट सहयोग।
**मिथुन** : आर्थिक लाभ, विजयको सम्भावना, स्वास्थ्यलाभ, सुख।
**कर्कट** : काममा सफलता, धनलाभ, सन्तान-सुख, शुभ कार्य।
**सिंह** : स्वास्थ्यमा समस्या, पारिवारिक विवाद, दौडधूप, आलस्य।
**कन्या** : द्रव्यलाभ, पराक्रम-प्रतिष्ठा वृद्धि, पुरस्कृत हुने सम्भावना।
**तुला** : धनलाभ, मानसिक क्षमता वृद्धि, सुख-सन्तोष।
**वृश्चिक** : अन्नलाभ, भाग्योदय, उत्तम भोजन, कार्य सफल।
**धनु** : धननाश, रोगको सम्भावना, दुर्घटनाको भय, विवाद।
**मकर** : वस्तु/सेवा प्राप्ति, उत्तम भोजन, परिवार-सुख, लाभ।
**कुम्भ** : सुख-सन्तोष, सफलता, स्वस्थताको महसुस, मन प्रफुल्लित।
**मीन** : राज्यबाट लाभ, यश वृद्धि, व्यापारमा आम्दानी, शुभ यात्रा।





# प्रदेश-३



'आफ्नो घर हेर्न अली बढी नै बुद्धि भएको प्राविधिक आएकाले सायद बस्नै नहुने गरी भत्किएको घर पनि मर्मत गरेर बस्न मिल्ने देखेको होला' -पार्वतीले भनिन्।

# निजी आवासमा १८ अर्ब खर्च

## ४५ हजार घर नवनिर्माण

**नानीराम नेपाल, सिन्धुपाल्चोक**

विनाशकारी भूकम्पको ४० महिनामा सिन्धुपाल्चोकमा ४५ हजार घरको पुनर्निर्माण सम्पन्न भएको छ। राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना कार्यान्वयन एकाइका अनुसार हालसम्म जिल्लाका ४४ हजार ७ सय ३४ निजी आवासको पुनर्निर्माण सम्पन्न भएको हो।

पहिलो किस्ता लिएका झन्डै ५ हजार लाभग्राहीले हालसम्म निजी आवास निर्माणको काम शुरू गरेका छैनन्। अनुदान सम्झौता भई पहिलो किस्ता लिएका ८२ हजार ४ सय ३३ लाभग्राहीमध्ये ४ हजार ८ सय ५० जनाले निजी आवास निर्माणको काम शुरू नै नगरेका हुन्।

जिल्ला आयोजना कार्यान्वयन एकाइका अनुसार ७७ हजार ५ सय ८२ ले धमाधम निजी आवास निर्माण गरिरहेका छन्। जसमध्ये ४४ हजार ७ सय ३४ ले निजी आवास निर्माण सम्पन्न नै गरिसकेका छन्। हालसम्म जिल्लाका ८२ हजार ४ सय ३३ अनुदान लाभग्राहीसँग अनुदान सम्झौता भएकोमा सम्झौता भएका सबैले पहिलो किस्ता लिइसकेका छन्। पहिलो किस्ताको रकम लिएर मापदण्ड पूरा गर्ने ७० हजार ४ सय ५४ लाई दोस्रो किस्ताका लागि प्रमाणीकरण गरिएको जिल्ला आयोजना कार्यान्वयन एकाइका इन्जिनियर टंक गौतमले जानकारी दिनुभयो। यस्तै हालसम्म ३६ हजार ५ जनाले दोस्रो किस्ताको काम सम्पन्न गरेको र उनीहरूलाई तेस्रो किस्ताका लागि प्रमाणीकरण गरिएको उहाँले बताउनुभयो।

विनाशकारी भूकम्पको ४० महिना बितिरहँदा निजी आवास पुनर्निर्माणका लागि अर्बौं रकम जिल्लामा खर्च भएको छ। पुनर्निर्माणको तथ्यांकलाई आधार मान्दा ४० महिनामा १८ अर्बभन्दा बढी अनुदान रकम ८२ हजार ४ सय ३३ जनालाई ५० हजारका दरले पहिलो किस्ताको कुल ४ अर्ब १२ करोड १६ लाख रुपियाँ वितरण भइसकेको देखिन्छ। दोस्रो किस्ताका लागि प्रमाणीकरण गरिएका ७० हजार बढी लाभग्राहीका नाममा डेढ लाखका दरले १० अर्ब ५६ करोड ८१ लाख रुपियाँ हुन आउँछ। हालसम्म तेस्रो किस्ताका लागि प्रमाणीकरण भएका ३६ हजार लाभग्राहीलाई तेस्रो किस्ताको १ लाखका दरले ३ अर्ब ६० करोड रकम प्रमाणीकरण भएको देखिन्छ। प्रमाणीकरण भएकामध्ये ५० प्रतिशतभन्दा बढीले अनुदान रकम लिइसकेको र त्यो निजी आवास पुनर्निर्माणमा खर्च भएको छ।



### १ सय ६१ विद्यालय पुनर्निर्माण

विनाशकारी भूकम्पको ३ वर्ष बितिरहँदा भूकम्पमा ध्वस्त १ सय ६१ विद्यालयको पुनर्निर्माण सम्पन्न भएको छ। ३ वर्षकाबीच भूकम्पमा ध्वस्त ५ सय ४७ विद्यालय भवनमध्ये १ सय ६१ मात्र पुनर्निर्माण सम्पन्न भएका हुन्।

जिल्ला आयोजना कार्यान्वयन एकाइ (शिक्षा) का अनुसार जिल्लाका विभिन्न ६४ विद्यालय भवन विद्यालय व्यवस्थापन समितिमार्फत नै निर्माण सम्पन्न भएका हुन्। जिल्लाका ९७ विद्यालय भवन अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाले निर्माण सम्पन्न गरेका हुन् भने दाताले बनाइदिएका हुन्। सम्बन्धित विद्यालय व्यवस्थापन समितिमार्फत जिल्लाका विभिन्न १ सय ४२ विद्यालयका भवन निर्माणाधनी अवस्थामा छन्। गैरसरकारी संस्थाले निर्माण गर्ने १ सय ३१ विद्यालय भवनमध्ये ३४ विद्यालय भवन निर्माणका क्रममा छन्। निर्माण व्यवसायीमार्फत पुनर्निर्माण हुनुपर्ने ३८ विद्यालयका भवन भने कुनै पनि निर्माण सम्पन्न हुन सकेका छैनन्।

भूकम्पको ३ वर्ष बितिसक्दा पनि २५ विद्यालयका भवन भने निर्माण शुरू नै भएका छैनन्। आफ्नो स्वामित्वका जग्गाजमिन नभएका तथा न्यून विद्यार्थी संख्या भई मर्जको तयारीमा रहेका विभिन्न २५ विद्यालयका भवन भने निर्माण शुरू नै नभएको जिल्ला आयोजना कार्यान्वयन एकाइका इन्जिनियर शेरबहादुर पुजाराले बताउनुभयो। ३ वर्षभित्रै सबै विद्यालय भवन निर्माण सम्पन्न भइसक्नुपर्नेमा हालसम्म १ सय ६१ विद्यालय मात्र पुनर्निर्माण भए। आगामी २ वर्षभित्र भूकम्पमा ध्वस्त सबै विद्यालय भवनको पुनर्निर्माण सम्पन्न भइसक्ने इन्जिनियर पुजाराले जानकारी दिनुभयो।

# बाढी र पहिरो जाँदा १८ लाखबराबरको क्षति

**नेपाल समाचारपत्र**

नुवाकोट

शुक्रबार रातिबाट परेको अविरल वर्षाले नुवाकोट जिल्लाका विभिन्न ठाउँमा पहिरो जाँदा १८ लाखभन्दा बढीको क्षति भएको छ भने करिब १ दर्जन घरमा पूर्णरूपमा क्षति पुगेको छ।

नुवाकोटको बेलकोट गढी नगरपालिका वडा नं ११ को अमारे खोलामा बाढी आउँदा हरिभक्त तिवारीको ८ लाख रुपियाँबराबरको क्षति भएको हो। शुक्रबार रातिबाट परेको पानी शनिबार बिहान किराना पसल, मासुपसल, खाजा घर र बोइलर कुखुराको खोरमा पस्दा उक्त क्षति भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटका प्रहरी प्रमुख वसन्त कुँवरले जानकारी दिनुभयो। बाढीले मासु पसल गरेर बस्ने रामराजा तामाङ र उनकी श्रीमती शुभलक्ष्मी तामाङ समान्य घाइते भएको कुँवरले बताउनुभयो।

यस्तै शिवपुरी गाउँपालिका वडा नं ६ थानाभज्याङमा बाढी पस्दा ६ लाखबराबरको क्षति भएको छ भने ३ वटा बाखा बाढीले बगाएको छ। थानाभन्ज्याङमा बस्ने मनोज लामा र डिलबहादुर तामाङको घरमा बाढी पस्दा लत्ताकपडा र अन्नपातसहित बाढीले ३ वटा बाखा बगाएको छ।

यस्तै शुक्रबारै परेको अविरल वर्षाले किस्पाङ गाउँपालिका ३ मा समेत बितण्डा मच्चाएको छ। सलाखु खोलामा आएको बाढीले करिब १७ रोपनी जग्गा र ३ लाख बराबरको धनमाल नष्ट भएको जिप्रकाले जनाएको छ। बाढीले कितिलि बगर बस्ने ओमबहादुर तामाङको एककोठे पक्की घर र लत्ताकपडा र खाद्यान्य गरी २ लाखबराबरको क्षति भएको जनाइएको छ।

यस्तै कितिलि बगरका कितिलि बगर तामाङको १ लाखबराबरको क्षति भएको प्रहरीले बताएको छ। खेतमा बाढी आउँदा जितबहादुर तामाङको ८ रोपनी, रुद्रबहादुर तामाङको ३ रोपनी, बस्ने कृष्णबहादुर तामाङको ३ रोपनी, नुरबतासी तामाङको ३ रोपनी खेत खोलाले बगाएको छ। बाढीले सयमिटर लम्बाइ भएको झोलुंगे पुलसमेत पूर्णरूपमा क्षति पुर्‍याएको छ।

यसैबीच नुवाकोटमा दैनिक विभिन्न प्राकृतिक विपत्तिका घटनामा वृद्धि भएको भन्दै जिल्ला प्रशासन कार्यालय नुवाकोटले जिल्ला आपत्कालीन कार्य सञ्चालन केन्द्र २४सै घन्टा सञ्चालनमा ल्याउने निर्णय गरेको छ।

जिप्रका नुवाकोटका प्रमुख प्रशासकीय अधिकृत नन्दलाल शर्माका अनुसार जिल्लामा घटेका विपत्सम्बन्धी कुनै पनि घटनाका सम्बन्धमा कुनै सूचना वा जानकारी भए तुरुन्त ०१० ६१९३३ मा सम्पर्क गर्न सकिनेछ। केन्द्रको जुनसुकै समयमा उद्धार र राहत कार्यका लागि सबै स्थानीय तह र सबै सम्बन्धित निकायलाई तयारी अवस्थामा रहन जिप्रका नुवाकोटले आग्रह गरेको छ।

# पूर्ण क्षति घर पनि प्रबलीकरण गर्न मिल्ने सूचीमा

**चिरञ्जीवी मास्के, दोलखा**

भूकम्पपछि क्षतिको विवरण संकलन गर्न गाउँ-गाउँमा पुगेका प्राविधिकको असावधानीका कारण दोलखामा पूर्ण क्षति भएको घर लाभग्राहीको सूचीमा नपरेको र परेका केही घर पनि प्रबलीकरणका लागि मात्र योग्य भनी आएको पीडितले बताएका छन् ।

दोलखा बैतेश्वर गाउँपालिका वडा नम्बर ६ खनियाचौरकी विपन्न पार्वती घिमिरे विनाशकारी भूकम्पले आफ्नो घर पूर्णरुपमा क्षति भएको तर पबलीकरणको लागि मात्र नाम आएको गुनासो गरिन्। प्राविधिक २ पटक आएर नापजाँच गरेको भए पनि बस्नै नहुने गरी क्षति पुगेको घर बनाएर बस्न मिल्ने (प्रबलीकरण) भनेर नाम आएको पार्वतीको गुनासो छ। भूकम्पपछि घरमा क्षति भएकै कारण टहरामा बस्दा २०७२ सालमा पार्वतीका श्रीमान्को चिसोका कारण मृत्यु भएको थियो।

'श्रीमान्को मृत्युपछि ५ जना परिवार पाल्ने जिम्मेवारी मेरो काँधमा छ, तर आर्थिक अभावका कारण परिवारसमेत राम्रोसँग पाल्न नसकेको बेलामा पूर्णरुपमा क्षति भएको घर पनि मर्मत गरेर बस्न मिल्ने भनेर आएको छ, अब कसरी घर बनाउन ?' -पार्वतीले गुनासो गर्दै भनिन्।



२०७२ सालदेखि नै भूकम्पले पूर्णरुपमा क्षति भएको घरमा प्लास्टिकले बारबेर गरेर मुस्किलले गुजारा गरिरहेकी पार्वती लाभग्राहीको सूचीमा नाम आएपछि प्राप्त हुने ३ लाखले सानो पक्की घरमा बस्ने सपना देखेर बसेकी थिइन्। तर प्रबलीकरणमा नाम आउँदा १ लाखमात्र आउने भएकाले घर बनाउने सपना पूरा हुने अवस्था नरहेको पार्वतीको भनाइ छ। 'आफ्नो घर हेर्न अली बढी नै बुद्धि भएको प्राविधिक आएकाले सायद बस्नै नहुने गरी भत्किएको घर पनि मर्मत गरेर बस्न मिल्ने देखेको होला' -पार्वतीले भनिन्।

यसैबीच पत्रकार गोकर्णप्रसाद भण्डारीले सहयोग संकलन गरी पीडित पार्वतीलाई तत्कालका लागि बस्ने बास बनाउन सहयोग पुगोस् भनेर ६ बन्डल जस्ता उपलब्ध गराएका छन्। उनले दोलखा उद्योग वाणिज्य संघका अध्यक्ष सुन्दर कार्की र सामुदायिक अस्पतालका सञ्चालक अमृत बूढाथोकीसँग सहयोग लिई पीडितलाई उक्त जस्ता उपलब्ध गराएका हुन्।

# सुत्केरीका लागि जननी एक्सप्रेस

हेटौंडा, (नेस)

गर्भको सुरक्षित जन्म, पूर्ण संस्थागत सुत्केरी अभियानअन्तर्गत मकवानपुरको सिस्नेरी स्वास्थ्यचौकीले स्वास्थ्य संस्थामा सुत्केरी हुने अवस्थालाई प्रबर्द्धन गर्न अनुकरणीय प्रयास थालेको छ। यसअन्तर्गत गर्भवती र शिशुको जीवनरक्षाका लागि स्वास्थ्य संस्थासम्म आउन र सेवापश्चात् घरसम्म फिर्ता हुन निःशुल्क एम्बुलेन्स सेवा (जननी एक्स्प्रेस) शुरु गरिएको हो।

दुर्गम बस्तीका विपन्न, स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका समुदायका गर्भवतीमा प्रसव अवस्थामा हुनसक्ने जटिलता र यसको कारण आमा तथा शिशुले जीवन गुमाउन नपरोस् भन्ने अभिप्रायले कार्यक्रम शुरु गरिएको हो।

कार्यक्रममार्फत हाल इन्द्रसरोवर गाउँपालिकाअन्तर्गत सिस्नेरी, कुलेखानी, फाखेल र मार्खुलगायत ललितपुरको घुसेल, थाङ्सिङ्टार, भीमफेंदी गाउँपालिकाअन्तर्गत इपा, कोगटेजस्ता दुर्गम क्षेत्रका गर्भवती तथा प्रसूति सेवा लिने महिला लाभान्वित हुनेछन्।

कार्यक्रम सञ्चालनका लागि सिस्नेरी स्वास्थ्यचौकीले आन्तरिक स्रोतबाट व्यवस्थापन हुने गरी सेवा शुरु गरेको छ। प्रभावकारी कार्यान्वयनका लागि इन्द्रसरोवर गाउँपालिका कार्यालयलाई सहयोगका लागि प्रस्ताव गरिएको स्वास्थ्यकर्मी सागर लामाले जानकारी दिनुभयो।

## वर्गीकृत डिस्प्ले

बोरिङ इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ ।

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रु. १००० ।-
बुकिङ खुला छ
विस्तृत जानकारीका लागि
कामना न्यूज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९८२२, ४२१९८८५

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९,
९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

**उपलब्धी सुविधाहरू**

(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित ।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

# छोटो बाटोमा सरकारी चासो

हेटौंडा, (नेस)

सम्बन्धित निकायले १ हप्ताभित्र भीमफेंदीदेखि हुमाने सडकखण्डको तत्काल गर्नुपर्ने कार्यको लागत इस्टिमेट तयार गर्ने र यसको समन्वय भौतिक पूर्वाधार मन्त्रालयले गर्ने भएको छ।

ठेक्का लिएका वा सम्झौता गरेका ठेकेदारलाई तत्काल कार्य आरम्भ गर्न निर्देशन दिने, अर्को बैठकमा अवस्था जानकारी गराउन निर्देशन दिने, लापरबाही गर्ने र जवाफदेही नलिने ठेकेदारलाई सम्बन्धित निकायमार्फत कारबाही गरिनेभएको छ।

हेटौंडा-काठमाडौं छोटो दूरीको सडक मर्मत र निर्माणसम्बन्धी सरोकावालाको बैठकले शुक्रबार यस्तो निर्णय गरेको हो। मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय प्रदेश नम्बर ३ को आयोजनामा हेटौंडा भीमफेंदी-फाखेल-हुमाने सडक र हेटौंडा-कुलेखानी-सिस्नेरी-दक्षिणकाली सडक मर्मत र हाल भइरहेको निर्माणबारे सम्बन्धित सरोकारवालाको बैठक मुख्यमन्त्री डोरमणि पौडेलको सभाध्यक्षतामा मुख्यमन्त्री कार्यालयमा बैठक बसेको हो।

बैठकमा भौतिक पूर्वाधार विकासमन्त्री केशव स्थापित, प्रमुख सचिव आनन्दराज ढकाल, सचिव रमेश शिवाकोटी, भौतिक पूर्वाधार सचिव, प्रमुख जिल्ला अधिकारी आश्मान तामाङ, प्रहरी प्रमुख, सडक डिभिजन कार्यालय काठमाडौं र मकवानपुरका पदाधिकारी र जिल्ला प्राविधिक कार्यालयका पदाधिकारी सहभागी थिए।

दक्षिणकाली-सिस्नेरी खण्डमा ठेकका दिएका कार्य र हालसम्म भएका प्रगति, हुमानेदेखि कुलेखानी हेभीसम्मको सडक मर्मतको अवस्था, ठेकेदारले सम्पादन गरेका कार्य र हालको अवस्था, दुवै खण्डको बाटोलाई मोडमा चौडा बनाउने र सहजरूपमा यातायात सुचारु गर्नेबारे छलफल भएको थियो।

विशेषगरी छैमलेमा मुआब्जा माग गरी स्थानीयबाट निर्माणमा अवरोध भएको र ठेकेदारले सम्झौता गरेको अवधिभित्र कार्यसम्पन्न गर्न नसकेकोबारे बैठकमा छलफल भएको थियो।

नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं** गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● धुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर** हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर** सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछें : ६१२७२४

सबमरिन ड्रोनले पानीमुनी ५० मिटर गहिराइसम्म गएर खोज्न सक्ने भएकाले हामीले यस्तो उपकरणको प्रयोग गर्ने सोच बनाएका हौं।

# खोलामा पानीको सतह बढेपछि यातायात बन्द

**किरन धामी, दार्चुला**

महाकाली लोकमार्गको गोकुलेश्वर-खलंगा सडकखण्डअन्तर्गत पर्ने काकडा खोलामा पानीको सतह बढ्दा जिल्लाको यातायात ठप्प भएको छ। गएराति भएको अविरल वर्षाका कारण खोलामा पानीको सतह बढेपछि जिल्लाबाट छोटो तथा लामो दूरीमा चल्ने यातायातका साधन बाटोमै ठप्प भएका छन्।

महाकाली नगरपालिका-८ स्थित पर्ने काकडा खोलामा पुल निर्माण हुन नसक्दा पानीको सतह बढ्नेबित्तिकै यातायात ठप्प हुने गरेका छन्। खोलाले सडक पुरै कटान गरेपछि यातायातका साधन चल्न सकेका छैनन्। खोलामा पानीको सतह घटेपछि स्काइभेटरले सडक बनाउने तथा यातायात सुचारु हुने जिल्ला प्रहरी कार्यालय दार्चुलाले जनाएको छ।



काकडा खोलामा मोटर पुल निर्माणाधीन अवस्थामा रहेको छ। पुल निर्माणको जिम्मा पाएको ठेकेदार कम्पनीको लापरबाहीका कारण पुल अलपत्र अवस्थामा छ। २०७२ सालमा आएको बाढीले उक्त खोलमा रहेको मोटरपुल बगाएको थियो। धनगढी, महेन्द्रनगर, काठमाडौंबाट जिल्ला आउने तथा जिल्लाबाट लामो तथा छोटो दूरीमा सञ्चालन हुने यातायातका साधनहरू बीच बाटोमै रोकिएका छन्।

शुक्रबार राति भएको वर्षाका कारण महाकाली नगरपालिका-९ दत्तुमा सडकको २ ठाउँमा पहिरो गएको छ भने मालिकार्जुन गाउँपालिका-३ तेछ्र्यालेकमा समेत पहिरो गएको प्रहरीले जनाएको छ। तेछ्र्यालेकमा गएको पहिरो हटाएर यातायात सुचारु भएको छ भने दत्तुमा गएको पहिरो हटाउने कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय दार्चुलाका प्रहरी निरीक्षक हिक्मतबहादुर बोहराले बताए। पहिरो र खोलामा पानी बढेका कारण यातायातका साधन ठप्प हुँदा यात्रुहरू बीच बाटोमै अलपत्र परेका छन्।

## गोक्यो हिमताल बेपत्ता विद्यार्थी प्रकरण

# सबमरिन ड्रोनको प्रयोग गरिँदै


**बुद्धवीर बाहिङ राई, सोलुखुम्बु**

गोक्यो हिमतालमा पौडी खेल्ने क्रममा बेपत्ता भएका ३ विद्यार्थीमध्ये २ विद्यार्थीलाई खोज्न 'सबमरिन ड्रोन' को प्रयोग गरिने भएको छ। हिमतालमा बेपत्ता ३ विद्यार्थीमध्ये पेम्बानुर्बु शेर्पाको शव गत साउन २३ गते सशस्त्र प्रहरी बलको गोताखोर टोलीले निकालेको थियो। सशस्त्र प्रहरी बलको गोताखोर टोलीले लगातार ४ दिनसम्म हिमतालमा २ बेपत्ता विद्यार्थी खोज्दा पनि नभेटिएपछि सबमरिन ड्रोनको प्रयोग गरिने भएको हो।

नेपालमा पहिलोपटक सबमरिन ड्रोनको प्रयोग गरी पानीमुनी मान्छे खोज्ने काम भएको खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ का वडाध्यक्ष लक्ष्मण अधिकारीले बताए। 'सबमरिन ड्रोनले पानीमुनी ५० मिटर गहिराइसम्म गएर खोज्न सक्ने भएकाले हामीले यस्तो उपकरणको प्रयोग गर्ने सोच बनाएका हौं', वडाध्यक्ष अधिकारीले भने- 'पानीमुनी जाँदा पनि अत्याधुनिक टर्च लाइट बालेर जान सक्ने भएकाले बेपत्ता विद्यार्थीको खोजीकार्यमा सहयोग मिल्ने अपेक्षा गरेका छौं।'

सिंगापुरमा किनिएको सबमरिन ड्रोन शनिबार नेपाल आइपुग्ने पनि अध्यक्ष अधिकारीले बताएका थिए। पासाङ ग्याल्जेन शेर्पा, तेन्जिङ शेर्पा र पासाङ शेर्पाले सिंगापुरबाट ड्रोन किनेर पठाएका हुन्। ड्रोन किन्न गाउँपालिकाको आन्तरिक स्रोतबाट ५ लाख रुपियाँ खर्च गरिएको पनि अध्यक्ष अधिकारीले बताए।

'अत्याधुनिक सबमरिन ड्रोनलाई चलाउनका लागि नेपाली सेना, सशस्त्र अथवा नेपाल प्रहरीमध्ये एकलाई आवश्यकीय तालिम दिई बेपत्ता विद्यार्थी खोज्न गोक्यो हिमतालमा लगिनेछ', उनले भने- 'यदि 'सबमरिन ड्रोनले हिमतालमा बेपत्ता विद्यार्थी भेट्टायो भने सशस्त्र प्रहरी बलको गोताखोर टोलीलाई लगेर शव निकाल्नेछौं।'



खुम्बु पासाङल्हामु गाउँपालिका वडा नं. ४ प्रदेश-१ कै सबैभन्दा बढी क्षेत्रफल भएको वडा हो। यतिमात्र होइन, विश्वकै सबैभन्दा अग्लो स्थानमा रहेको वडा पनि हो। उच्च हिमाली क्षेत्र, अत्यधिक चिसो ठाउँमा साधारण सेल फोनले काम नगर्ने भएकाले स्याटालाइट फोन र जीपीएस ट्र्याकिङ मेसिन गाउँपालिकाको आन्तरिक स्रोतबाट खरिद गर्ने पनि अध्यक्ष अधिकारीले बताए।

गत साउन १९ गते बिहान पौडी खेल्ने क्रममा खुम्जुङ माध्यमिक विद्यालय कक्षा ९ का ३ विद्यार्थी गोक्यो हिमतालमा डुबेर बेपत्ता भएका थिए। बेपत्ता हुनेमध्ये पेम्बानुर्बु शेर्पाको शव ५ दिनपछि सशस्त्र प्रहरी बलको गोताखोर टोलीले हिमतालबाट निकालेको थियो। तर पेम्बा दोर्जे शेर्पा र सुमन बराइलीको अवस्था अझै अज्ञात रहेको छ। शैक्षिक भ्रमणमा गएका ३३ विद्यार्थीमध्ये ३ विद्यार्थी गोक्यो हिमतालमा सदाका लागि अस्ताए।

# सुर्खेतमा १३ हजार नागरिकता वितरण

सुर्खेत, (नेस)

आव २०७४/७५ मा जिल्ला प्रशासन कार्यालय सुर्खेतबाट एक वर्षमा १२ हजार ४ सय ३५ जनालाई नागरिकता वितरण गरिएको छ।

जिल्ला प्रशासन कार्यालय सुर्खेतका अनुसार सबैभन्दा बढी नयाँ नागरिकता लिनेको संख्या रहेको छ। जिल्ला प्रशासनबाट वंशजको आधारमा ७ हजार ७ सय ४७, प्रतिलिपि नागरिकता ४ हजार ६ सय ८२ र वैवाहिक अंगीकृत नागरिकता ६ जनाले लिएको जिल्ला प्रशासन कार्यालय सुर्खेतका सूचना अधिकारी प्रशासकीय अधिकृत पदमलाल लामिछानेले जानकारी दिए। उनका अनुसार पुरानो नागरिकता कम्प्युटर प्रविष्टि ४१ हजार ५ सय ७४ रहेको छ।

### एक वर्षमा चार हजार राहदानी

सुर्खेत जिल्लाबाट राहदानी बनाउन सिफारिस लिनेको पनि संख्या धेरै रहेको छ। जिल्लाबाट सिफारिस भएर लिने राहदानी १ हजार ८ सय ६२ र द्रूत सेवाबाट राहदानी लिने सिफारिस भएका २ हजार ७७ जना रहेको सूचना अधिकारी लामिछानेले बताए।

जिल्लाबाट सिफारिस लिएमा ५ हजार, द्रूत सेवाबाट सिफारिस लिएकाले १ दिनमा राहदानी लिएमा १५ हजार, २ दिनमा लिएमा १२ हजार र ३ दिनमा लिन चाहेमा १० हजार रकम लाग्ने भएकाले प्राय: धेरैले द्रूत सेवाबाट सिफारिस लिने गरेको लामिछानेले बताए। त्यसै गरी कार्यालयले आव २०७४/७५ मा ४ हजार १ सय २३ विभिन्न सिफारिस गरेको उनको भनाइ छ।

### एक करोड एक लाख राजस्व संकलन

गएको आर्थिक वर्ष २०७४/७५ मा १ करोड १ लाख ११ हजार ९ सय ७७ रुपियाँ राजस्व संकलन भएको जिल्ला प्रशासन कार्यालय सुर्खेतले जनाएको छ।

राहदानी शुल्क ,दण्ड जरिवाना, अवैध हातहतियार, खरखजना, संस्था दर्ता तथा नवीकरणलगायतको कार्यबाट १ करोड बढी राजस्व संकलन भएको सूचना अधिकारी लामिछानेले जानकारी दिए।

### नौ करोड राहत वितरण

जिल्ला प्रशासन कार्यालय सुर्खेतले आर्थिक वर्ष २०७४/७५ मा ९ करोड राहत वितरण गरेको छ। विभिन्न समयमा विभिन्न राहतबापत कार्यालयले ८ करोड ८९ लाख १४ हजार ५ सय ९४ रुपियाँको राहत वितरण गरेको हो। कार्यालयले वैदेशिक रोजगार क्षतिपूर्तिबापत ६० लाख ७० हजार ८ सय ९४, दैवी प्रकोप राहत १७ लाख ४ हजार ५ सय, सवारी दुर्घटनाबाट पीडितलाई २० लाख ७५ हजार राहत वितरण गरिएको सूचना अधिकारी लामिछानेले जानकारी दिए।

त्यस्तै द्वन्द्व पीडितलाई ७ करोड ९० लाख ६४ हजार २ सय वितरण गरिएको छ। जसमध्ये मृतकका हकदारलाई १ करोड ९१ लाख ५० हजार, बेपत्ताका हकदारलाई ३५ लाख, टुहुरालाई ७ लाख ३३ हजार ३ सय, अपांगलाई ११ लाख ९० हजार ४ सय र विस्थापितलाई ५ करोड ४४ लाख ९० हजार ५ सय राहत वितरण गरिएको छ।

# 'हिन्दू राष्ट्रका विषयमा जनमत संग्रह गराउनुपर्छ'

विराटनगर, (नेस)

नेपाली कांग्रेसका महामन्त्री शशांक कोइरालाले हिन्दू राष्ट्रका विषयमा जनमत संग्रह गराइनुपर्ने बताएका छन्। विराटनगर विमानस्थलमा शनिबार सञ्चारकर्मीसँग कुराकानी गर्दै कोइरालाले पार्टीहरूको हस्तक्षेपबिनाको जनमत संग्रहबाट आउने कुरा सबैलाई मान्य हुनुपर्ने पनि बताए।

संघीयताको विकल्प नरहेको बताउँदै महामन्त्री कोइरालाले संघीयतालाई व्यवस्थित गर्ने कुरामा सबै पक्ष जिम्मेवार हुनुपर्ने बताए। कर बढाएर जनतालाई दु:ख दिने कुरा कांग्रेसलाई स्वीकार्य नरहेको उनले बताए। केन्द्र र स्थानीयस्तरमा थप गरिएको कर अविलम्ब हटाउनुपर्ने उनले बताए। उनले कर बढाइएका कारण महँगी बढेको भन्दै जनतालाई अफ्ठयारो बनाउने कुरा उचित नभएको धारणा राखे। उनले भने- 'कर बढाएर जनतालाई दु:ख दिनु हुँदैन, त्यो तत्काल फिर्ता गर्नुपर्दछ।'

नेपाली कांग्रेसले जितेका स्थानीय तहमा समेत कर बढाइएको सञ्चारकर्मीको जिज्ञासामा कोइरालाले कर बढाउन नहुने विषय नेपाली कांग्रेसको बटम लाइन रहेको जानकारी दिँदै बढाइएको कर अविलम्ब घटाउनुपर्ने बताए।

# शिलान्यास भएको १० वर्षपछि बन्न थाल्यो पुल

**महेश न्यौपाने, रोल्पा**

पश्चिम रोल्पालाई जिल्ला सदरमुकामसँग जोड्ने माडीखोला पुल शिल्यान्यास भएको १० वर्षपछि निर्माण आरम्भ गरिएको छ। निर्माण व्यवसायीले सम्झौताबमोजिम निर्माण कार्य नगरेपछि ठेक्का तोडी नयाँ निर्माण व्यवसयीलाई कामको जिम्मा दिएसँगै पुन: निर्माण कार्य अघि बढेको हो।

२०६५ सालमा तत्कालीन मन्त्री वर्षमान पुन र हृदयश त्रिपाठीले संयुक्तरुपमा शिल्यान्यास गरेको सो पुल निर्माण व्यवसायीको लापरबाहीले निर्माण कार्य अवरुद्ध भएको थियो। काठमाडौंको लामा एडी एन्ड धर्मेन्द्र जेभी निर्माण कम्पनीले सडक विभागसँग सम्झौता गरी निर्माण कार्यको जिम्मा लिएको थियो। पुलको एउटा पिलर ठडाएर लामो समयसम्म बेवारिसे बनाएको पुललाई निरन्तरता दिन रोल्पाको सर्वपक्षीय टोली प्युठानमा रहेको सडक डिभिजन कार्यालयमा डेलिगेसन गएपछि स्थानीय प्रशासनको समेत दबाबका कारण २०७१ सालमा पुन: एउटा पिलर ठड्याएको सो निर्माण कम्पनीले त्यसपछि निर्माण कार्य ठप्प पारेको थियो।

यातायात सञ्चालनको वैकल्पिक व्यवस्थाका लागि पुल निर्माणस्थल नजिक बेली ब्रिज जडान गरिएसँगै अस्थायीरुपमा समस्या समाधान भएको थियो। बेली ब्रिजबाट दीर्घकालीनरुपमा समस्या हल नहुने भन्दै जिल्लाका नागरिकहरूको बारम्बारको खबरदारीसँगै सरकारले लामा एडी एन्ड धमेन्द्र जेभीसँग सम्झौता तोडेसँगै गत आसारमा पुन: अर्को निर्माण कम्पनीसँगै पुल निर्माणका लागि सम्झौता गरेको बताइएको छ।

१७ महिनाभित्र निर्माण सम्पन्न गर्न एसियाटिक निर्माण कम्पनी मुख्य पाटी रहने गरी राज कन्स्ट्रक्सन रोल्पाले निर्माण कार्यको जिम्मेवारी पाएको छ। ३ करोड ५१ लाखको लागतमा निर्माण सम्पन्न गर्ने सम्झौता गरिएको निर्माण कम्पनीले जनाएको छ। भाद्र १ गतेदेखि नै निर्माण कार्य आरम्भ भएकाले तोकिएकै समयमा निर्माण कार्य पूरा हुनेमा आफू आशावादी रहेको निर्माण व्यवसायी राजवीर घर्तीमगरले जानकारी दिए। 'निर्माणस्थलमा रहेको कडा चट्यान काट्नुपर्दा केही कठिनाइ हुन सक्छ' -घर्तीले भने।

पुल निर्माण भएपछि पश्चिम रोल्पा सदरमुकामसँग स्थायीरुपमा जोडिनेछ। तरकारी, फलफूल, कुखुरा, घिउ, बोकाजस्ता कृषि उपज राम्रो उत्पादन हुने पश्चिम रोल्पाको उपज अब सहजै सदरमुकाम आउने भएपछि किसानहरू खुसी भएका छन्। बेली ब्रिज बनेपछि अस्थायीरुपमा समस्या हल भए पनि पक्की पुल निर्माणले स्थायीरुपमै समस्या समाधान हुँदा आफूहरू खुसी भएको कृषक हर्कमान पुनले बताए।

पूर्वसभामुख ओनसरी घर्ती र वर्तमान सरकारका सिंचाइ, जलस्रोत तथा उर्जामन्त्री वर्षमान पुनको पुर्ख्यौली घरनजिकै रहेको सो नदीमा निर्माण आरम्भ भएको लामो समयसम्म पुल नबन्दा आलोचना हुँदै आएको थियो।

# निजी लगानीमा ४५ लाखको भ्यु टावर

## आम्दानीको सबै रकम गरीब विद्यार्थीको सहयोगमा

**नरेन्द्र केसी, घोराही, दाङ**

अहिले नेपाली संगीत बजारमा निकै चलेको गीत हो- बालगायक अशोक दर्जीको धनबिनाको मन ठूलो कि मनबिनाको धन? मन र धन दुवै मिल्यो भने समाजमा कुनै प्रगति नहुने कुरै भएन। अहिले दाङको घोराहीमा मन र धन दुवैबाट सम्पन्न एक परिवारले जिल्लामै नयाँ काम गरेका छन्- परिवारको निजी लगानीमा भ्यु टावर निर्माण।

घोराही उपमहानगरपालिका-१४ निवासी पूर्वभारतीय सेनाका क्याप्टेन ८७ वर्षीय मनबहादुर पुन र श्रीमती ७८ वर्षीया दिलमाया पुनको नामबाट उहाँका छोराछोरीले ४५ लाख लगानीमा घोराही १८ ढोडेनीमा 'मनदिल पुन भ्यु टावर' निर्माण गरेका छन्। दाङमा पहिलोपटक निर्माण गरिएको भ्यु टावरबाट दाङ उपत्यकाको अधिकांश भू-भाग देख्न सकिने भएको छ। नमछु बौद्ध गुम्बाको परिसरमा १७ मिटर उचाइको टावर निर्माण गरिएको छ। जसमा एकपटकमा १५ देखि २० जना चढेर दाङ हेर्न पाउनेछन्।

अहिले भ्यु टावर पूर्ण सञ्चालनमा नआउँदै टावर चढेर दाङ हेर्नेहरूको भीड लाग्न थालिसकेको छ। जहाँबाट पूर्व चौपट्टादेखि पश्चिम तुल्सीपुर क्षेत्रसम्म आँखा डुलाएर हेर्न सकिन्छ। दूरबिनबाट दाङ दर्शनको व्यवस्था पनि मिलाइने माइला छोरा नरेन्द्र पुनले जानकारी दिनुभयो। जति खर्च लागे पनि यो भ्यु टावर दानका रुपमा निर्माण गरिएकाले यसबाट आउने सबै आम्दानी सामाजिक काममा लगाउने कान्छा छोरा डा. वसन्त पुनले जानकारी दिनुभयो।

टावर सुरक्षा, संरक्षण र सञ्चालनका लागि २ जना कर्मचारी भर्ना गरिएको छ। आम नागरिकबाट ५० र विद्यार्थीबाट प्रतिव्यक्ति ३० रुपियाँका दरले लिइने शुल्क जम्मा गरेर खर्च कटाएर बचेको रकम शिक्षा, स्वास्थ्य र खेलकुदमा लगाउने परिवारको तयारी छ। 'हामीले बचेको रकम सामुदायिक विद्यालयका छात्रछात्राका लागि लगानी गर्ने सोच बनाएका छौं', जेठा छोरा गुमानबहादुर पुनले भन्नुभयो- 'त्यसबाहेक केही रकम स्वास्थ्य र खेलकुदमा पनि लगाउने छौं।'



वर्षमा ५ लाख मात्रै बचत भयो भने पनि त्यसबाट धेरै काम गर्न सकिने परिवारको विश्वास छ। यो रकम परिचालनका लागि समितिसमेत गठन भइसकको छ। परिवारकै अग्रज व्यक्तिबाट अध्यक्षता गर्ने गरी गुम्बा सेवा समिति र मगर महिला सेवा समितिका प्रतिनिधि यसमा सदस्य रहनेछन्।


टावरको प्रभावकारी सञ्चालन र कोषको पारदर्शिताका लागि त्रिपक्षीय प्रतिनिधित्वसहितको समिति बनाइएको कान्छा छोरा डा. वसन्तको भनाइ छ। क्याप्टेन पुनका जेठा छोरा रिटायर्ड, माइला छोरा व्यवसायी, कान्छा छोरा चिकित्सक र छोरी कलावती पुन बुढा शिक्षक रहेकाले पनि अब सन्तानमा लगानी गर्नुपर्ने कुनै चिन्ता छैन। बरु छोराछोरीले नै बुबाआमाको सम्झनामा टावर निर्माण गरेर अभिभावकको सच्चा सम्मान गरेको आफूहरूलाई आभाष भएको बौद्ध गुम्बा समितिका अध्यक्ष सतमान रोकाले जानकारी दिनुभयो। गुम्बाको विकास र दाङको पर्यटन प्रवर्द्धनमा ठूलो सहयोग हुने उहाँको विश्वास छ।

# विश्व

2018, AUG
Sunday
19

### आशंकित

मंगल ग्रहमा विचरण गरिरहेको प्रयोगशाला रोबर क्युरियोसिटीले पठाएको एक तस्वीरमा देखिएको एक आशंकित रहस्यमय टुक्रा। यानको अवशेष हुन सक्ने उक्त टुक्रा च ानकै पातलो हिस्सा भएको नासाले आशंका जनाएको छ।



### प्रथम महिला

पाकिस्तानका प्रधानमन्त्री इमरान खानकी पत्नी बुशरा मनिका। इमरानको प्रधानमन्त्री सपथमा उपस्थित रहेकी बुशरा लगातार माला घुमाइरहेकी थिइन्।



विश्व २ मिनेट

## अस्ट्रेलिया

### एप्पलको कम्युटर ह्याक

मेलबर्न, (एजेन्सी)

एप्पलको एक प्रशंसक भएको बताउने एक अस्ट्रेलियन युवकललाई उक्त १० खर्ब डलर सम्पत्ति भएको कम्पनीको कम्प्युटरलाई ह्याक गरेका छन्। उनीमाथि ९० जिगाबाइट सुरक्षित फाइलहरू चोरेको र प्रयोगकर्ताको अकाउन्टसम्म पहुँच बनाएको आरोपमा मुद्दा चलाइएको 'द एज' अखबारले जनाएको छ। मेलबर्नस्थित एक बाल अदालतमा भएको सुनुवाइपछि एप्पलले तत्काल आफ्ना प्रयोगकर्तालाई एक विज्ञप्तिमार्फत निश्चिन्त रहन भनेको छ। उमेर १६ वर्ष भएकाले नाम सार्वजनिक नगरिएका ती युवकले एक वर्षमा एप्पलको मेनफ्रममा कैयौंपटक 'ह्याक्की, ह्याक ह्याक' को नाममा प्रवेश गरेको बताइएको छ।

## चीन

### एप्पलले गाडी ल्याउने

हङकङ, (एजेन्सी)

आइफोन र म्याकबुक दिएर विश्वमा तहल्का मच्चाउने अमेरिकी प्रमुख टेक्नोलोजी कम्पनी एप्पलले आगामी केही वर्षमा गाडी ल्याउने भएको छ। हङकङस्थित एक विश्लेषकले उक्त कम्पनीले सन् २०२३-२०२५ को बीचमा आफ्नो गाडी ल्याउन सक्ने दाबी गरेका छन्। कुओका अनुसार एप्पलले गाडीको बजारमा सन् २००७ मा एप्पलको आइफोनले जस्तै क्रान्ति ल्याउनेछ। केही दिनअगाडि मात्रै विज्ञहरूले एप्पलले गाडी परियोजना बन्द गरेको बताएका थिए। एप्पल आफ्नो सेवा र प्रविधिको कारोबारबाट १ हजार अर्ब डलरको पुँजी भएको पहिलो कम्पनी बनेको छ।

## भ्याटिकन

### दुःख व्यक्त

भ्याटिकन सिटी, (एजेन्सी)

नर्कमा जाने त्रास देखाउँदै १ हजारभन्दा धेरै बालबालिकाको यौन उत्पीडन तथा बलात्कार गरिएका मामिलालाई लिएर क्याथोलिक केन्द्र भ्याटिकनले 'लज्जास्पद र दुःखद' भएको प्रतिक्रिया दिएको छ। भ्याटिकनले ती घटनालाई आपराधिक रूपमा कलंकित बताउँदै पोप फ्रान्सिसले यस प्रकारका घटनालाई जरैदेखि अन्त्य गर्न चाहेको बताए। भ्याटिकन सिटीका प्रवक्ता ग्रेग बुर्केले पीडितलाई आश्वस्त गर्दै पोप उनीहरूको साथमा भएको बताए। अमेरिकाको पेन्सलभेनियामा एक न्यायिक मन्डलले एक जाँचमा रोमन क्याथोलिक पादरीहरूले १ हजारभन्दा बढी बच्चालाई यौन शोषण गरेको पाइएको थियो।

## मेक्सिको

### महिला उद्धार

मेक्सिको सिटी, (एजेन्सी)

मेक्सिको प्रहरीले ल्याटिन अमेरिका र पूर्वी युरोपका १ सय महिलालाई देह व्यापार तस्करका हातबाट बचाएका छन्। मानव तस्करीको आरोपमा १८ जनालाई गिरफ्तार गरिएको छ। मेक्सिको सिटीको एक देह व्यापार केन्द्रमा छापा मारी ती महिलालाई रिहा गरिएको सुरक्षा विभागले विज्ञप्तिमा उल्लेख गरेको छ। उद्धार गरिएका महिला ल्याटिन अमेरिका, मेक्सिको, अर्जेन्टिना, ब्राजिल, कोलोम्बिया, पाराग्वे, भेनेजुयला र पूर्वी युरोपका हंगेरी, युक्रेन र रुसका हुन्। ती महिलालाई रोजागारी दिने र मोडल बनाउने आकर्षण दिएर अपहरण गर्ने गरेको बताइएको छ।

# भारतको केरला राज्यमा भीषण बाढी

## ३ सय २४ को मृत्यु

केरला, (एजेन्सी)

भारतको दक्षिण राज्य केरलामा भीषण बाढीका कारण मर्नेको संख्या बढेर ३ सय २४ पुगेको छ। उक्त राज्यका मुख्यमन्त्री पिनराइ विजयनले विगत १ सय वर्षमा केरलाले यस्तो विध्वंश नदेखेको प्रतिक्रिया दिएका छन्। जुनको पहिलो हप्तामा भारतमा मनसुनको सुरुआत भएको थियो। तर केरलामा भीषण वर्षा र बाढीका कारण मर्नेको संख्यामा विगत ७२ घन्टामा तीव्र रूपमा बढेको छ।

बाढीका कारण करिब ३ लाख २५ हजार नागरिक घरबारविहीन भएको सरकारले अनुमान गरेको छ। उनीहरू राज्यले बनाएका २ हजारभन्दा धेरै अस्थायी राहत शिविरमा रहन बाध्य छन्।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी शुक्रबार राति नै केरला पुगेका थिए। शनिबार उनले केरलाको बाढी प्रभावित जिल्लाको अवलोकन भ्रमण गरे।





मुख्यमन्त्री पिनराइ विजयनले नागरिकलाई पानीमा नबस्न र उद्धारकर्मीको सहयोगमा त्यहाँबाट बाहिर आउन आह्वान गरेका छन्। उद्धार तथा राहतकर्ताले डुबान क्षेत्रका नागरिकलाई उचाइ भएका भू-भागमा बनाइएका अस्थायी शिविरमा लगिरहेका छन्।

बाढीमा फसेकाहरू आफ्नो सम्पत्ति छोडेर जान तयार नभएको समाचारमा आइरहेकाले मुख्यमन्त्रीले उक्त आह्वान गरेको बताइएको छ।

मुख्यमन्त्री विजयनले नागरिकसँग बाढी राहत कोषमा सहयोग पठाउन पनि आग्रह गरेका थिए। उनले ट्विटरमा एक बयान जारी गरी नागरिकसँग मद्दत मागेका थिए। आन्ध्र प्रदेश, दिल्ली र पन्जाबसहित भारतका अन्य केही राज्य सरकारले पनि केरलालाई राहत सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

केरलामा वायुको कम दबाबका कारण सामान्यभन्दा ३७ प्रतिशत धेरै वर्षा भएको भारतीय मौसम विभागले जनाएको छ। आगामी २ दिनसम्म वर्षा हुने अनुमान रहेको विभागले जनाएको छ। यसले त्यहाँको स्थिति थप बिग्रन सक्नेमा नागरिक चिन्तित छन्।

# चीनले शक्तिशाली बमवर्षक विकसित गरिरहेको छ : प्रतिवेदन



वासिङ्टन, (एजेन्सी)

चीनले लामो दूरीको मारक क्षमताको बमवर्षक विकसित गरिरहेको पेन्टागनले जारी गरेको नयाँ अन्तरिक्ष प्रतिवेदनले खुलासा गरेको छ। सम्भवतः चीनले अमेरिका र उसका सहयोगीमाथि हमला गर्न तालिम पनि दिइरहेको हुन सक्ने प्रतिवदेनमा उल्लेख गरिएको छ।

रक्षा क्षेत्रमा व्यापक लगानी वृद्धि गर्दै चीनले विश्वस्तरमा आफ्नो प्रभाव बढाउने प्रयास गरिरहेको पेन्टागनले जनाएको छ।

गतवर्ष चीनले रक्षा क्षेत्रमा १ खर्ब ९० अर्ब डलर खर्च गरेको पनि प्रतिवेदनले दाबी गरेको छ। विगत ३ वर्षमा पीएलएले आफ्नो ओभरवाटर बम्बर क्षेत्रलाई तीव्ररूपमा विस्तार गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ। उसले महत्त्वपूर्ण समुद्री क्षेत्रमा अनुभव हासिल गरिरहेको र अमेरिका तथा उसका सहयोगीविरुद्ध हमलाका लागि प्रशिक्षण लिइरहेको प्रतिवेदनले जनाएको छ।

प्रतिवेदनमा भनिएको छ- 'परमाणुसक्षम बमवर्षको तैनाथ र एकीकरणबाट पहिलोपटक चीनले परमाणु त्रिभुज पाउनेछ, जुन भूमि, समुद्र र वायुमा फैलिएको हुनेछ।'

चीनका राष्ट्रपति सी जिन पिङको नेतृत्वमा चीनले पहिले नै जिबौटीमा आफ्नो सैन्य अड्डा बनाएको छ र लामो समयदेखि आफ्नो मित्र रहेको पाकिस्तानमा पनि अतिरिक्त सैन्य अड्डा बनाउन चाहेको प्रतिवेदनमा उल्लेख गरेको छ।

चीनले पुरै ग्रह र अन्तरिक्षमा निगरानी राख्ने विशेष निगरानी क्षमतालाई बढाउनेतर्फ पनि काम गरिरहेको पेन्टागनले जनाएको छ। अमेरिका र चीनबीच आगामी दिनमा व्यापार युद्धलाई लिएर वार्ता हुन गइरहेको बेला पेन्टागनको यो नयाँ प्रतिवेदन आएको हो।

# इमरान खानद्वारा प्रधानमन्त्रीको सपथ

इस्लामावाद, (एजेन्सी)


पाकिस्तान तहरिक ए इन्साफका प्रमुख इमरान खानले शनिबार पाकिस्तानको २२ औं प्रधानमन्त्री पदको शपथ लिए। कालो रंगको शेरवानीमा पूर्वक्रिकेटरबाट राजनेता बन्न पुगेका इमरानले उर्दूमा सपथ लिएका थिए।

शुक्रबार भएको शक्ति परीक्षणमा नेसनल असेम्बलीले उनलाई १ सय ७६ मतले देशको २२औं प्रधानमन्त्रीमा चयन गरेको हो।

इमरानको शपथग्रहणमा ठूलो संख्यामा सेनाका वरिष्ठ अधिकारी उपस्थित रहेका थिए। उनकी तेस्री पत्नी बुशरा पनि समारोहमा उपस्थित थिइन्। बुशरा पुरै शरीर ढाक्ने पहिरनमा थिइन् र लगातार माला घुमाउँदै गरेको देखिएकी थिइन्। उनले समारोहमा उपस्थित केही महिलासँग पनि कुराकानी गरेकी थिइन्।

सैन्य प्रमुख कमर जावेद बाजवाले समारोहमा कांग्रेस नेता नवजोतसिंह सिद्धसँग भेटघाट गरी लामो समयसम्म कुरा गरे।

गत जुलाई २५ मा सम्पन्न आम चुनावमा इमरानको पार्टी सबैभन्दा ठूलो दलका रूपमा उदय भएको हो। शुक्रबार सदनमा सभामुख असद केसरले इमरानलाई विजयी भएको घोषणा गरिरहँदा सदनमा उपस्थित



पीएमएल एनका सदस्यले विरोधमा होहल्ला गरेका थिए।

इमरान खानको जितलाई लिएर केही राजनीतिक विश्लेषकले उनको जित सेनाका कारण भएको बताउँदै चिन्ता व्यक्त गरेका छन्। इमरानमाथि इस्लामिक कट्टरपन्थी संगठन तालिवानप्रति नराम्रो विचार राख्ने गरेको आरोप पनि लागेको छ। चुनाव जितेपछि खानले आफू भारतसँग राम्रो सम्बन्धका पक्षधर भएको बताएका थिए। यद्यपि चीनलाई उनले पाकिस्तानको कठिन घडीमा साथ दिने नजिकको मित्र भएको बताएका थिए।

उनले सन् १९७५ मा बेलायतको अक्सफोर्ड युनिभर्सिटीबाट ग्र्याजुएसन गरेका थिए। उनको कप्तानमा पाकिस्तानले सन् १९९२ मा क्रिकेट वर्ल्डकप जितेको थियो। उनले सन् १९९५ मा जेमिमा गोल्डस्मिथसँग विवाह गरेका थिए। सन् २००४ मा उनीहरूबीच सम्बन्धविच्छद भयो। सन् १९९६ मा खानले तहरिक ए इन्साफ नामको पार्टी गठन गरेका थिए।

सन् २०१४ मा खानले रहम खानसँग दोस्रो विवाह गरेका थिए। तर यो पनि धेरै टिक्न सकेन। केही समयपछि नै उनीहरूबीच तलाक भएको थियो। सन् २०१८ मा उनले धार्मिक गुरु बुशरा मनिकासँग तेस्रो विवाह गरेका थिए।

दोस्रो पत्नी रेहमले आफ्नो किताबमा इमरानलाई समलिंगी भएको उल्लेख गरिएको थियो। उनले इमरानले आफूमाथि यौन शोषण गरेको आरोप पनि लगाएकी थिइन्।

# चिनियाँ शहर आर्थिक संकटमा

बेइजिङ, (एजेन्सी)

अमेरिकासँगको व्यापार युद्ध चलिरहेकै बेला चीनका कैयौं शहरमा आर्थिक संकट मडारिरहेको एक सर्वेक्षण प्रतिवेदनले दाबी गरेको छ।

विश्वभरका देशमा आफ्नो व्यापार व्यवसाय फैलाउने प्रयासमा विभिन्न महत्त्वाकांक्षी परियोजनामा अकूत धन लगानी गरिरहेको चीनका ती शहरको आर्थिक स्थिति कमजोर बन्दै गएको बताइएको छ।

हुनान प्रान्तको चांगदीजस्ता देशका कैयौं शहरको स्थिति नाजुक बन्दै गइरहेको र कैयौं सरकारी परियोजनाको गति अत्यन्त सुस्त भइरहेको छ। साउथ चाइना मर्निङ पोस्टको एक प्रतिवेदनमा चीनका कैयौं शहर आर्थिक संकटबाट गुज्रिरहेको उल्लेख गरेको छ।

६० लाख आवादी रहेको चांगदी सहरका ४४ वर्षीय बासिन्दा तथा २ बच्चाका पिताले भने- 'यो मेरो कल्पनाभन्दा परको हो। कैयौं सडक बन्नुले पुरै क्षेत्र अत्यन्त तीव्ररूपमा विकसित भएको छ तर अहिले कैयौं सरकारी परियोजनामा काममा ढिलाइ भइरहेको छ।'

यो स्थिति चीनका अन्य शहरमा पनि देखिएको छ। तीव्र विकासका लागि यी शहरका स्थानीय प्रशासनलाई स्टेट बैंकिङ सिस्टमबाट सजिलै ऋण प्रवाह गरिएको थियो र प्रारूप विकासमा व्यापक खर्च गरिएको थियो।

सडक, पुल, विमानस्थल, रेलवे, गगनचुम्बी, सम्मेलन केन्द्र र खेलकुद मैदानमा सरकारका तर्फबाट व्यापक खर्चका कारणले नै विगतको दशकमा चीनको आर्थिक वृद्धिमा तीव्रता भएको थियो। यद्यपि यी सबै कार्यले नै बेइजिङमाथि प्रचुर ऋण थुप्रिन पुगेको थियो। बैंक फर इन्टरनेसनल सेटलमेन्ट्सले मध्य २०१७ मा कुल ऋणलाई चीनको कुल गार्हस्थ उत्पादनको २ सय ५६ प्रतिशत बताइएको थियो। यसमा सबैभन्दा धेरै सरकारी उद्योग र स्थानीय सरकार जिम्मेवार छन्।

चीनका राष्ट्रपति सी जिन पिङले वित्तीय जोखिम कम गर्नका लागि अर्थव्यवस्थामा कुल ऋणको स्तरलाई न्यूनतम् राख्न चाहेका छन् तर यो सहज भने छैन। चांगदीजस्ता शहरका विकासका लागि सरकारले लगानी गुर्न नै पर्ने हुन्छ। चांगदीलाई चीनको स्टालिनग्राड भन्ने गरिन्छ। किनभने सन् १९४३ मा यसले जापानीहरूलाई कडा चुनौती दिएको थियो।



यो शहर आर्थिक केन्द्रका रूपमा उदय हुन चाहन्छ। यो प्रान्तीय राजधानी चांगसाबाट रेलबाट मात्र २ घन्टाको दूरीमा पर्छ। यो चीनको ती सयौं शहरमध्येको एक हो, जसले आर्थिक परिदृष्यमा ठूलो भूमिकामा आउने प्रयास गरिरहेका छन्। यद्यपि कैयौं शहरजस्तै यसको विकासको मोडल र संरचनागत सुविधामा खर्च सरकारको अपेक्षा तथा बजेटभन्दा धेरै भएको छ। गतवर्ष चांगदीको आय १६ अर्ब युयान रह्यो, जुन उसको कुल खर्चको एक चौथाइ मात्र हो। त्यसको बाँकी पूर्ति बेइजिङ र चांगसाबाट भएको हो।

यी सबै त्यस्तो बेला भइरहेको छ जब बेइजिङले सार्वजनिक तथा निजी साझेदारमा नियन्त्रण कडा पारेको छ, जसले इन्फ्रास्ट्रक्चरमा लगानी गरिरहेको छ। त्यसै गरी बैंकहरू पनि तत्काल फाइदा नहुने क्षेत्रमा ऋण प्रवाह गरेका छैनन्। सरकारी दस्तावेजका अनुसार कम्तीमा शहरका ७ ठूला परियोजना शुरू नै हुन नसकेको स्थितिमा छ। पुनर्निर्माणका दर्जनौं परियोजना पनि छन् जसमा सिटीका प्लानिङ एजेन्सीले काम गरिरहेका छन्।

चांगदी डेभलपमेन्ट एन्ड रिफम कमिसनका अनुसार सरकारी ऋण समाप्त पार्ने र सरकारी खर्च रोक्ने नीतिका कारण यो ढिलाइ भइरहेको हो। यसैबीच केन्द्र सरकारले कैयौं प्रान्तीय सरकारलाई अहिले नयाँ लगानी गर्ने विषयमा नसोचेर पुरानो चलिरहेका परियोजना सम्पन्न गर्नमा ध्यान केन्द्रित गर्न प्रष्ट निर्देशन दिएको छ।

{ प्रधानमन्त्रीले आफ्नो जीवन विभेदविरुद्ध लडेको स्मरण गर्दै नयाँ संविधानमा कुनै क्षेत्र र समुदायले विभेदको महशुस गरे संविधान संशोधन गर्न सकिने पनि धारणा व्यक्त गर्नुभयो।

# नेपाल

## मन्त्रालयको उत्साह बढ्यो

**नेपाल समाचारपत्र**

काठमाडौं

काठमाडौंको स्वयम्भूमा अवस्थित विभिन्न सम्पदाको पुनर्निर्माण सम्पन्न भएको छ।



हालै मात्र जीर्णोद्धार कार्य सम्पन्न भएका अनन्तपुर प्रतापपुर, शान्तिपुर वायुपुर वासुपुर एवम् अन्य १७ वटा सम्पदाको राष्ट्रपतिद्वारा शनिबार निरीक्षण गर्नुभएको छ। विश्व सम्पदामा सूचिकृत यी सम्पदाको निरीक्षणका क्रममा राष्ट्रपतिद्वारा पूजाआजा पनि गर्नुभएको थियो।

प्रवलीकरण तथा पूर्ण जीर्णोद्धार सम्पन्न सम्पदाको औपचारिक कार्यक्रममा बोल्नुहुँदै संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्री रविन्द्र अधिकारीले राष्ट्रपतिज्यूको सम्पदा निर्माणप्रतिको चासोले मन्त्रालयको उत्साह बढेको बताउनुभएको छ।

हामीले, केही समयपछि पाटन कृष्णमन्दिर सम्पन्न गर्दै छौं भने पशुपतिक्षेत्रका सम्पदा निर्माण सम्पन्न भएको मन्त्री अधिकारीले बताउनुभयो। भूकम्पको थिलोथिलोबाट उठेर हामी हिँडेका छौं। अबको २ वर्षमा हामी दौडनेछौं। हिजोका जस्तै बनाउनेछौं, राष्ट्रपतिलाई सम्पदा निर्माणको बारेमा जानकारी दिने क्रममा मन्त्री अधिकारीले बताउनुभयो।

अनन्तपुर प्रतापपुर करिब ३ करोड ११ लाख लागतमा सम्पन्न भएका हुन् भने अरू सम्पदामा नेपाल सरकार र विभिन्न देशको सहयोगमा पुनर्निर्माण भएका हुन्। पुर्णरूपमा ध्वस्त भएका र केही आंशिक क्षति भएका गरी १७ वटा सम्पदाको पुनर्निर्माण सम्पन्न भएको पुरातात्विक विभागका महानिर्देशक भेषनारायण दाहालले बताउनुभयो।

## संवाददाता शर्मा सम्मानित




पर्वत, (नेस)

नेपाल समाचारपत्र दैनिकका पर्वत संवाददाता दुर्गाप्रसाद शर्मा सम्मानित हुनुभएको छ। पर्वतबाट सञ्चालित अनलाइन न्युज पोर्टल सूचनाकेन्द्र डटकमले आफ्नो ५औं वार्षिकोत्सवको अवसरमा पर्वत जिल्लाको पत्रकारिता क्षेत्रमा उल्लेखनीय योगदान पुर्याएको भन्दै सम्मानित गरेको हो।

पत्रकार सम्मान तथा सांगीतिक साँझको अवसर पारेर संवाददाता शर्मालाई सांसद पदम गिरीले नगदसहित सम्मान गर्नुभयो। संवाददाता शर्माले बिगत दुई दशकदेखि पर्वतमा बसेर व्यावसायिक पत्रकारिता गर्दै आउनुभएको छ।

## विभेदको महशुस भए संविधान संशोधनः प्रधानमन्त्री ओली

काठमाडौं, (नेस)



प्रधानमन्त्री केपी शर्मा ओलीले प्रदेश नम्बर २ सबैभन्दा बढी सम्भावना बोकेको प्रदेश भएको बताउनुभएको छ। उहाँले प्रदेशको विकासका लागि संघीय सरकारले विशेष नीति बनाएको बताउनुभएको हो।

जनकपुरमा शनिबार २ नम्बर प्रदेशसभा बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले जनताको आधारभूत आवश्यकता पूरा गर्दै तराई मधेसमा कृषिको आधुनिकीकरण गरिने बताउनभुयो। प्रधानमन्त्रीले तराईलाई सुख्खा र मरुभूमिबाट जोगाउनुपर्ने बताउँदै कोशी-मरिन-कमला डाइभर्सन निर्माण गरेर सिँचाइको व्यवस्था मिलाउने बताउँदै तराईमा मल कारखाना खोल्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

विकासका लागि ठूला योजनाहरु बनाउनै पर्नेमा जोड दिएको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो- 'साँझ बिहान छाक टार्ने मात्रै कुराले मुलुक विकसित हुन सक्दैन, सुखी नेपालीः समृद्ध नेपाल' को नारालाई भारत र चीनले पनि साथ दिएको छ।'

प्रधानमन्त्रीले तराईको सप्तरीबाट नेपाल समुद्रसँग जोडिन लागेको बताउँदै राजविराजमा मेडिकल कलेज खोल्ने, पाँच वर्षभित्र हुलाकी सडक निर्माण गर्ने, २ नम्बर प्रदेशका ८ जिल्लामा ८ हजार घर निर्माण गर्नेलगायतका योजना कार्यान्वयमा ल्याइएको प्रतिबद्धता व्यक्त गर्नुभयो।

प्रधानमन्त्रीले आफ्नो जीवन विभेदविरुद्ध लडेको स्मरण गर्दै नयाँ संविधानमा कुनै क्षेत्र र समुदायले विभेदको महशुस गरे संविधान संशोधन गर्न सकिने पनि धारणा व्यक्त गर्नुभयो। उहाँले कुनै पनि नेपाली नागरिकताविहीन हुन नसक्ने बताउनुभयो।

## नयाँ मुलुकी ऐन उल्लंघन गर्ने प्रहरी हवल्दार निलम्बनमा

कालिकोट, (नेस)

खाँडाचक्र नगरपालिका-१ का २८ वर्षीय गोविन्द दमाईंलाई निर्घात कुटपिट गर्ने जिल्ला प्रहरी कार्यालय कालिकोटमा कार्यरत प्रहरी हवल्दार सुरेन्द्र परियार निलम्बित हुने भएका छन्।

एकल महिलाको कोठामा जाने दुर्व्यवहार गर्ने, नागरिकलाई कुटपिट गर्ने कार्यमा संलग्न भएकाले निलम्बनका लागि शनिबार क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतमा सिफारिस गरिएको कालिकोटका प्रहरी प्रमुख डीएसपी बिनोद शर्माले बताएका छन्।

डीएसपी शार्माका अनुसार युवालाई कुटपिट गरेको खराब आचरण उजुरी आएपछि नयाँ ऐन कार्यान्वयनका लागि निलम्बन गरिएको हो। महिला तथा बालबालिका कार्यालय कालिकोटनजिकै घर भएका दमाईंलाई आफ्नो हितविपरीत काम गरेको आरोपमा भदौ १ गते प्रहरी हवल्दार परियारले निर्घात कुटपिट गर्दा दमाईं गम्भीर घाइते भएका थिए।

प्रहरी हवल्दार सधैं सादा पोशाकमा आउने गरेका र एक महिलासँग अवैध सम्बन्ध राख्ने गरेको थाहा पाएकाले कुटपिट गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। घटनापछि आरोपित प्रहरी हवल्दार फरार अवस्थामा रहेका छन्। घाइते दमाईंको उपचार जिल्ला अस्पताल कालिकोटमा भएको थियो।

## एक सय पन्ध्र वर्षदेखि इलाममा लाखे नाच

**गणेश घिमिरे, इलाम**

इतिहास र सामाजिक परम्परासँग जोडिएको लाखे नाच इलाममा शुरू भएको एक सय पन्ध्र वर्ष पुगेको छ। इलाम बजारमा काठमाडौंबाट केही नेवार समुदाय १९६० सालमा बसाइँ सरी आएसंगै उनीहरुले आफ्नो कलासंस्कृतिलाई इलाममा पनि शुरू गरेका थिए।

यहाँ नेवार समुदाय आएदेखि नै इलाममा लाखे नाच शुरु भएको नेवार समुदायका अगुवाहरु बताउँछन्। तर जिल्लामा कसले यो नाच भित्र्याएको भन्ने बारेमा चाँहि अहिलेसम्म पत्ता लाग्न नसकेको बताइएको छ। इलाम बजारमा १९६० सालबाट शुरु भएको लाखे नाच एक/डेढवर्षपछि नजिकैको फिक्कल बजारमा पनि शुरु भएको थियो। यो नाचसँगै रोपाइँजात्रा पर्वसमेत मनाउँदै आएका थिए। रोपाइँजात्रा पर्व अहिले जिल्लाका सबै समुदायको साझा सम्पत्ति जस्तै बनेको छ। इलामका सबै समुदायका मानिसले यसलाई साझा पर्वका रूपमा लिन थालेपछि लाखे नाच तथा रोपाइँजात्रा पर्व सबैको साझा सम्पत्ति भएको इलामका इतिहासविद् तथा नेवा दे दवुका अध्यक्ष युद्धप्रसाद वैद्यले बताए। 'नेवार समुदायको मात्र पर्व मानिने लाखे नाच इलामको एउटा मौलिक र सामाजिक एकता दर्शाउने पर्व बनेको छ' वैद्यले भने- 'नेवार समुदायमा प्रचलित लाखे नाच इलाममा निकै लोकप्रिय भए पनि सरोकारवाला र स्थानीयको बेवास्ताले विस्तारै संकटमा पर्न थालेको छ।'

प्रत्येक वर्ष साउन महिनाको कृष्ण त्रयोदशीका दिन नेवार समुदायले गठेमङ्गल पर्व मनाउने गर्दछन्। त्यसपछि नागपञ्चमीबाट इलाममा लाखे नाच निकालिँदै आएको छ। सामाजिक एकता, मेलमिलाप र मनोरञ्जन दिनका लागि जिल्ला सदरमुकाम इलाम बजार र फिक्कल बजारमा मात्रै देखाइने लाखे नाच कृष्ण जन्माष्टमीको भोलिपल्ट सकिने गर्दछ। खासगरी युवापुस्ताको सक्रियता र चासोको अभावले लाखे नाच निरन्तर चलिरहेको भए पनि मौलिक बन्न नसकेको सरोकारवाला बताउँछन्। विगतमा निकै लोकप्रिय र भव्य स्थानीय पर्वका रूपमा रहेको लाखे नाच पछिल्लो समय सम्बन्धित समुदायकै बेवास्ता र नेतृत्वको अभावमा लोप हुने हो कि भन्ने आशंका उत्पन्न हुन थालेको छ।

जिल्लामा २००९ साल अघिसम्म स्वतःस्फूर्त नेवार समुदायले लाखे नाचका साथै गाईजात्रा, रोपाइँजात्रा पर्व मनाउँदै आएका थिए। २००९ सालपछि इलाम नेवार समाज गठन गरेर यो पर्वलाई अलिक व्यवस्थित बनाएर मनाइँदै आएको र २०४८ सालबाट नेपाल भाषा तथा संस्कृति समाज संस्था नै जिल्लामा गठन गरेर संस्थागत रूपमा यो पर्व मनाइँदै आएको बताइन्छ। तर बिगत केही वर्षयता संस्थामा नेतृत्वका लागि मात्र हुने हानथाप, काम नगर्ने प्रवृत्ति, हिसाबकिताब अपारदर्शी हुन थालेपछि सिंगो नेवार समुदायकै मौलिक संस्कृति लाखे नाच, रोपाइँजात्राजस्ता पर्व संकटमा पर्दै गएको वैद्यको चिन्ता छ। जिल्लामा गाईजात्रापछि मनाइने रोपाइँजात्रा पर्व इलामेहरुले साझा संस्कृतिकै रूपमा लिने गरेका छन्।

बिगतमा गाईजात्राको भोलिपल्ट नै रोपाइँजात्रा पर्व मनाइने गरे पनि पछिल्लो केही वर्षयता गाईजात्रापछिको पहिलो बिहीबार हटियाको दिन पारेर रोपाईंजात्रा निकालिँदै आएको छ। रोपाईंजात्रा जिल्लामा नेवार समुदाय बढी बसोबास रहेको इलाम बजारसहित एकतप्पा, नामसालिङ, फिक्कल, दानाबारी, जितपुरमा निकालिँदै आएको नेवार समुदायका अगुवाहरु बताउँछन्। द्वापर युगमा भगवान् श्रीकृष्ण र उनका मामा कंशबीचको लडाइँको झल्को दिने गरी विभिन्न गतिविधि गर्दै बजार क्षेत्रमा लाखे नाच मनाउने चलन सबैका लागि मनोरञ्जनको उत्कृष्ट नमुना भएको पुराना बुढापाकाको भनाइ छ।

## ४६ मृतक परिवारलाई साढे ५ करोड बढी राहत

**रामधन राई, खोटाङ**

वैदेशिक रोजगारीका सिलसिलामा विशेष गरी खाडी मुलुक तथा मलेसियामा ज्यान गुमाएका खोटाङका ४६ मृतक परिवारले साढे ५ करोडभन्दा बढी राहत तथा क्षतिपूर्ति प्राप्त गरेका छन्। सन् २०११ देखि हालसम्म वैदेशिक रोजगारीको क्रममा विभिन्न कारणले ज्यान गुमाएका मृतक परिवारले वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड तथा बीमा कम्पनीबाट राहत तथा क्षतिपूर्तिस्वरूप ५ करोड ६५ लाख ३५ हजार रूपियाँ प्राप्त गरेका हुन्।

वैदेशिक रोजगारीको सिलसिलामा विदेशमै रहँदा भएको विभिन्न प्रकृतिका दुर्घटना, सुतेकै ठाउँमा ज्यान गुमाएका, बिरामी परेर ज्यान गुमाएका परिवारलाई विभिन्न समयमा राहत तथा क्षतिपूर्ति दिलाइएको जनाइएको छ। पीडित परिवारलाई क्षतिपूर्ति तथा राहत दिलाउनका लागि जिल्लामा रहेर सुरक्षित वैदेशिक रोजगारीको क्षेत्रमा काम गरिरहेको सुरक्षित आपवासन परियोजना सामीले सहयोग गरेका थिए। राहत तथा क्षतिपूर्तिका लागि आवश्यक प्रक्रिया पूरा गर्न तथा कागजात तयार पार्न सामीले सहयोग गर्दै आएको सुरक्षित आप्रवासन परियोजना (सामी)को दिक्तेलस्थित सूचना केन्द्रका परामर्शकर्ता अम्बिका दाहालले बताउनुभयो। परियोजनाले सन् २०११ यता वैदेशिक रोजगारीका सिलसिलामा ठगीमा परेका जिल्लाका ६७ पीडितलाई ३९ लाख ९६ हजार ५ सय क्षतिपूर्ति दिलाउन, खाडी तथा मलेसियामा अलपत्र १६ जनालाई उद्धार गर्नसमेत परियोजनाले सहयोग गरेको जनाइएको छ।

यस्तै ५ सय ७१ वटा केसमा कानुनी सहायता प्रदान गरिएको, मेडिकल फेल भएका ३ जनालाई २ लाख ९२ हजार क्षतिपूर्ति दिलाउने र एजेन्टले होल्ड गरेका २७ वटा पासपोर्ट फिर्ता गराउनसमेत सुरक्षित आप्रवासन परियोजनाले सहजिकरण गरेको परामर्शकर्ता दाहालको भनाइ छ। परियोजनासँगको सहकार्यमा जिल्लास्थित बालसेवा समाज नेपाल नेर्पा र नवीकरण सेवा समाज दुर्छिमले वैदेशिक रोजगारीलाई सुरक्षित बनाउन विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएका छन्।

## शिक्षक मृत फेला

खोटाङ, (नेस)

खोटाङमा एक शिक्षक मृत फेला परेका छन्। दिक्तेलस्थित दिक्तेल माउन्ट एभरेस्ट बोर्डिङ स्कुलमा कार्यरत शिक्षक राज भट्टराई शनिबार बिहान मृत फेला परेका हुन्। बिगत ७ वर्षदेखि दिक्तेल माउन्ट एभरेस्ट बोर्डिङ स्कुलमा कार्यरत शिक्षक भट्टराई आफ्नै कोठामा मृत अवस्थामा फेला परेको जिल्ला प्रहरी कार्यालय खोटाङका डीएसपी राजकुमार केसीले बताउनुभयो। बुढीगंगा गाउँपालिका-७ मोरङ ठेगाना भएका शिक्षकको मृत्युको कारण खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। घट्नाका विषयमा अनुसन्धान भइरहेको डीएसपी केसीको भनाइ छ।

## भन्सार छलेर भित्र्याएको लाखौंको सामग्री बरामद

इलाम, (नेस)

भन्सार छलेर भारतबाट नेपालतर्फ भित्र्याउँदै गरेको लाखौं मूल्यको अबैध सामग्री प्रहरीले शनिबार बरामद गरेको छ। नेपाल भारत सिमावर्ती इलाम सूर्योदय नगरपालिका वडा नम्बर २ चारमाईल जंगलमा भारतबाट नेपालतर्फ ल्याउँदै गरेको करिब १ लाख ३० हजार रूपियाँबराबरको विभिन्न सामग्री प्रहरीको गस्ती टोलीले बरामद गरेको हो। तस्करहरुले भन्सार छलेर ल्याउने क्रममा गस्तीमा खटिएको प्रहरीलाई देख्नसाथ उनीहरु सामान छाडेर भागेको प्रहरीले बताएको छ।

## अन्नानको...

अन्नानले अप्रत्यक्ष रूपमा आफ्नो सम्पूर्ण जीवन राष्ट्रसंघमा प्रशासनिक भूमिका निभाएरै बिताए। कुलिन शैली, सुन्दर शान्त स्वभाव र राजनीतिक बुझाइले उनलाई सातौं महासचिव बन्नका मद्दत गर्यो। 'जहाँ पीडा वा आवश्यक हुन्थ्यो उनी त्यहाँ पुगिहाल्थे र आफ्नो गहिरो करुणा र सहानुभूतिले धेरैभन्दा धेरै व्यक्ति उनीनजिक पुगेका हुन्छन्' -उनको संस्थाले जनाएको छ। यसैबीच अन्नानको निधनमा दुःख व्यक्त गर्दै प्रधानमन्त्री केपी शर्मा ओलीले मृत आत्माको चिर शान्तिको कामना गर्नुभएको छ। परराष्ट्र मन्त्रालयले पनि उहाँको निधनमा शोक व्यक्त गर्दै शोक सन्तप्त परिवारप्रति समवेदना व्यक्त गरेको छ। त्यसै गरी राष्ट्रसंघको नेपाल कार्यालयले राष्ट्रसंघका दूरदर्शी पूर्वमहासचिवको निधन भएको बताउँदै गहिरो समवेदना व्यक्त गरेको छ।

## कहिले...

यसकारण अझै प्रक्रिया लम्बिने भएकाले संवैधानिक इजलास कहिले बस्ने भन्ने अन्योल देखिएको छ। न्याय परिषद्को सिफारिसमा प्रधानन्यायाधीशले इजलास तोक्ने व्यवस्था छ। संवैधानिक इजलास बस्न नसक्दा संवैधानिक प्रश्न, संक्रमणकालीन न्याय, राजनीतिक संक्रमणलगायतका विषय जोडिएका कानुनी विवाद किनारा लाग्न सकेका छैनन्।

नेपाल बार एसोसिएसनका पूर्वअध्यक्ष प्रेमबहादुर खड्काका अनुसार हालका कायममुकायम प्रधानन्यायाधीश मिश्रले संवैधानिक इजलास बसाल्न कानुनी व्यवधान पर्दैन। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'संविधानअनुसार पाँच जनाको बेन्च रहने व्यवस्था छ। तर, राजनीतिक हस्तक्षेपका कारण बैठक बसाल्न समस्या भएको हुन सक्छ। यदि आँट गर्ने हो भने मिश्रज्यूले इनिसियसन लिन सक्नुहुन्छ।'

अधिवक्ता गोपालकृष्ण घिमिरले संवैधानिक इजलास बसाल्न कायममुकायम प्रधानन्यायाधीश मिश्रलाई कानुनी आधारमा नरोक्ने बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'कायममुकायम भनिसकेपछि प्रधानन्यायाधीश नहुँदा सम्पूर्ण रूपले काम गर्ने अधिकार दिइएको हुन्छ। त्यसैले बेन्च बसाल्न प्रधानन्यायाधीशमै सिफारिस हुनुपर्छ भन्ने छैन।' इजलासले संघ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरूबीचको अधिकार क्षेत्रबारे भएको विवाद समाधान गर्छ। यस्तै संघीय संसद् वा प्रदेशसभा सदस्यको निर्वाचनसम्बन्धी विवाद र संघीय संसद्का सदस्य र प्रदेशसभाका सदस्यको अयोग्यतासम्बन्धी विवाद पनि समाधान गर्छ। इजलासले मौलिक हकमा अनुचित बन्देज लगाइएमा, कुनै कानुनहरू संविधानसँग बाझिएमा त्यसको सुनुवाइ गर्ने अधिकार पाएको छ। सो इजलासमा प्रदेश, संघ र स्थानीय तहले बनाएका कानुन बदर गरिपाऊँ भन्दै सर्वसाधारणले निवेदन गर्न पाउने व्यवस्थासमेत छ।

## राजपा...

शुरूमा धेरैवटा मन्त्रालय दिन नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले सहमति जनाए पनि पछि पार्टी एक भएपछि एक उपप्रधानमन्त्रीसहित स्वास्थ्यमन्त्री, स्वास्थ्य राज्यमन्त्री र शहरी विकासमन्त्री पाएको छ। अध्यक्ष यादव आफैं उपप्रधानमन्त्रीसहित स्वास्थ्यमन्त्री हुनुभएको छ। केही दिनअघि मात्र सुरेन्द्रकुमार यादव स्वास्थ्य राज्यमन्त्री बन्नुभएको छ। मोहम्मद इस्तियाक राई शहरी विकासमन्त्री रहनुभएको छ। प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा फोरम नेपाल र राजपाबीच तालमेल भएको थियो। २ नम्बर प्रदेशमा फोरमले मुख्यमन्त्री पाएको छ भने सभामुख राजपाले। राजपाले यो प्रदेशमा राज्यमन्त्री पनि बनाएको छ। राजपा सांसद लक्ष्मणलाल कर्णले सरकारबाट समर्थन फिर्ता नलिएको प्रतिपक्षी पार्टी राजपा भएको बताउनुभएको छ। राजपामा प्रतिनिधिसभामा १७ सांसद छन्, जसमध्ये कैलाली-१ बाट निर्वाचित चौधरीको शपथ भएको छैन। राष्ट्रियसभामा फोरम र राजपाका २/२ सांसद छन्।

दुवै सदनमा राजपा विपक्षीको स्थानमा बस्दै आएको छ। राजपाका नेताहरू हृदयेश त्रिपाठी र वृजेशकुमार गुप्ताले प्रतिनिधिसभाको निर्वाचनमा सूर्य चिन्ह लिएर निर्वाचन जितेका छन्। त्रिपाठीले नवलपरासी (पश्चिम-१) बाट र गुप्ताले कपिलवस्तु-२ बाट निर्वाचन जितेका हुन्। सूर्य चिन्ह लिएर उठेका राजपाका अन्य नेता भने पराजित भएका थिए। २०७४ वैशाख ७ गते ६ वटा पार्टी मिलेर राजपा भएको थियो। राजपामा अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुर हुनुहुन्छ भने एकताअघि पार्टी अध्यक्ष रहेका राजेन्द्र महतो, शरदसिंह भण्डारी, महिन्द्र राय यादव, अनिलकुमार झा र राजकिशोर यादव अध्यक्ष मण्डलका सदस्यका रूपमा रहेका छन्। २०७० सालको संविधानसभामा महिन्द्र राय यादवबाहेक अरू ५ जना नेताले निर्वाचन हारेका थिए भने यो प्रतिनिधिसभामा सबैले निर्वाचन जितेका हुन्।

## घर भत्किँदा महिलाको मृत्यु

बाजुरा, (नेस)

अत्यधिक वर्षाका कारण बाजुराको बुढीगंगा नगरपालिका-१ मल्ला कुँडी लामाचौरमा एक घर भत्किँदा शुक्रबार राति ४५ वर्षीया कला परीको मृत्यु भएको छ। प्रमुख जिल्ला अधिकारी चेतराज बरालले दिनुभएको जानकारीअनुसार अत्यधिक वर्षाका कारण घर भत्केपछि च्यापिएर उनको मृत्यु भएको हो।

त्यसैगरी मल्ला कुंडी जागीचौरका सुरेन्द्र नाथको घर भत्किँदा उनकी आमा घाइते भएकी छन्। दुई बाखा, एक गोरु र एक कुकुर मरेको बताइएको छ। सोही गाउँका पाँच परिवार पहिरोका कारण उच्च जोखिममा छन्। गए रातिदेखि नै घर छोडेर छिमेकीमा ओत लागेको विवरण प्राप्त भएको छ।

## मिस फेसन फ्युजन हुने



**नेपाल समाचारपत्र**

काठमाडौं

मिस फेसन फ्युजन आइकन २०१८ को दोस्रो संस्करण कात्तिक १७ गते सम्पन्न हुने भएको छ। रेस फेसन होम प्रा.लि.को आयोजनामा हुन लागेको सो प्रतियोगिताको पहिलो अडिसन भदौ ९ गतेबाट हुने कुरा रेस फेसन होमका सीईओ रेस रञ्जितले राजधानीमा आयोजित एक पत्रकार सम्मेलनमा जानकारी दिनुभयो।

रेस फेसन होमको आयोजना र कलेज अफ सेन्ट्रल स्टेट कालिमाटीको मुख्य प्रायोजनमा सम्पन्न हुने सो राष्ट्रव्यापी प्रतियोगितामा जिल्ला अडिसनबाट देशभरिका प्रतियोगीहरु छनोट गरिनेछ। कलेज अफ सेन्ट्रल स्टेटका क्याम्पस प्रमुख एवं कार्यक्रमका प्रमुख अतिथि रमेश घिमिरेले उक्त पत्रकार सम्मेलनमा बोल्दै फेसनसम्बन्धी प्रतियोगिताले प्रतियोगीहरुमा रहेको अन्तरनिहित प्रतिभालाई प्रष्फुटन गराउन महत्त्वपूर्ण भूमिका खेल्ने बताउनुभयो।

मिस फेसन फ्युजनजस्ता प्रतियोगिताहरुले चलचित्र एवं फेसन उद्योगभित्र रहेका नवप्रवेशी उदयीमान कलाकारलाई पढाइका साथै हौसला र आत्मविश्वास बढाउन सघाउ पुर्याउने उहाँले बताउनुभयो। फेसन फ्युजन प्रतियोगिता केवल मनोरञ्जनात्मक मात्र नभइ जीवनउपयोगी सीप सिक्ने महत्त्वपूर्ण अवसर पनि भएकाले प्रतियोगीहरुलाई ग्यामवाक, फोटोग्राफी, सेलिब्रेटी क्लास, पर्सनालिटी डेभलपमेन्ट, मोटिभेसन क्लास, ब्युटि टिप्सलगायतका तालिमहरु पनि अडिसनका क्रममा सञ्चालन गरिनेछ।

कार्यक्रममा फेसन फ्युजन आइकनका जज एवं मानवअधिकारवादी डा. विजय सैंजु, कलेज अफ सेन्ट्रल स्टेटका शैक्षिक निर्देशक पुष्पराज भट्टराई, प्रिन्सिपल मात्रिका निरौला, एसईई आइकोन २०१८ की विजेता नैना खड्गी, फस्ट रनर मन्दिरा खड्का, सेकेन्ड रनर प्रिती भट्ट, मिस्टर नेसनल रविन तण्डुकारलगायतका व्यक्तिको उपस्थिति रहेको सो कार्यक्रमको सञ्चालन रेस फेसन होमका म्यानेजिङ डाइरेक्टर खगेश रञ्जितले गर्नुभएको थियो।

# अर्थ

> करको योजना र खर्चको योजना बीचको अन्तर पत्ता लगाएर ऋण, अनुदानलगायत स्रोत जुटाउने विषयमा अन्य विकल्प खोज्ने भन्दा तत्काललाई पैसा आउँछ भनेर लगाइएको कर दिगो हुन सक्दैन।






# ‘कर’ विवाद र यथार्थता के हो ?

देशमा यतिखेर करसम्बन्धी धेरै विवाद उठेको छ, विशेषगरी स्थानीय तहले निर्धारण गरेको करका कारण विवाद उठेको हो। संघीयता लागू भएपछिको स्थितिमा निर्धारण भएको करलाई संघीयताको कालो छाँयाका रुपमा कतिपयले यसको व्याख्या गर्ने गरेका छन् भने कतिपयले स्थानीय तहले प्राप्त गरेको स्वतन्त्रताको गलत फाइदा उठाएका आरोप पनि लगाउने गरेका छन्।

कतिपयले यतिखेर देखा परेको करको समस्या सामान्य भएको भन्दै मुलुक नयाँ मार्गमा प्रवेश गरेको स्थितिमा आइपर्ने केही अवरोधमात्रै भएको हुँदा यसलाई ठूलो समस्याको रूपमा हेर्न नहुने धारणा पनि राख्छन्। यद्यपि, कतिपय सन्दर्भमा केही दोहोरो रूपमा भएका र ऐन कानुनले दिएको भन्दा बाहिर गएर भएका निर्णयहरू भने सच्चाउनुपर्ने उनीहरूको धारणा छ। वास्तब अहिले देखिएको समस्या के हो ? अब राज्यका निकायले कसरी अगाडि बढ्नुपर्छ, भन्ने विषयमा लामो समयसम्म राज्यको जिम्मेवार निकायमा बसेका व्यक्तिहरूसँग **नेपाल समाचारपत्र**का लागि **हेमन्त जोशी र दीपेन्द्र थापा**ले गरेको कुराकानी :

## ‘कर लगाउने र नलगाउने क्षेत्रको पहिचान हुनुपर्छ’



**दीपेन्द्रबहादुर क्षेत्री**
पूर्वउपाध्यक्ष
राष्ट्रिय योजना आयोग

करका विषयमा मात्र होइन, हरेक विषयमा संघीयता केन्द्रदेखि स्थानीय तहसम्म समवन्यात्मक ढंगबाट अगाडि बढ्नुपर्छ। अहिले केन्द्र सरकारले पर्याप्त बजेट नदिएका कारणले स्थानीय र प्रदेशले धेरै कर उठाउने परिपाटीको विकास भएको देखिन्छ। पछिल्लोपटक स्थानीय तहले जनताबाट कर अचाक्ली रूपमा उठाइएको कुरा आएको छ त्यस कारण अहिले करको विषयमा धेरै कुरा बाहिर आएका हुन्।

वास्तबमा अहिले स्थानीय तहले निर्धारण गरेका करलाई राजनीतिक रूपमा उचालिएको विषय बनेको छ। कतिपय दलका साथै केही स्थानीय तहले हामीले जितको ठाउँमा कर उठाउँदैनौ पनि भनेका छन्। तर, त्यो व्यवहारिक भने होइन। समानीकरण अनुदानमा पर्ने भनेको स्थानीय र प्रदेश सरकारले जति कर उठाउँछन्, सोही आधारमा हिस्सा पाउने हो। अब कर नै नउठाउने भनेपछि कहाँबाट अनुदान पाउने हुन ? भन्ने प्रशन पनि उठ्न सक्छ। विकास निर्माण गर्नुपर्छ भन्ने स्थानीय तहका जनप्रतिनिधिहरू महत्त्वकांक्षाअनुसार कतिपय स्थानमा उनीहरूले बिना तयारी, पूर्वअध्ययन नगरी जेमा पायो त्यसैमा कर लगाएका पनि छन्। केही ठाउँमा त उनीहरूलाई अधिकार नपाएको ठाउँमै प्रवेश गरेको भन्ने पनि सुनिन्छ।

वातस्वमा त्यो गलत हो। त्यस गतिविधिले जनतामा नकरात्मक प्रभाव पर्न गई संघीयतामाथि नै प्रश्नवाचक चिन्ह लगाउन सक्छ। तर, वास्तबमा कर असुल हुनुपर्छ भन्ने मेरो व्यक्तिगत धारणा भने छ। किनकी विकास निर्माणका लागि राज्यलाई पर्याप्त स्रोतको आवश्यक हुन्छ। स्थानीय तहबाटै उठाइएको रकमले सबै विकास निर्माणका काम सम्पन्न त हुँदैन केन्द्रबाट पनि बजेट जान्छ। तर, स्थानीय तहले अरूको तुलनामा आफू चाँडो अघि बढ्न सकिन्छ की ? भन्ने महत्त्वाकांक्षा राखेका कारण पनि उहीहरूले लगाएको कर विवादमा आएको हो। केही कुरालाई सर्सती हेर्दा कतिपय सन्दर्भमा अव्यवहारिक देखिएको छ।

जनताबाट जति कर उठाइन्छ, सो अनुसारको सेवा सुविधा जनताले पाउने नपाउने र बढाइएको करको प्रयोजनका विषयमा जनताले प्रश्न उठाउछन्, त्यो स्वभाविक पनि हो। तर, कर उठाउनैपर्ने र नउठाउने क्षेत्रको पहिचान र प्रभावकारी नहुँदा कर आतंक भएर आम जनमानसमा आक्रोश देखिएको अवस्था छ। सबै तहका सरकारले स्पष्ट खाका तयार गरेरनै करमा आएको समस्यालाई समाधान गर्नुपर्ने आवश्यकता रहेको छ। यदी यसो भएन भने संघीयतानै धरापमा पर्न सक्ने अवस्था नआउला भन्न सकिँदैन।

## ‘अध्ययन नै नगरी र कर योजना’



**डा. सोमलाल सुवेदी**
पूर्वमुख्यसचिव

प्रशासनिक खर्च घटाएर कर बढाउनु राम्रो कुरा हो। त्यसले विकास हुन्छ। तर, यहाँ त प्रशासनिक खर्च बढाएर कर बढाउँदा त्यसको उपलब्धि त नागरिकलाई केही पनि हुँदैन। सरकारले उठाउने कर जनताले पाउने सेवासँग अनोन्याश्रित सम्बन्ध हुन्छ। जनताले पाउने सेवाबिना नै अहिले कर उठाउने गरेको जस्तो देखिन्छ।

कर प्रशासनको एउटा सिद्धान्त नै के हुन्छ भने बढी कर उठाए बढी सेवा सुविधा पाइन्छ, कम करले कम सेवा सुविधा पाइन्छ। अहिले कतिपयले सेवा शूल्क बढेकालाई पनि कर बढेको भनेर बुझेका छन्। तर, जसरी बुझे पनि त्यसको समुचित खर्चका बारेमा भने नागरिकले नै प्रश्न गर्ने हो। कर उठाएर कहाँ खर्च गर्ने हो ? त्यतिले पुग्छ, पुग्दैन ? प्रशासनिक खर्चमा कति लाग्छ ? उठाइएको कर निरन्तर आउने हो कि होइन ? यदि निरन्तर आउने हो भने त्यस्ता विषयको सम्भाव्यता नै अध्ययन नै नगरी र कर योजना नबनाइकन काम गर्नुको परिणाम अहिले देखिएको हो।

करको योजना र खर्चको योजना बीचको अन्तर पत्ता लगाएर ऋण, अनुदानलगायत स्रोत जुटाउने विषयमा अन्य विकल्प खोज्ने भन्दा तत्काललाई पैसा आउँछ भनेर लगाइएको कर दिगो हुन सक्दैन। मैले यति कर तिरेको छु र सो वापत मैले यति सुविधा पाउँछु भनेर आम नागरिकलाई प्रत्याभूति दिन सक्नुपर्‍यो। त्यसो हुँदा आमनागरिकले विश्वास पनि गर्छन्। करको अर्को सिद्धान्त के हो भने धेरै हुनबाट लिएर केही नहुनेलाई पनि सेवा सुविधा दिने हो। राजस्व संकलनको औचित्य, वार्षिक खर्च, सेवा सुविधालगायतको विषयमा कुनै स्पस्टता नभइकनै कर थोपरिँदा विरोध हुनु पनि स्वभाविक हो। जनताले आफूले तिरको पैसा कहाँ जाने हो र सो वापत के सुविधा पाउने भन्ने नै ग्यारेन्टी छैन।

आवश्यकता र त्यसको पूर्तिका लागि चाहिने स्रोत साधनको उपलब्धताका बारेमा अध्ययन नगरी पहिलो वर्षमा नै करको दर र दायरा दुवै बढेपछि समस्या आएको हो। अर्को कुरा के भने संघीय सरकार कति अनुशासित छ भन्ने कुराले तल्लो तहमा पनि असर पार्छ। वित्तीय संघीयताको सिद्धान्त के हो भने संघीय सरकार अनुशासनमा बस्यो भने न तल्लो तहलाई अनुशासनमा बस भन्न सक्छ। संघीय, प्रादेशिक र स्थानीय तहको कर प्रणालीलाई जोडेर हेर्दा माथिल्लो तहमा जति आर्थिक प्रशासन त वित्तीय अनुशासन राम्रो भयो तल्लो तहमा पनि पारदर्शिता र जवाफदेहीता बढ्छ। सबै तहले कानुनको दायराभित्र रहने गरी काम गर्नुपर्ने हो। तर, अधिकार छ भन्दैमा बनाएका योजना नै कार्यान्वयन नसक्ने यो केन्द्रीय राजनीतिको नक्कल गर्दाको परिणाम हो। सबै शक्ति पृथकीकरण गर्दा त्यसको सन्तुलन भएन भने। बहुमतले जे पनि गर्न सकिन्छ शक्ति पृथकीकरण गर्दा त्यसको सन्तुलन भएन भने। बहुमतले जे पनि गर्न सकिन्छ भन्ने गलत राजनीतिक संस्कारले को परिणीति हो। संघीय सरकारले संविधानअनुसार तल्लो तहमा कसरी काम गरेको छ भनेर अनुगमन गर्ने हो।

## ‘करको भन्दा प्रोपोगाण्डाको समस्या बढी छ’



**बालानन्द पौडेल**
पूर्वसचिव

अहिले करका विषयमा बढी नै कुरा उठिरहेको छ। केही ठाउँमा साच्चिकै समस्या देखिएको छ भने अधिकांश ठाउँमा बढाई-चढाई गरिएको छ। कर प्रणालीमा एकरुपताका कुरा पनि उठाइएका छन्। तर, संघयितामा एकरुपताका भन्ने नै हुँदैन। हरेक तहका स्वायत्त सरकारले आफ्नो आवश्यकता उनीहरूबाट नै परिपूर्ति गर्नका लागि संघीयता ल्याइएको होइन र ? उनीहरूलाई लगाउने मात्र होइन छुट दिने पनि अधिकार छ।

जनप्रतिनिधिहरूलाई जिताएर पठाउने जनता त्यहीं छन्। जनप्रतिनिधिले केही तलमाथि गर्ने हो भने उनीहरूले त्यही तह लगाई हाल्छन् नि। त्यसकारण करको समस्या त्यति धेरै ठूलो हो जस्तो लाग्दैन। हामीले तिरेको करको राम्रोसँग उपयोग होस् भन्ने विषय मुख्य हो। त्यो कुरा जनताबाट आएको हो भने त्यसलाई त हामीले सलाम नै गर्नुपर्छ। तर, मलाई जहाँसम्म लाग्छ, अहिले करको समस्या भन्दा पनि प्रोपोगाण्डाको समस्या बढी छ।

अर्को महत्त्वपूर्ण कुरा हामीले प्रत्यक्ष कर, अप्रत्यक्ष कर र सेवा शुल्कका बारेमा बुझ्नु जरुरी छ। स्थानीय तहमा उठाइने कर प्रत्यक्ष कर हो। अप्रत्यक्ष कर त हामीले यसअघि पनि तिरिरहेको थियौं। तर, त्यस विषयमा किन कुरा उठाइदैन ? जस्तो कि सवारी साधनमा लाग्ने कर भनेको त हामीले सुरक्षित सडक प्रयोग गर्नका लागि हो नि ? तर सडकमा खाल्डाखुल्डी छन् भनेर कसैले कर नै नतिरेको भनेर अहिलेसम्म किन सुन्नमा आएन ? यसर्थ, केही समस्या स्थानीय तहमा छ। र त्यसलाई उनीहरूले नै तह लगाउने तथा सल्टाउने हो। केही ठाउँमा स्थानीय तह र प्रदेशले आफ्नो अधिकारभन्दा बाहिर गएर कर उठाएका विषय पनि आएका छन्। नआएका होइनन्। तर, त्यसरी उठाइएको कर संवैधानिक होइन। उनीहरूले नजानेरै पनि त्यस्तो गरिरहेका छन्। त्यसलाई ‘करेक्सन’ गर्नुपर्दछ।

कुनै पनि गाउँपालिका वा नगरपालिकालाई संवैधानिक हिसाबले कर लिन पाउने अधिकार छ। संविधान अनसार लिए नलिएको विषय त जनता, सञ्चार माध्यमले स्पष्ट हुन पर्‍यो नि। करको दर बढाउने भनेको आफ्नो शासन व्यवस्था सुधार गर्दै जाने पनि हो। नर्वेमा एकजना व्यक्तिले आफ्नो कमाइको ७० प्रतिशतसम्म सरकारलाई कर तिर्छ र ३० प्रतिशत आफूसँग राख्छन्। कर बढाउँदै जाँदा शासन व्यवस्था पनि प्रभावकारी बनाउँदै जानुपर्छ। संघीयताबाट अहिले कर धेरै बनाउन बाध्य पारियो। प्रशासनिक खर्च जुटाउनका लागि सबै तहका सरकारले आफै स्रोत जुटाउनुपर्ने अवस्था छ। स्रोत रोज्दै जाँदा वस्तु तथा सेवाको प्रयोगमा कर लगाउने र स्रोत व्यवस्थापन गर्ने सकिने देखियो। सोही अनुसार कर लगाइयो। तर, आफूले तिरेको करको सदुपयोग भए/नभएको र सेवा सुविधा पाए/नपाएको विषयमा भने जनता सचेत हुन जरुरी छ।

## ‘संघीयतालाई नै असर गर्ने त होइन तर समस्या भने छ’



**रामेश्वर खनाल**
पूर्वसचिव

करको दर तथा दायराका विषयमा देखिएको समस्या सबै स्थानीय तहमा छैन। जति स्थानमा देखिएको छ त्यो पनि साह्रै ठूलो समस्या र संघीयतालाई नै असर पार्ने गरी देखिएको होइन। तर, सानोतिनो समस्या भने छ। मुख्य कुरा के भने कर संकलनका लागि लाग्ने खर्च संकलित करभन्दा बढी हुनु भएन।

केही सानो तिनो विषयमा लगाएका कर संकलन गर्न गाह्रो र खर्चिलो पनि छन्। जस्तो कि एउटा ५० हजार जनसंख्या भएको नगरपालिकामा वार्षिक १ प्रतिशत जन्मदरको हिसाब गर्दा ५० जनाको जन्म हुन्छ। एक जना कर्मचारीलाई नै त्यसका लागि खटाइयो भने कतिनै राजस्व संकलन हुन्छ र ?

कतिपय स्थानीय तहले जन्म, मृत्यु, विवाह दर्ता जस्ता कामका लागि सेवा शुल्क नै बढाएको भन्ने पनि सुनिन्छ। त्यसो नगरेको भए हुन्थ्यो। किनभने त्यसबाट ठूलो राजस्व संकलन पनि त हुँदैन। मुलभूत रुपमा स्थानीय तहको करको स्रोत भनेको एकीकृत सम्पत्ति कर हो।

केही ठाउँमा सम्पत्ति कर अघिल्लो वर्षको तुलनामा बढाइएको पनि छ। त्यसमा समस्या नआउनका लागि त स्थानीय तहले नागरिकसँग छलफल गरेर उनीहरूले चाहेको सेवा सुविधा दिन सरकार तयार हुने हो भने उनीहरू कर तिर्न राजी पनि हुन सक्छन्।

मैले आधा दर्जनभन्दा बढी नगरपालिकामा जाँदा के पाए भने हामीले सोचेजस्तो करको समस्या सबै स्थानीय तहमा छैन। अनावश्यक रुपमा विभिन्न थरीका शुल्क हटाइदिने, दोहोरो कर हटाउने र कर प्रशासन पनि सरल गराइदिने भने यो समस्या रहँदैन। दोहोरो कर संघ र प्रदेशसँग नभई प्रदेशभित्रै पनि एउटै कामका लागि फरक फरक खालका सेवा शुल्क बनाइएको छ।

स्थानीय तहले बजेट बनाएको यो तेस्रो वर्ष हो। पहिलो वर्ष नियमित तवरले समानिकरण अनुदानका आधारमा बन्यो। दोस्रो वर्षको बजेट बनाउँदा माग बढी आए। सबै आयोजना बनाउनका लागि भन्दै स्थानीय तहले बजेट माग गरे। संघीय सरकारले छुट्याएको बजेट कम भयो। समानिकरण अनुदानको बजेटले नपुगेपछि स्रोत खोज्दै जाँदा करको विषय अगाडि आयो। यो नयाँ आविष्कार भने होइन। यस्तो खालको कर पहिले पनि लाग्थ्यो। सेवा शुल्कमार्फत्को कर, व्यावसायिक कर, सम्पत्तिमा लाग्ने कर, मनोरञ्जनमा लाग्ने कर यसअघि पनि थिए। तर, यसअघि करको क्षेत्र आयतन कम रहेकोमा अहिले बढेको छ।

तीनवटै तहमा करको विषयलाई समाधान गर्नका लागि संघीय सरकारले मुख्य भूमिका खेल्ने र अन्तर सरकारी परिषद्को बैठक बोलाई छलफलमार्फत समस्या समाधान गर्न सकिन्छ। स्थानीय तहलाई पैसा चाहिने भनेको विकास आयोजना बनाउनका लागि हो। विकास आयोजना त अहिले ऋण लिएरपछि राजस्व संकलन गरेर तिर्ने गरी पनि बनाउन सकिन्छ। त्यो भनेको पनि भविष्यमा आईपर्ने राजस्वको दायित्व हो।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ भदौ ३, अगस्ट १९, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १११।९५ | ११२।५५ |
| युरो १ को रू. | १२७।५६ | १२८।२४ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४२।४० | १४३।१६ |
| स्विस फ्रन्क १ को रू. | ११२।४४ | ११३।०४ |
| अस्ट्रेलियन डलर १ को रू. | ८१।३६ | ८१।८० |
| क्यानाडियन डलर १ को रू. | ८५।१२ | ८५।५७ |
| सिङ्गापुर डलर १ को रू. | ८१।४७ | ८१।९१ |
| जापानी यन १० को रू. | १०।१३ | १०।१९ |
| चिनियाँ युआन १ को रू. | १६।२८ | १६।३६ |
| साउदी अरब रियाल १ को रू. | २९।८५ | ३०।०१ |
| कतारी रियाल १ को रू. | ३०।७५ | ३०।९१ |

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| थाई भाट १ को रू. | ३।३७ | ३।३९ |
| सं. अरब इमिरट दिराम १ को रू. | ३०।४८ | ३०।६४ |
| मलसियन रिङ्गिट १ को रू. | २७।२६ | २७।४१ |
| दक्षिण कारियन वन १०० को रू. | ९।९५ | १०।०० |

**खरिद दर**

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।१६ |
| डेनिस क्रानर १ का रू. | १७।१० |
| हङकङ डलर १ का रू. | १४।२६ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## संयुक्त लगानीमा ‘रामेन’को शुरुआत

काठमाडौं, (नेस)

नेपाली र जापानी व्यवसायीको संयुक्त लगानीमा नेपालमा जापानको लोकप्रिय खाजा ‘रामेन’को नेपाली आउट लेट शुरू गरिएको छ। नेपालको केजीएच ग्रुप र जापानको होकाइदो विजनेस प्रालिबीचको सहकार्यमा नेपालमा व्यवसाय शुरू गरिएको केजीएच ग्रुपका संस्थापक तथा पर्यटन व्यवसायी कर्ण शाक्यले बताउनुभयो। होकाइदो प्रालिमा नेपाली व्यवसायीसमेत रहको छ।

नेपाली युवाले विदेशमा सिकेको सीप र पुँजीलाई स्वदेशमा ल्याउन मद्दत पुग्ने शाक्यले बताउनुभयो। नेपालमा जापानिज रहन सहन विकास भइरहेको सन्र्दभमा खानको माग पनि बढ्दै गइरहेकोले केजीएच ग्रुपले होकाइदोसँग सहकार्यमा फरक खानाको विकास गर्ने अभिप्रायले यो व्यवसाय शुरू गरिएको केजीएच ग्रुपका अध्यक्ष सुनील शाक्यले जानकारी दिनुभयो। उहाँले होइकाइदो विजनेस प्रालिले नेपालको केजीएच ग्रुपसँगको सहकार्यमा नेपालमा जापानिज खाजा (रामेन)लगायतका खाद्य सामग्री उत्पादन गर्दै आगामी दिनमा व्यावसाय विस्तार गर्ने योजना रहेको बताउनुभयो। ५१ प्रतिशत नेपाली व्यवसायी र ४९ प्रतिशत जापानिज व्यवसायीको संयुक्त लगानीमा व्यवसाय सञ्चालन गरिने होकाइदो विजनेस प्रालिका अध्यक्ष अर्जुन अधिकारीले जानकारी दिनुभयो।।

काइदो क्लिन स्टार प्रालिका माध्यमबाट जापानिज उच्च प्रविधिको माध्यमबाट लन्ड्री सञ्चालन गर्ने तथा जानेइची विजनेसको माध्यमबाट नेपालमा जापानिज सामानको बिक्री वितरण गर्ने योजनाका साथ काम भइरहेको अधिकारीले बताउनुभयो।

करिब ६ करोड रुपियाँको लगानी गरिएको छ भने बजार सम्भाव्यताका आधारमा यसमा लगानी विस्तार गर्दै जाने कम्पनीको योजना रहेको छ। प्रथम चरणमा जापानबाटै सेफ ल्याएर पार्क भिलेनज रिसोर्टमा रामेनको तयारी गरिएको कम्पनीले जनाएको छ।

## रुपेन्द्र सिंह टोस्ट मास्टर विजेता

काठमाडौं, (नेस)

भारतको दिल्लीका रुपेन्द्र सिंहले ७२० कन्टेस्टेन्टलाई पछि पार्दै डिष्ट्रिक लेबल टोस्ट मास्टर कम्पिटिसन जितेका छन्। यो जीतसँगै उनी विश्व पब्लिक स्पिकिङ च्याम्पियनसिपको सेमिफाइनल राउन्डमा प्रवेश गरेका छन्। जसको सेमिफाइनल राउन्ड अगस्ट २५ मा अमेरिकाको सिकागोमा हुन गइरहेको छ।

टर्निङ प्वाइन्ट टोस्टमास्टर क्लब दिल्लीका रुपेन्द्रले टफ कम्पिटिसनमा विजयी हुनको लागि जर्जहरूको अगाडि म किन ? भन्ने विषयमा स्पिच दिएका थिए, जसमा उनले आत्मावास्तविकरण, प्यासन तथा आत्माविश्वास प्रदर्शन गरेका थिए। जब दर्शकहरूसागको सम्बन्धका बारेमा भन्नुपर्दा उनले भने मुख्य सफलताको साँचो भनेको कथावस्तुलाई विषयसँग सम्बन्धित तथा सम्मोहित पार्ने किसिमको हुनुपर्छ।

रुपेन्द्रले विश्वका १०५ डिस्ट्रीक लेबलका विजेताहरूसँग प्रतिस्पर्धा गर्नेछन्, जुन स्थानमा आईपुग्न उनले ६ महिनाको प्रोसेस पार गरेर क्लब, एरिया, डिभिजन र डिष्ट्रिक लेबलको कम्पिटिसनमा जितेर आएका हुन्। यस प्रतियोगितामा ५ देखि ७ मिनेटको टाइमको स्पिचमा आफ्नो क्षमता प्रस्तुत गर्नू पर्ने छ।

टोस्टमास्टर एक अन्तर्राष्ट्रिय स्पिच कन्टेस्ट सन् १९३८ मा शुरू भएको थियो, जसमा विश्वका ३० हजारभन्दा बढी सदस्य विश्वका १४१ देशबाट भाग लिइरहेका छन्। यो प्रतियोगिताको फाइनल विश्वको प्रख्यात पब्लिक स्पिकिङ च्याम्पियसिपसँगै समापन हुनेछ।

> नेपाल वायुसेवा निगमले असार १४ मा भित्र्याएको पहिलो वाइडवडी विमानका कारण आयातको रकम बढेको हो। सो विमान करिब १२ अर्ब रुपियाँमा निगमले खरिद गरेको थियो।

# साढे २३ अर्बको विमान र पार्टपुर्जा खरिद




**दीपेन्द्र थापा, काठमाडौं**

आर्थिक वर्ष २०७४/७५ मा अघिल्लो आर्थिक वर्षको तुलनामा विमान तथा विमानका पार्टपुर्जाको आयातमा भारी मात्रले वृद्धि भएको छ। सो आर्थिक वर्षमा विभिन्न कम्पनीले २३ अर्बको ४७ करोड रुपियाँबराबरको विमान तथा विमानको पार्टपुर्जा आयात गरेका छन्। यस वर्ष सरकारी तथा निजी विमान कम्पनीले ८ वटा नयाँ विमान १९ अर्ब ६३ करोड रुपियाँमा आयत गरेका छन्।

त्यस्तै पार्टपुर्जा २ अर्ब ६१ करोड रुपियाँको आयत भएको थियो। अघिल्लो आर्थिक वर्षमा भने कुल १९ अर्व ६५ करोड रुपियाँको विमान तथा पार्टपुर्जा आयात भएको थियो। अघिल्लो वर्ष १६ अर्ब ५२ करोडको विमान र २ अर्ब २५ करोड रुपियाँको पाटपुर्जा आयत भएको थियो। गत आर्थिक वर्षमा प्यारा ल्याडिएटर बेलुन कुल ५ करोड ५७ लाख बराबरको आयात भएको थियो। त्यस्तै १ अर्ब १८ करोड रुपियाँको सात थान हेलिकप्टर आयात भएको थियो। अघिल्लो वर्ष १३ लाख रुपियाँको मात्र प्यारा गल्याइडिङ र ८८ करोडको रुपियाँको हेलिकप्टर आयात भएको भन्सार विभागले जनाएको छ।

नेपाल वायुसेवा निगमले असार १४ मा भित्र्याएको पहिलो वाइडवडी विमानका कारण आयातको रकम बढेको हो। सो विमान करिब १२ अर्ब रुपियाँमा निगमले खरिद गरेको थियो। नेपाल वायुसेवा निगमले चीनबाट दुईवटा वाई १२ विमान पनि ल्याएको थियो। बुद्ध एयरले फेब्रुअरीमा र जुलाईमा दुईवटा एटीआर भित्राएको थियो। त्यस्तै श्री एयरलाइन्सले एउटा वटा विमान भित्र्याएको थियो। सो एयरलाइन्सले ९० करोड रुपियाँको विमान भित्र्याएको कम्पनीका कर्पोरेट म्यानेजर अनिल मानन्धरले जानकारी दिनुभयो।

अर्को निजी हवाई कम्पनी यति एयरलाइसले पनि गत आर्थिक वर्षमा एउटा एटीआर विमान आयात गरेको थियो। सोही कम्पनी सहायक संस्था तारा एयरले एउटा टुवीनटर विमान आयात गरेको कम्पनीका प्रबन्धक भीमराज राईले बताउनुभयो।

हालसम्म नेपालमा हेलिकप्टरको संख्या ३४ थान रहेको छ भने ७८ वटा विमान रहेको छन्, साना अल्ट्रासाउन्ड विमानको संख्या १५ थान रहेको नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ, नेपालमा विमानको संख्या वृद्धिदर हुनुमा हवाई यात्रुको संख्या पनि वृद्धि हुनु कारक रहेको छ। नेपालमा वार्षिक सरदर ६ प्रतिशतले हवाई यात्रुको संख्या वृद्धि हुँदै गएको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पार्किङ क्षमता कम रहेको र निजी हवाई सेवा प्रदायक कम्पनीले विमान आयात गर्ने क्रम बढेसँगै प्राधिकरणले वायुसेवा सञ्चालन तथा अनुमति प्रमाणपत्र (एओसी) दिँदा नै राजधानी बाहिर पार्किङ गर्नुपर्ने सर्त राख्दै आएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक टर्मिनलमा करिब ३५ विमान पार्किङ गर्न सक्ने क्षमता रहेको छ। हाल श्री र बुद्ध एयरका विमानले विमानस्थलमा छुट्टै पार्किङ गदै आएका छन्।

# दूध किसान आन्दोलित

**गणेश घिमिरे, इलाम**

दुग्ध विकास संस्था (डीडीसी) ले चितवन र मकवानपुरमा मात्र दूधको मूल्य बढाएपछि इलामका दुग्ध किसान रुष्ट भएका छन्। अतिरिक्त मूल्य भनेर संस्थानले गोप्य रुपमा दुईवटा जिल्लामा मात्र दूधको मूल्यवृद्धि गरिँदा इलामसहित अन्य देशभरका लाखौं कृषक ठगिएको दुग्ध उत्पादक सहकारी संघ इलामका अध्यक्ष हेम कट्टेलले बताउनुभयो।

'संस्थाले एकलौटी ढंगले दुईवटा जिल्लामा मात्र दूधको मूल्य बढाएको थाहा पायौं,' अध्यक्ष कट्टेलले आक्रोस पोख्दै भन्नुभयो-' डीडीसीले दुईवटा जिल्लामा मात्र दूधको मूल्य बढायो, अरू जिल्लामा उत्पादित दूधको मूल्य नबढाउनुले डीडीसीसमाथि धेरै शंका उत्पन्न भएको छ।' दुग्ध उत्पादक किसानले देशभरी नै दूधको मूल्यमा एकरुपता कायम गर्न माग गरेका छन्। पाउडर दूध आयात गरेर नेपालमा उत्पादित दूधलाई विस्थापित गर्दै मिल्क होलिडे गर्न खोजेको कृषकले आरोप लगाउँदै आएका छन्। पाउडर दूध आयातमा सरकारले नियन्त्रण गर्नुपर्ने अध्यक्ष कट्टेलको भनाइ छ।

अब दुग्ध विकास संस्थानले चितवन र मकवानपुरमा मात्र नभएर देशभरी नै दूधको मूल्य बढाउनुपर्ने र मूल्यमा एकरुपता कायम गर्नुपर्ने जनाएका छन्। यी दुई जिल्लामा डीडीसीले ५७ प्रतिशत मूल्यवृद्धि गरेको संघले जनाएको छ। मूल्य समायोजन अबको १५ दिनभित्र नगरे सशक्त आन्दोलनमा उत्रने संघले चेतावनीसमेत दिएको छ। डीडीसी विराटनगरअन्तर्गत जिल्लामा रहेका दुग्ध चिस्यान केन्द्रले यहाँका किसानलाई दूधको मूल्य गुणस्तर हेरेर प्रतिलिटर ३८ देखि ४० रुपियाँ दिँदै आएको छ। जिल्लामा सातवटा चिस्यान केन्द्र रहेको छ।

इलाममा दैनिक सरदर एकलाख २० हजार लिटर दूध उत्पादन हुँदै आएको छ। यहाँ उत्पादित दूध डीडीसी विराटनगरमा दैनिक सरदर २५ हजारदेखि २७ हजार लिटरसम्म निकासि हुँदै आएको छ। बाँकी अधिकांश उत्पादित दूध निजी लगानीमा खोलिएका जिल्लाभित्रकै चिज तथा डेरी उद्योगमा कृषकले बिक्री गर्ने गरेका छन्।

डीडीसीले भन्दा निजी दूग्ध उद्योगले मूल्य बढी दिने भएकाले कृषक चिस्यान केन्द्रमा भन्दा डेरी तथा चिज उद्योगमा दूध बिक्री गर्ने क्रम बढ्दै गएको छ। पछिल्लो समय यहाँका कृषक पशुपालन व्यवसायतर्फ आकर्षित भएकाले पनि दूध उत्पादन पनि बढिरहेको छ।

## किसानको हातमा कालोपट्टी

हेटौंडा, (नेस)

दुग्ध विकास संस्थानले दूधको मूल्य घटाएको विरोधमा मकवानपुरका किसानले हातमा कालोपट्टी बाँधेर दूध बिक्री गरेका छन्। केन्द्रीय दुग्ध उत्पादक सहकारी संघको निर्णयअनुसार उनीहरूले हातमा कालोपट्टी बाँधेर दूध बिक्री गरेका हुन्। आन्दोलनमा उत्रिएका किसानले बिहीबार दुग्ध विकास संस्थानमा ज्ञापनपत्र बुझाएका छन्। किसानले दुग्ध विकास संस्था र उद्योगहरूले दिँदै आएको साबिक दूधको मूल्य दिइनुपर्ने, बजारको ग्यारेन्टी हुनुपर्ने, लागतको आधारमा मूल्य समायोजन गरिनुपर्ने, संस्थानलाई पुनर्संरचना गरी सहकारीकरण गर्नुपर्ने र दूधको मूल्य निर्धारण समिति बनाइनुपर्ने माग राखेका छन्। जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेडमा आबद्ध दुग्ध उत्पादक सहकारी, किसान र कर्मचारी आन्दोलनमा छन्।

# एसियन लाइफ इन्स्योरेन्सले हकप्रद शेयर जारी गर्दै

काठमाडौं, (नेस)

एसियन लाइफ इन्स्योरेन्स कम्पनीको १०औं वार्षिक साधारणसभाबाट पारित १० बराबर ६ को अनुपातमा ७५ करोड ४० लाख बराबरको हकप्रद शेयर निष्काशन गर्नका लागि एनआईबिएलएस क्यापिटललाई धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा नियुक्ति गरेको छ।

उक्त सम्झौतपत्रमा कम्पनीको एसियन लाइफका तर्फबाट प्रमुख कार्यकारी अधिकृत राजेशकुमार श्रेष्ठ तथा एनआईबिएलएस क्यापिटलको तर्फबाट महाप्रबन्धक मेखबहादुर थापाले हस्ताक्षर गरेका छन्। कम्पनीले प्रतिशेयर सय रुपियाँका दरको ७५ लाख ४० हजार कित्ता हकप्रद शेयर निष्कासन गर्न लागेको छ। हकप्रद शेयर निष्काशन गरेपश्चात कम्पनीको कुल चुक्ता पुँजी २ अर्ब १ करोड रुपियाँ पुग्नेछ।

५ अर्ब अधिकृत पुँजी रहेको कम्पनीको हाल चुक्ता पुँजी १ अर्ब २५ करोड ६७ लाख २५ हजार रहेको छ। कम्पनीको जीवन बीमा कोषमा १३ अर्ब १३ करोड र कुल लगानी १२ अर्ब २९ करोड ९६ लाख रहेको छ। कम्पनीले आफ्नो २८ वटा शाखा र ७१ वटा उपशाखामार्फत जीवन बीमा सेवा प्रदान गर्दै आएको छ।

# राव बैंक र एनबीआईबीच सम्झौता

काठमाडौं, (नेस)। राष्ट्रिय वाणिज्य बैंक र नेसनल बैंकिङ इन्ष्टिच्युट लिमिटेड (एनबीआई) बीच बैंकिङ तालिम सञ्चालन गर्ने सम्बन्धी शुक्रबार सम्झौता भएको छ।

सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेसनल बैंकिङ इन्ष्टिच्युटका प्रमुख कार्यकारी अधिकृत सञ्जिव सुब्बाले हस्ताक्षर गरेका थिए। उक्त सम्झौता भएपश्चात आव २०७५/७६ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरूको कार्यदक्षता अभिवृद्धिको लागि नेसनल बैंकिङ इन्ष्टिच्युटले विभिन्न विषयमा नियमित रूपमा बैंकिङ तालिम प्रदान गर्ने छ।


नेपाल वायुसेवा

## नेपाल वायुसेवा निगमको विज्ञप्ति

नेपाल वायुसेवा निगमको ६० वर्षको इतिहासमै पहिलो पल्ट दुईवटा वाइडवडी विमान खरीद गर्दाको प्रक्रिया सम्वन्धमा केही मिडियाद्वारा अत्यन्तै भ्रामक समाचारहरू प्रचार प्रसार गरिएको हुँदा सो को खण्डन गरी यो विज्ञप्ति जारी गरिएको हो । तत्कालीन सार्वजनिक खरीद ऐन २०६३ को प्रस्तावनामा नै ".....उत्पादक, विक्रेता, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकलाई विना भेदभाव सार्वजनिक खरीद प्रक्रियामा सहभागी हुने समान अवसर सुनिश्चित " गर्नुपर्ने उल्लेख भएको । निगमले जारी गरेको (आर.एफ.पी.)को आधारमा दशवटा विमान आपूर्तिकर्ताले प्रस्ताव पेश गरिएको हुँदा ऐन बमोजिम नै भएको सामान्य ज्ञानको कुरा हो । सोही ऐनको दफा ४१ मा उल्लेख गरे बमोजिम "सोझै खरीद गर्न सक्ने"अवस्था नरहेकोले ग्लोबल टेण्डर (आर. एफ.पी.) सूचना जारी गरिएको हो । सोही सूचनाको आधारमा ६ वटा मुलुकको १० वटा कम्पनीले भाग लिएको र त्यस मध्ये सवभन्दा कम मूल्य कबोल गर्ने तीनवटा कम्पनी एएआर, हाइफ्लाई र जर्मन एभिएशनको एक कन्सोर्टियमले विमान आपूर्ति गर्ने ठेक्का पाएको हो । त्यसै गरी निगमको आर्थिक विनियमावली २०६५ मा विमान खरीद गर्ने एक छुट्टै विनियम २३६ को प्रावधान राखिएको र सो विनियम हुवहु पालनागरी निगमले विमान खरीद प्रक्रिया सम्पन्न गरेको हो । सो दफामा उल्लेख गरे बमोजिम ७ जनाको उच्च पदाधिकारीहरूले तयार पारेको व्यावसायिक योजना तथा आए एफ पी डकुमेन्टलाई व्यवस्थापनले निगम संचालक समितिमा पेश गरी ग्लोबल टेण्डरको आधारमा पेश गरेको प्रस्तावहरूलाई ११ जना उच्च पदाधिकारीको टोलीले मूल्याङ्कन गरी पेश गरेको प्रतिवेदन सम्वन्धमा संचालक समितिमा छलफल गरी टुंगोमा पुगेको र सो बमोजिम खरीद सम्झौता गरिएको हो । मुलुकका समग्र पर्यटन उद्योगलाई नै ठूलो टेवा दिने र निगमको भविष्य सुनिश्चित हुने गरी दुईवटा नयाँ वाइडवडी विमान मुलुकमा अवतरण भैसकेको सबैलाई सर्वविदित्तै कुरा हो । तसर्थ सुनियोजित ढंगले निगमको उत्थानलाई रोक्ने र समग्र पर्यटन क्षेत्रलाई नै निरूत्साहित पार्ने तवरले भैरहेको अत्यन्तै भ्रामक प्रचार प्रसारमा पनि निगमको घोर आपत्ति रहेको सर्वसाधारणको जानकारीको लागि अनुरोध छ ।



## सुविस्ता बचत तथा ऋण सहकारी संस्था लि.

ठाँहिटि, का.म.न.पा १७, काठमाडौं ।
सूचना प्रकाशित मिति २०७५/०५/०३ गते

आदरणीय शेयर सदस्य महानुभावहरु ।

**विषय : दशौं वार्षिक साधारण सभामा उपस्थित हुने सम्बन्धमा ।**

महोदय,
[illegible]
१. [illegible]
२. [illegible]
३. [illegible]
४. [illegible]
५. [illegible]
६. निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि नियुक्ति गर्ने सम्बन्धमा ।
७. विनियम संशोधन गर्ने सम्बन्धमा ।
८. [illegible]
९. [illegible]
१०. [illegible]
११. [illegible]
पुनश्च : उपरोक्त निर्वाचन कार्यक्रमको संस्थाको सूचना-पाटीमा साधारण सभाको एक हप्ता अगावै टाँस गरिनेछ ।
१२. विविध ।

सभा बस्ने स्थान : (नेपाः बैंकवेट, लिंकरोड, खुसिबु )
मिति : २०७५ आश्विन ६ गते (शनिबार)

आज्ञाले
(प्रेमकाजी बज्राचार्य)
सचिव



## तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

प्रकाशित मिति २०७५/०५/०३ नेपाल समाचारपत्र राष्ट्रिय दैनिक

[illegible]

तपसिल

| ऋणी | धनी/जमानी धितोको नाम, ठेगाना |
| --- | --- |
| [illegible] धवुषा फिड हाउस प्रा. लि. प्रोप्राईटर : [illegible] दिलिप कुमार यादव शाखा : कुर्थी कर्जा शीर्षक : व्यापारिक | [illegible] दिलिप कुमार यादव [illegible] श्रीमती मिना देवी यादव |
| | धितोको विवरण [illegible] |
| [illegible] | [illegible] प्रमोद चौधरी [illegible] रामप्रीत देवी [illegible] |
| | धितोको विवरण [illegible] |
| [illegible] दिलिप कुमार ठराई शाखा : ल्युरोड कर्जा शीर्षक : व्यापारिक | [illegible] एलिशा ठाई |
| | धितोको विवरण [illegible] |

लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सफलता
केन्द्रीय कार्यालय
[illegible], दिल्लीबजार, काठमाडौं ।
फोन नं. : ०१-४४५३३३१/४४५१३३८
०१-४४२१८८६/०१४४२१८८८, फ्याक्स नं.: ०१-४४५६८८८




# हारपछि नेपाल चौथो

काठमाडौं, (नेस)

भुटानमा जारी यु-१५ महिला साफ च्याम्पियनसिपमा नेपाली चेलीको टोलीले चौथो स्थानमै चित्त बुझाएको छ।

शनिबार भएको तेस्रो स्थानको खेलमा नेपाल आयोजक भुटानसँग पेनाल्टी सुटआउटमा ४-३ ले हारेको थियो। चाम्लिङ रंगशालामा भएको प्रतिस्पर्धात्मक खेलमा नेपालले निर्धारित समयसम्म भुटानसँग २-२ बराबरी खेलेको थियो। खेलको निर्णय टाइब्रेकरमा गएपछि नेपालको दुर्भाग्य बन्यो।

नेपालका लागि सरस्वती हमाल, प्रीति राई र सलोनी मगरले गोल गरेका थिए। तर, सविता रानामगर र चन्द्राले गोल गर्न सकिनन्। भुटानका लागि सोनाम ह्लामो, छिरिङ याङ्चेन, यासी विधा र छिरिङ लादनले गोल गरेका थिए। सेरेज पेल्मोको प्रहार नेपाली गोलकिपरले रोकेकी थिइन्।

यसअघि नेपालले खेलको दोस्रो मिनेटमै गोल बेहोरेको थियो। डेकी याङ्डनको गोलमा नेपाल पहिलो हाफसम्म १-० गोलअन्तरले पछाडि परेको थियो। दोस्रो हाफमा नेपालको लागि चन्द्राले छिट्टै गोल गरेर बराबरीमा ल्याइन्। उनले नै ५५औं मिनेटमा अर्को गोल थपेपछि नेपालले खेलमा २-१ को अग्रता लिएको थियो। तर, ११ मिनेटपछि यासी विधाले बराबरी गोल फर्काएर खेल २-२ मा पुऱ्याएकी थिइन्।



# एसियाली खेलकुदको भव्य उद्घाटन

काठमाडौं, (नेस)

एसियाली खेलकुदको १८औं संस्करण इन्डोनेसियाको राजधानी जाकार्तामा शनिबार भव्यरूपमा उद्घाटन भएको छ। जेराला बङ कार्नो रंगशालामा आयोजक राष्ट्र इन्डोनेसियाका राष्ट्रपति जोको विदोदोले एसियाली खेलकुदको उद्घाटन गरेका हुन्। उनी मोटरसाइकलमै आएर उदघाटन गरेका थिए। एसियाका ४५ राष्ट्रका करिब ११ हजार खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा २९ खेलमा १ सय ८५ नेपाली खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। यसपटक एसियाडमा नयाँ खेलका रूपमा समावेश पाराग्लाइडिङ र स्केटिङमा पनि नेपालले भाग लिएको छ। नेपालले गरिएको मार्चपासमा भारोत्तोलन खेलाडी कमलबहादुर अधिकारीले नेपालको झण्डा बोकेका थिए। नेपालले आइतबार फुटबलमा अन्तिम खेल, भलिबल, कुस्ती, टेनिस, तेक्वान्दो, ब्याडमिन्टनमा प्रतिस्पर्धा गर्नेछ।




## धरहरा

# चिलबाबुको नयाँ शैली



काठमाडौं महानगरका मेयर शाक्य र ललितपुरका मेयर महर्जन केमा अलमलिन्छन् कुन्नी कहिल्यै उनीहरूको प्रशंसा सुनिन्न, उनीहरूमाथि सधैं आलोचनाका शब्द मात्रै बर्सिन्छन्। कतिपयले तर्क गर्छन्- 'काठमाडौंमा त्यस्तै हो, ललिपुरका महर्जनले चाहिं केही गर्छन् है।' तर, महर्जन पनि खै के, खै के भइसक्या छन्।

आफ्नो नगरमा तत्काल कुनै परिवर्तन नहुने सुनिश्चित भएर हो क्यार, महर्जन अहिले फरक भाषाशैलीमा प्रस्तुत हुन थाल्या छन्। उनलाई अंग्रेजी मोह ह्वात्तै बढ्या छ, सामान्य र निरक्षर सेवाग्राहीदेखि महानगरका कर्मचारीलाई अंग्रेजीमा जवाफ फर्काउन पछि पर्दैनन्। 'यु ह्याब नो बेसिक नलेज अफ इंग्लिस, ट्राई टु स्पिक इन इंग्लिस' भन्दै उनले कर्मचारीलाई गाली गर्न थाल्या धेरै भयो।

नगर र नगरबासीलाई युरोपेली उचाइमा पुऱ्याउन अंग्रेजी भाषा अनिवार्य गर्न खोज्या हुन् कि के हो बुझ्न गाह्रो छ। तर, महर्जनको कार्यशैली देख्दा लाग्छ, उनको कार्यकालमा ललितपुर युरोपको कुनै भू-भागझैं बन्छ। तर, धरहराको ठहर छ, अहिलेकै शैलीलाई उनले निरन्तरता दिए भने आफूचाहिँ युरोपेली नागरिकझैं बन्छन् अनि नगर र नगरबासी चाहिँ...।

'के गर्नु, काम गर्न पाइएन हेर्नुस् न मन्त्रालयले अप्ठेरो पाऱ्यो, अहिलेसम्म स्थानीय कानुन बनेन, केन्द्रले पनि उसै गरी दुःख दिएको छ' भन्ने तर्क गर्दै उनले एक वर्ष बिताए। अनि एक वर्षसम्म धेरैपटक चिलगाडीमा विदेश शयर गरेपछि उनका नगरबासीले 'चिलबाबु' समेत भन्न भ्याएका थिए क्यार !

# म्याग्दी मगरलाई उपाधि



काठमाडौं, (नेस)

म्याग्दी मगर समाजले सातौं रनिङ शिल्ड धनुषवाण प्रतियोगिताको उपाधि जितेको छ। १० डोरको खेलमा १ सय १७ अंक जोड्दै म्याग्दी मगर समाजले उपाधि चुमेको हो। कुल १ सय २० अंकका लागि खेलाइएको १० डोरको खेलमा म्याग्दी मगर समाजले ३ अंक गुमाएको थियो। म्याग्दी मगरका जुलुक पुन, कमल पुर्जा, प्रवेश फगामी र हरि पुनले शतप्रतिशत नतिजा निकाल्दै १० डोरमा २० तीरलाई अचुक निशाना लगाएर समान २०/२० अंक जोडेका थिए। दोस्रो स्थानमा रहेको नेपाल छन्त्याल संघले १० निशाना चुकेपछि १ सय १० अंकमा चित्त बुझाएको थियो। त्यस्तै नेपाल-जापान सम्पर्क समितिले तेस्रो स्थान कब्जा गर्दै १ सय ५ अंक जोड्न सफल भयो।

थासाङ स्पोर्टस् क्लबको आयोजनामा सञ्चालन भएको प्रतियोगितामा नेपाल छन्त्याल संघका राजु छन्त्यालले दोहोरो उपाधि जितेका छन्। उनले व्यक्तिगत स्पर्धाको खेलमा कुल १० अंक जोड्दै सर्वोत्कृष्ट धनुषधरको उपाधि जित्दै ३३ हजार ९ सय नगद प्राप्त गरे। उनले टिम स्पर्धामा २० अंक जोड्ने ७ खेलाडीलाई पछि पार्दै विशिष्ट धनुषधरको उपाधि जितेका हुन्।

# विनोद र सागरले पाए मौका

काठमाडौं, (नेस)

विनोद भण्डारी र सागर पुनलाई नेपाली राष्ट्रिय क्रिकेट टोलीमा स्थान दिएपछि दुवैले एसिया कप छनोट खेल्ने मौका पाएका छन्।

शरद् भेषवाकरको औंला भाच्चिएर टोलीबाट अलग हुनुपर्दा उनको स्थानमा सागरलाई ल्याएको हो। नेदरल्यान्डस्मा भएको वानडे सिरिजमा शरद्ले फिल्डिङ गर्ने क्रममा औंलामा चोट बेहोरेका थिए। उनले दोस्रो वानडे खेल्न पाएनन्। नेपाली क्रिकेटका प्रशिक्षक जगत् टमाटाले शरद् चोटबाट मुक्त हुन अझै ४ साता लाग्ने भएकाले उनको स्थानमा अरू खेलाडी लिएको बताएका छन्।

यस्तै शनिबार एसिया कप छनोटका लागि पारस खड्काको कप्तानीमा घोषणा गरिएको १५ सदस्यीय नेपाली टोलीमा विकेटकिपर ब्याट्सम्यान विनोदको पनि पुनरागमन भएको छ। करिब





१ वर्षपछि राष्ट्रिय टोलीमा अटेका विनोदको विस्फोटक ब्याटिङ भएमा नेपालको ब्याटिङ सशक्त हुन सक्ने सम्भावना छ। विनोदले प्रायःजसो खेलमा मध्यक्रममा आएर विस्फोटक ब्याटिङ प्रस्तुत गर्दै आएका छन्।

विनोद र सागरले २०१७ डिसेम्बरमा वर्ल्ड क्रिकेट लिगअन्तर्गत यूएईसँग खेलेयता राष्ट्रिय टोलीमा स्थान बनाउन संघर्ष गरेका थिए। तर, खराब प्रदर्शन भएपछि नामिबियामा भएको डिभिजन-२ मा दुवै खेलाडी टोलीबाट बाहिरिएका थिए।

यस्तै मलेसियामा अगस्ट २९ देखि सेप्टेम्बर ६ सम्म हुने एसिया कप छनोट प्रतियोगिताको खेलतालिकाअनुसार नेपालले पहिलो दिनमै ओमानसँग प्रतिस्पर्धा गर्नेछ। त्यस्तै अगस्ट ३० मा यूएईसँग, सेप्टेम्बर १ मा मलेसियासँग, सेप्टेम्बर २ मा सिंगापुर र सेप्टेम्बर ४ मा हङकङविरुद्ध खेल्नेछ। समूहको शीर्ष टोलीले यूएईमा हुने एसिया कपमा सहभागिता जनाउनेछ।

नेपालले यसैका लागि श्रीलंकामा तीन अभ्यास खेल खेल्नेछ। सोमबार श्रीलंका जाने नेपालले त्यसपछि अगस्ट २७ मा मलेसियामा प्रस्थान गर्नेछ। श्रीलंकामा नेपालले २२ अगस्टमा आर्मी क्रिकेट टिम, २४ अगस्टमा ब्लुमफिल्ड र २६ अगस्टमा कोल्टसँग अभ्यास खेलमा प्रतिस्पर्धा गर्नेछ।

नेपाली टोली: पारस खड्का (कप्तान), ज्ञानेन्द्र मल्ल (उपकप्तान), सुवास खकुरेल, विनोद भण्डारी, सोमपाल कामी, वसन्त रेग्मी, सन्दीप लामिछाने, दीपेन्द्रसिंह ऐरी, करण केसी, ललितसिंह भण्डारी, अनिलकुमार साह, ललितनारायण राजवंशी, सागर पुन, मोहम्मद आरिफ शेख र रोहितकुमार पौडेल। वैकल्पिक खेलाडी: सुशन भारी, सुनील धमला, प्रदीप ऐरी र किशोर महतो।


# वासुदेव बेलारुस प्रस्थान

काठमाडौं, (नेस)

बेलारुसमा हुने १३औं जुनियर तथा ८औं भेट्रान्स जुनियर आईटीएफ तेक्वान्दो विश्व च्याम्पियनसिपमा प्रतिस्पर्धा गर्न नेपालका वासुदेव भट्ट त्यसतर्फ प्रस्थान गरेका छन्।

आगामी १९ देखि २७ अगस्टसम्म बेलारुसको मिनिस्क शहरमा हुने विश्व च्याम्पियनसिपमा वासुदेवले भेट्रान्सतर्फ प्रतिस्पर्धा गर्नेछन्। उनले फाइटतर्फ ९२ केजीमुनि तर्फबाट चुनौती प्रस्तुत गर्नेछन्।

# फेडेरर सेमिफाइनलमा



लन्डन, (एजेन्सी)

विश्व नम्बर दुई रोजर फेडेरर सिनसिनाटी मास्टर्सको सेमिफाइनलमा पुगेका छन्। स्विस खेलाडीले आफ्नै राष्ट्रका स्टारिन्का वावरिन्कालाई ६-७, ७-६, ६-२ ले हराएका हुन्। योसँगै फेडेररको वावरिन्काविरुद्ध जित-हारको रेकर्ड २१-३ भएको छ। चट्याङले गर्दा २१ मिनेटसम्म खेल रोक्नुपरेको थियो। सातपटकको च्याम्पियनले स्थगित खेल पुन सुचारु हुँदा वावरिन्काको सर्भिस ब्रेक गर्दै तेस्रो सेटमा ४-२ ले अग्रता बनाए।

पहिलो दुई सेटमा कठिन सामना गर्नुपरेका फेडेररले तेस्रो तथा निर्णायक सेटमा आफ्नो पुरानो खुबी देखाएका थिए। फेडेररले फाइनल पुग्न बेल्जियमका डेविड गोफिनसँग खेल्नेछन्। गोफिनले अर्जेन्टिनाका हुआन मार्टिन डेल पोट्रोलाई ७-६, ७-६ ले हराउँदै स्तब्ध नतिजा निकालेका थिए।

यस्तै पूर्वनम्बर एक तथा विम्बल्डन च्याम्पियन नोभाक जोकोभिचले मारिन चिलिचसँग अन्तिम चारमा खेल्ने तय गरे। सर्बियाली खेलाडीले सिनसिनाटीमा पाँचपटक फाइनल खेले तर पाँचैपटक हारको सामना गर्नुपरेको छ। उनी सिनसिनाटीमा पहिलो उपाधिका लागि खेल्दै छन्। क्रोएसियाका चिलिचले स्पेनका पाब्लो कारेनो बुस्टालाई ७-६, ६-४ ले हराएका थिए।

यसै गरी महिला सिंगल्सतर्फ शीर्ष वरीयताकी सिमोना हालेपले ४-१ ले पछि परेको स्थिति उल्ट्याएर युक्रेनकी लेसिया सुरेन्कोलाई ६-४, ६-१ ले पन्छाएकी थिइन्। हालेपको यो एकैदिनमा दोस्रो प्रतिस्पर्धा थियो। यसअघि तेस्रो चरणमा उनले अस्ट्रेलियाकी एस्लेग बार्टीलाई पराजित गरेकी थिइन्। रोमानिया खेलाडीले अन्तिम चारमा बेलारुसकी २० वर्षीया खेलाडी आर्यिना साबालेन्कासँग खेल्नेछिन्। साबालेन्काले अमेरिकाकी मेडिसिन किजलाई स्तब्ध तुल्याएकी थिइन्।

यस्तै महिला सिंगल्सको अन्तिम चारमा चेककी पेट्रा किभोटा र हल्यान्डकी किकी बेर्टेन्स पुगेका छन्। सेरेना विलियम्सलाई हराएकी किटोभाले बेल्जियनकी एलिस मेर्टेन्सलाई ७-५, ५-७, ६-३ ले हराइन्। बेर्टेन्सले युक्रेनकी एलिना स्विटोलिनालाई ६-४, ६-३ ले पराजित गरेकी थिइन्।

सवारी चालकका लागि स्वर्णिम अवसर

यस कामना न्यूज पब्लिकेशन्स्का लागि एकजना सवारी चालकको आवश्यकता परेकोले इच्छुक व्यक्तिले तुरुन्तै सम्पर्क राख्न सकिनेछ।

सुविधा

१) घरमा बस्ने व्यवस्था। पानी -बिजुली निःशुल्क।
२) कम्तिमा मासिक रु १५०००/- तलब।
३) श्रीमती हुनेलाई घरमा काम गर्ने अवसर।
४) भान्छा र बगैंचामा काम गर्ने अनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।
५) सवारी चालकको हकमा गाडी सम्बन्धि प्राविधिक ज्ञान भएकालाई विशेष प्राथमिकता दिइनेछ।
६) सवारी चालकका एकजना बच्चालाई कक्षा १० सम्मको छात्रवृत्ति।

सम्पर्क फोन: ४-२६११७९
भीमसेनस्थान, काठमाडौं।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालयः कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोनः ४-२६११७९, फ्याक्सः ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादकः दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादकः पुष्करलाल श्रेष्ठ